सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

२४ औं वर्षमा

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक ०१ ● FRIDAY, 18 MAY 2018 ● काठमाडौं शुक्रबार, जेठ ०४, २० ... ३२ ● मूल्य रु. १५/-






# नेपाली गौरव, नेपाली पौरख

पृष्ठ २३ मा

मध्यपृष्ठमा श्रृंखला




दागरहित
सुन्दरता

पपिनको पोषणले भरिपूर्णजोय पपैया वासले मुहारको कालो धब्बा, चायाँ पोतो आदि घटाउँछ, यसको प्रत्येक वासबाट त्वचा चम्किलो एवं दाग रहित सुन्दर हुन्छ ।

BLEMISH FREE SKIN
FLAWLESS GLOW

www.joycosmetics.com

JOY
PAPAYA WASH
SOAP FREE SOFT CLEANSER
Daily Cleansing Face Wash




*conditions apply

Imported by: SM Enterprises, Kathmandu, Nepal

## YouTube ट्रेन्डिङ

| क्रम | शीर्षक | च्यानल |
|---|---|---|
| १ | सन्दीप लामिछाने | वन इन्डिया हिन्दी |
| २ | मनबिनाको धन | टंक बुढाथोकी |
| ३ | रेस-३ ट्रेलर | सलमान खान |
| ४ | सरर | नेस स्टुडियो |
| ५ | टंक बुढाथोकीले | टिभी नेपाल नेटवर्क |
| ६ | हेब्बुली | गोल्डमाइन्स |
| ७ | बिहेपछि बल्छीको जोडी | आर्टिस्ट खबर |
| ८ | नेपालको झन्डा | न्यूज२४नेपाल |
| ९ | अन्तर्वार्तामा ऋषि | अल इन वन |
| १० | यस्तो देखियो मोदीको | केन्द्रबिन्दु टिभी |

## फोटो अफ दि विक



■ **स्कटल्यान्डमा नेपाली मोडल** : स्कटल्यान्डको ग्लास्गोका व्यवसायिक फोटोग्राफर भिनको लेन्समा नेपाली मोडल कृषा भट्टराई ।



■ **बधाई** : गायिका सुवानी मोक्तानले सुजन श्रेष्ठसँग लगनगाँठो कसेकी छिन् ।

-४० बर्षको हुँदा धेरै पढेका र नपढेका वीच खास फरक हुँदैन, थोरै पढेकोले पनि धेरै पढेकोले भन्दा राम्रै कमाई गरिरहेको हुनसक्छ ।
-५० बर्षको हुँदा सुन्दर र कुरुप वीच खासै फरक हुँदैन, सुन्दरतम ब्यक्तिले पनि अनुहारको चाउरी लुकाउन सक्दैन ।
-६० बर्षको हुँदा उच्च ओहदा र निम्न ओहदा वीच खासै फरक हुँदैन, निवृत्त हाकीमलाई पियनले समेत टेर्न छोड्छ ।
-७० बर्षको हुँदा झुपडी र महलबासी बीच खासै फरक हुँदैन, घुँडा दुखेर मथिल्लो तल्ला नै महाभारत भै दिन्छ ।
-८० बर्षको हुँदा पैसो हुनु र नहुनु बीच खासै फरक पर्दैन, चाहेर पनि खर्च गर्ने ठाऊँ नै भेटिँदैन ।
-९० बर्षको हुँदा निदाउनु र जागा रहनु बीच खासै फरक हुँदैन, ब्युँझिदा पनि केगर्ने भन्ने कुनै भेउ नै हुँदैन ।

त्यसैले सबै चिजलाई सहज रुपमा लिनूस, बुढो हुँदै जाँदा सबै समान हुने हो । कुनै तनाव नलिई सुखी जीवन जीउने प्रयत्न गर्नूस ।



■ **कन्सर्टमा लाखे** : गायक दीपक बज्राचार्यको गीतमा लाखे नृत्य प्रदर्शन गर्दै एक कलाकार ।



■ **इतिहास बन्दै** : तराईका सहरमा इ-रिक्साको प्रचलन बढेपछि यस्ता रिक्सा इतिहास बन्ने क्रममा छन् ।

## साइबर फिडब्याक

**भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणका क्रममा युवा क्रिकेटर सन्दीप लामिछानेको नाम लिँदा धेरै नेपालीलाई गर्व महसुस भयो । यतिबेला सामाजिक सञ्जालमा उनको व्यापक चर्चा छ । नेपाली राष्ट्रिय क्रिकेट टिमका सदस्य सन्दीप भारतीय क्रिकेट क्लब दिल्ली डेयरडेभिल्ससँग आबद्ध भएपछि संसारभर उनको चर्चा गरियो । सन्दीपको खेलको प्रशंसा गर्दै सामाजिक सञ्जालमा भएका केही टीका–टिप्पणी :**

साउन १८, २०५७ सालमा स्याङ्जामा जन्मिएका सन्दीप लामिछाने नेपालबाट आईपीएल खेल्ने पहिलो खेलाडी हुन् । उनलाई पुबुदु दशानायकेले आजभन्दा ३० महिनाअघि चितवनको क्याम्पाचौरबाट राष्ट्रिय टिममा ल्याएका हुन् । सन् २०१६ मा डेब्यु गरेका १७ वर्षका सन्दीप लामिछानेको औसत बलिङ ४ दशमलव ७६ छ ।

**सुजन खनाल**

नेपालका गौरवहरू– उदित नारायण, मनीषा कोइराला, तेरिया मगर र सन्दीप लामिछाने ।

**द टकला**

स्याङ्जामा जन्मिएर पनि लोकसेवा दिन छोडेर क्रिकेट खेल्न थालेका सन्दीप लामिछाने साहसी युवा हुन् ।

**सुष्मा सिग्देल**

मेरो इच्छा पनि अचम्मकै छ बा ! आज सन्दीप लामिछानेको ब्याटिङ हेर्न मन लागेर आयो, हुन्छ त पूरा ?

**टिर्मा**



आईपीएलको डेब्यु खेलमै विकेट लिने को हुन् ? –सन्दीप लामिछाने । यस्तो हेडलाइनवाला समाचार हामीले पनि पढ्न पाइयो नि, सर अनि बोरोहरू ?

**डेजाभु**

हाम्रो राष्ट्रियता कति सस्तो छ है । केही गरी दिल्लीले सन्दीप लामिछानेलाई आईपीएल नखेलाएको भए हाम्रो राष्ट्रवाद कुन भित्तामा पुगेर ठोक्किन्थ्यो होला ?

**उस्ताद**

कसैले भन्छन् बगैंचाको फूल राम्रो,
कसैले भन्छन् आकाशको जुन
मेरा लागि सबैभन्दा राम्रो
सन्दीप नै हुन् ।

**सानी नानी**

सन्दीप लामिछाने, बिमल घर्तीमगरजस्ता धेरै खेलाडीलाई किन 'भाइ' भनेर सम्बोधन गरिन्छ ?

**गौरव**

देशका सेलिब्रिटीहरूलाई पूरा नामले बोलाए नि हुने हो । 'भाइ' मा कुनै आत्मीयता पाइँदैन, अलि होच्याएको हो कि जस्तो लाग्छ ।

**गौरव**

बजारमा नयाँ उखान आएछ–
न्याय चाहिए रवि लामिछाने,
विकेट चाहिए सन्दीप लामिछाने ।

**विवेक**

क्रिकेटमा पर्याप्त लगानी गर, सन्दीप लामिछानेजस्ता दर्जनौं जन्मनेछन् ।

**एलिया**

हामी यस्तो विडम्बनामा छौं कि देशले सन्दीप लामिछाने इन्डियाबाट खेल्ने भो भनेर गर्व गर्नुपर्‍या छ, बाउले छोराको अमेरिकाको भिसा लाग्यो भनेर ठूलो पल्टिनुपर्‍या छ, आमाले छोरी अष्ट्रेलिया गई भनेर सान दिनुपर्‍या छ अनि छोराछोरीले बा कतारबाट आ'छन् भनेर खुसी हुनुपर्‍या छ ।

**गणेश**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244

मंगल होस्

# हाँसोको मुहान खोज्दै जाँदा-३



मनोज गजुरेल

मलाई राम्रोसँग सम्झना छ, हाम्रो देशमा कामका आधारमा मानिसलाई सम्मान गरिन्छ । सेवाग्राहीले पालेलाई तँ, पिउनलाई तिमी, खरदारलाई तपाईं तथा हाकिमलाई हजुर भनेको मेरै कानले सुनेको छु । कर्मचारीहरूले पनि सेवाग्राहीलाई उसको लवाइखवाइका आधारमा तँ, तिमी, तपाईं भन्छन् । यद्यपि यहाँ सबैलाई एउटै सम्बोधन गरेको सुन्दा अचम्मै लाग्यो । 'के खानुहुन्छ रे ?' अर्को सिटमा बस्ने यात्रुले सोधे । मैले भनें, 'मासुभातको कति पर्छ ?' उनी अलि जान्ने परेछन्, भने 'फ्री हो फ्री ।' मैले भनें, 'भेज दिनु ।' मैले दाम सोध्नुको कारण के थियो भने यसअघि मेरो मामाको छोरा कतार गएको थियो ।

म ब्युँझन्छु । एयर होस्टेसले गाडी गुडाउँदै मेरो नजिक ल्याइपुर्‍याइन् । 'सर, चिकेन दिऊँ कि मटन ?' सुरुमा त मैले केही बुझिनँ । किनभने सुकिला-मुकिलाहरू मलाई पहिलो पटक 'तपाईं' भन्दै थिए । मलाई मात्र होइन, प्लेनका सबै यात्रुलाई उनी मीठो मुस्कानसहित तपाईं भन्दै थिइन् । मलाई विश्वासै भएन कि उनले मसँगै उक्त प्रश्न सोधेकी हुन् ।

मलाई राम्रोसँग सम्झना छ, हाम्रो देशमा कामका आधारमा मानिसलाई सम्मान गरिन्छ । सेवाग्राहीले पालेलाई तँ, पिउनलाई तिमी, खरदारलाई तपाईं तथा हाकिमलाई हजुर भनेको मेरै कानले सुनेको छु । कर्मचारीहरूले पनि सेवाग्राहीलाई उसको लवाइखवाइका आधारमा तँ, तिमी, तपाईं भन्छन् । यद्यपि यहाँ सबैलाई एउटै सम्बोधन गरेको सुन्दा अचम्मै लाग्यो ।

'के खानुहुन्छ रे ?' अर्को सिटमा बस्ने यात्रुले सोधे । मैले भनें, 'मासुभातको कति पर्छ ?' उनी अलि जान्ने परेछन्, भने– 'फ्री हो फ्री ।' मैले भनें, 'भेज दिनु ।' मैले दाम सोध्नुको कारण के थियो भने यसअघि मेरो मामाको छोरा कतार गएको थियो । उसले प्लेनमा पानी पनि किनेर खानुपर्छ भनेको थियो । सौभाग्य, यसमा पैसा लाग्दो रहेनछ ।

खाना खाँदै सहयात्रीसँग गफ गर्न थाले । उसले आफ्नो अनुभव सुनायो, 'यसअघि छुट्टीमा आउँदा पानीसमेत किन्नुपर्ने टिकट थियो ।' उसका अनुसार, धेरैजसो प्लेनको टिकट पनि कम्पनीले नै तिर्छ, तर म्यानपावरहरूले त्यसलाई लुकाउँछन् अनि टिकट हामीलाई किन्न बाध्य बनाउँछन् । 'त्यसो भए यसपटक हामी भाग्यमानी परेछौं, कम्तीमा खाना त फ्रीमा खाइयो ।' उनले भने, 'केको फ्री हुन्थ्यो, टिकटमै मिलाएर लिइएको हुन्छ ।'

एकछिनपछि फेरि एयरहोस्टेज आइन्, 'चिया, कफी, कोक, फ्यान्टा, बियर, वाइन के लिनुहुन्छ सर ?' मैले चिया मागें । साथीले कोक पियो । एकछिनमा उनी फेरि भाँडाकुँडा लिन आइन् । हाम्रो पछाडि बस्नेले जिस्क्यायो, उनी मुसुक्क हाँसिन् । अर्कोले गाली गर्‍यो, उनी सरी सर भन्दै गइन् । अर्कोले दोहोर्‍याई-तेहेर्‍याई ड्रिंक्स माग्यो, तर उनमा कुनै झिंझोपन थिएन । अरू रिसाउँदा पनि, जिस्क्याउँदा पनि, गाली गर्दा पनि जवाफमा उनि हँसिलो अनुहारमा हुन्थिन् ।

ती बैनीलाई देखेर लाग्यो, उनी जहाजभित्रकी आमा हुन् । आफ्ना सन्तानलाई सकेसम्म खुसी राख्न चाहन्छिन् । जस्तै पिर भए पनि बाहिर देखाउँदिनन् । जतिसुकै पीडा भए पनि आफूभित्रै लुकाउँछिन् । सबै यात्रुलाई बराबर सम्मान गर्छिन् । साँच्चै भनौं भने हाम्रा नेताहरूले भनेजस्तो 'समाजवाद' त जहाजभित्र रहेछ ।

खानपिन सकियो । सबै जना आ-आफ्ना काममा लागे । कोही फिल्म हेर्न, कोही गफ गर्न, कोही मोबाइल खेलाउन त कोही सुत्न थाले । म पनि निदाउने प्रयासमा लागे तर मनमा घरको यादबाहेक केही आउँदैन । सोच्छु– कसले मलाई बाबु, चिया खान उठ् भन्ला ! को आउला बाबा चकलेट दिनु भन्दै ! कसले फोन गर्ला घर कतिखेर आउने भनेर ।

मलाई देख्नासाथ कराउने बाखाको पाठो विदेशमा हुँदैन अब । मेरो अभावमा आँगन कुरेर पर्खने काले कुकुर पनि त्यहाँ हुँदैन । माली गाईले मलाई बाहेक अरूलाई छुन दिदैनथ्यो, कसले दुहने होला उसलाई । यस्तै-यस्तै अनेक कुरा खेलाउँदै निदाउने प्रयास गर्दै थिएँ, कतिबेला निदाएछु पत्तै पाइनँ ।

ब्युँझदा जहाजभित्र अँध्यारो थियो । अधिकांश निदाएका थिए । पछाडि फर्किएर हेरे, कुनै-कुनै सिटमा उज्यालो थियो । अगाडितिरका केही सिट पनि उज्याला थिए । त्यहाँका यात्रुचाहिँ टोलाएर बसिरहेका देखिन्थे । मलाई लाग्यो, तिनीहरूको मनमा मेरो भन्दा पनि ठूलो सोचाइको नदी बगिरहेको होला । मेरो भन्दा पनि बढी दुःखद् कथा होला, व्यथा होला । उनीहरूलाई देखेपछि मलाई लाग्यो, जीवन संघर्षको यो यात्रामा म एक्लो छैन । हजारौं मानिस छन् अनि म आफूले आफैंलाई सम्हाल्दै वैदेशिक यात्राका रमाइला पाटाहरूको कल्पना गर्न थालें.... ।

सूचना र मनोरञ्जनको संगालो साप्ताहिक saptahik.ekantipur.com

## २४ औं वर्षमा साप्ताहिक

**यो अंकसँगै साप्ताहिक २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको छ । साप्ताहिक आफ्ना पाठकहरूको रुचिअनुसार समयसापेक्ष परिमार्जित हुँदै अहिलेको अवस्थासम्म आइपुगेको हो । २४ औं वर्ष प्रवेशका अवसरमा हामी साप्ताहिकलाई थप परिमार्जन गर्दै अघि बढ्ने विश्वास दिलाउन चाहन्छौं । बितेका २३ वर्षमा हामीलाई साथ दिनुहुने समस्त पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूले आगामी दिनहरूमा पनि हामीप्रतिको स्नेह कायम राख्नुहुनेछ भन्ने अपेक्षा गर्दछौं ।**

**साप्ताहिक परिवार**
**कान्तिपुर पब्लिकेशन्स**

युवा मन

# चप्पलको कथा



सुविन भट्टराई

हजुरबाले सुनाइरहेको चप्पलको कथा सकियो । मैले कथा खासै बुझिनँ । बुझ्ने मेरो उमेर पनि थिएन, तर कथा भने मेरो मस्तिष्कमा छापिएर बसेको थियो । हजुरबालाई कुनै दिन सोध्छु भन्ने थियो । करिब दस वर्षपछि म हजुरबालाई भेट्न गाउँ गएँ । त्यतिबेलासम्म मेरो विवाह पनि भैसकेको थियो । हजुरबासित कैयौं भेट भए पनि सोध्ने मेलो पाएको थिइनँ । घर पुग्दा हजुरबा बूढो खोकी खोक्दै आफ्नै कोठाको खाटमा पल्टिरहनुभएको थियो । त्यो दिन मैले हजुरबालाई भनें, 'हजुरबा त्यो चप्पलको कथा मैले केही बुझेको थिइँन ।' जुरुक्क उठेर हजुरबाले शिरानीमुनिबाट एउटा तस्बिर निकाल्दै देखाउनुभयो ।

हजुरबुवाहरू कथाका खानी हुन्छन् । पहिले हामी सबै गाउँमै बस्थ्यौं । गाउँमा हुँदा म हजुरबुवाको छेउमा लुटपुटिँदै कथा सुन्थें । मलाई कथा नसुनाई न हजुरबा सुत्न सक्नुहुन्थ्यो न म हजुरबाको कथा नसुनी निदाउन सक्थें । राजकुमार र राजकुमारीका कथाहरू । तारा र जूनका कथाहरू । राजा, घोडा अनि हात्तीका कथाहरू ।

एक दिन हजुरबाले मलाई चप्पलको कथा सुनाउनुभयो । अनौठो लाग्यो मलाई । चप्पलको पनि कुनै कथा हुन सक्छ ?

हुँदो रहेछ त । हजुरबाले सुनाउनुभएको चप्पलको कथा यस्तो थियो ।

एकादेशमा एक जोडी चप्पल थिए । उनीहरू पसलको शोकेसमा पनि सँगै थिए । दुवै अलग-अलग खुट्टालाई बोकेर हिँडे पनि सँगसँगै हुन्थे । देब्रे चप्पल दाहिनेलाई हेरेर मुस्कुराउँथ्यो । दाहिने चप्पल देब्रेलाई हेरेर मुस्कुराउँथ्यो । कतै घर बाहिर खोलिँदा पनि सँगसँगै हुन्थे । वर्षातमा पानीमा छप्प्याङ्ग गर्न पाउँदा तिनीहरू खुसीले उफ्रिन्थे । हिउँदमा धूलो उडाउन पाउँदा पनि ती मखलेल हुन्थे । कतै देह नै पगाल्छ कि झैं लाग्ने घामले पोल्दा पनि उनीहरू दुःखी हुँदैनथे ।

खुट्टाहरू जसलाई बोकेर ती चप्पल किलोमिटरौं हिँड्थे, घरबाहिर छाडिँदा अलिकति दुरी बढ्यो भने पनि खुट्टाहरूले तिनलाई टँस्याएर एकैठाउँमा राखिदिन्थे । कुनै एक एकैछिन घोप्टिँदा कसैले आएर सुल्ट्याइदिहाल्थे ।

कहिलेकाहीं कुनै मन्दिरबाहिरको भीडमा भने चप्पलको जोडी तितरबितर हुन्थ्यो । दाहिने चप्पल देब्रे चप्पलको चिन्ताले व्यग्र हुन्थ्यो । देब्रे चप्पल पनि दाहिनेलाई चिन्तित हाउभाउमा खोजिरहेको हुन्थ्यो ।

कहिल्यै नअलगिइकन चप्पलहरूले यस्तै लामाछोटा यात्रा गरिरहे ।

बडो प्रसन्न मुद्रामा दाहिने चप्पल देब्रे चप्पललाई भन्थ्यो, 'हामी कति भाग्यमानी ? हर ठाउँमा, हर यात्रामा सँगै हुन पाउँछौं । हर क्षण एक-अर्कालाई हेरिरहन पाउँछौं ।'

देब्रे चप्पल लाज र खुसीले मिश्रित हाउभाउमा भन्थ्यो, 'हो त, सधैं उत्तिकै रफ्तारमा, कहिले थोरै तिमी अघि, कहिले थोरै तिमी पछि, तर पनि सँगसँगै ।'

तर सधैं उत्तिकै त के हुन्थ्यो र ?

दुवै चप्पल खिइँदै गए ।

एकदिन खिइएको दाहिने चप्पलभित्र किल्ला घुसेर पाइतालामै गढ्यो । दोष सबै दाहिने चप्पलले खायो । एकदिन देब्रे चप्पलको फित्ता चुँडियो । फित्ता फेरिए पनि उसले मज्जैले गाली पायो ।

चप्पलहरू दुब्लाउँदै गए । दाहिनेमा बढी चाप परेर होला एकदिन त्यो चरक्क चर्कियो । त्यो देखेर दाहिने भन्दा देब्रेकै छाती बढी चर्कियो ।

त्यत्रो समय बोकेर हिँडेको पाइताला माथिका हातले एकदिन त्यसलाई रिसकै झोंकमा पिटिक्कै भाँचिदियो । बिचरो देब्रे चप्पल उक्त दृश्य टुलुटुलु हेरिरहन विवश भयो । यतिका समयको सहयात्री अब उसको जीवनमा थिएन । उसलाई रुन मन लाग्यो । उसको हृदय छियाछिया भयो । भन्न मन थियो उसलाई, मलाई पनि भाँचिदेऊ त्यसरी नै ।

यद्यपि उसलाई कसैले भाँचेन । प्रयोगहीन भैसकेपछि त चप्पलहरूको जोडी सँगै छन् कि छैनन् भनेर पनि कसैले चासो दिँदो रहेनछ । देब्रे चप्पल बेवारिसे भएर आफ्नो दुनियाँमा कतै छाडियो । दाहिने चप्पल पूरै निकम्मा भएर कतै फालियो ।

०००

हजुरबाले सुनाइरहेको चप्पलको कथा सकियो । मैले कथा खासै बुझिनँ । बुझ्ने मेरो उमेर पनि थिएन, तर कथा भने मेरो मस्तिष्कमा छापिएर बसेको थियो । हजुरबालाई कुनै दिन सोध्छु भन्ने थियो ।

करिब दस वर्षपछि म हजुरबालाई भेट्न गाउँ गएँ । त्यतिबेलासम्म मेरो विवाह पनि भैसकेको थियो । हजुरबासित कैयौं भेट भए पनि सोध्ने मेलो पाएको थिइनँ ।

घर पुग्दा हजुरबा बूढो खोकी खोक्दै आफ्नै कोठाको खाटमा पल्टिरहनुभएको थियो ।


त्यो दिन मैले हजुरबालाई भनें, 'हजुरबा त्यो चप्पलको कथा मैले केही बुझेको थिइँन ।'

जुरुक्क उठेर हजुरबाले शिरानीमुनिबाट एउटा तस्बिर निकाल्दै देखाउनुभयो, 'यो तेरी हजुरआमा हो, दाहिने चप्पल, जो धेरै पहिले खिइएर भाँचिई अनि यो तेरो अघि खोक्दै, लठ्ठी टेक्दै हिँड्ने बूढो जो छ, त्यो देब्रे चप्पल । हिँड्दा हिँड्दै बाटोमा बाटोकै किनारतिर बिना जोडी एक्लै झोक्राएर बसेको देखेको होलास् नि कैयौं चप्पलहरू, त्यस्तै ।'

मेरो आङ सिरिङ्ग भयो ।

त्यो दिन मैले चप्पलको कथा महसुस गरे । सहर फर्किएपछि मैले आफ्नी श्रीमतीलाई अँगालो हाल्दै भनें, 'चप्पल मात्र होइन प्रिय, मान्छे पनि जोडीमै पूर्ण हुँदो रहेछ । एउटा नरहेपछि त अर्को पनि नरहे बराबर हुने रहेछ ।'

यात्रा सन्दर्भ



किशोर नेपाल

# २४ वर्षे साप्ताहिक


सबैको लागि सम्पूर्ण पत्रिका
साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स प्रा.लि.
SAPTAHIK, Nepali National Weekly, Friday, May 19, 1995
क तपाईंलाई थाहा छ
मुलुक राजनीतिक संकटतर्फ बढिरहेको संकेत
सरकार विरोधी गतिविधिमा तीव्रता
अदालतको काममा हस्तक्षेप हुन नहुने
क अराजकताविरुद्ध विद्यार्थीहरू आन्दोलनमा
एमाले-राप्रपा गठबन्धनको तयारी
गाईड विवाद सुनियोजित ?
आकर्षण

> मैले व्यवस्थापनमा आफ्नो प्रस्ताव लगें। छलफल सुरु भयो। अनेकन् तर्क आए। कम्पनीले यस्तो पत्रिका निकाल्न थालेपछि स्थानीय प्रकाशनहरूको रोषको सामना गर्नुपर्ने कुरा उठ्यो। छलफलका क्रममा ती तर्कहरू निरस्त भए। पत्रिकाको नामको खोजी हुँदा मैले नै सुझाएँ "साप्ताहिक"। सबै कुरा जुट्यो। कम्पनीले बहुरंगी छापाखाना ल्याएकाले त्यसको चिन्ता थिएन। अब चिन्ता थियो सम्पादन र उत्पादनको। यही बेला मैले सुवास ढकालसँग कम्पनीको योजनाका सम्बन्धमा कुरा गरें। उसलाई आफैं कार्यकारी सम्पादकको हैसियतले काम गर्न मानसिक रूपले तयार गराएँ।

यो साता २४ वर्षमा टेक्दैछ 'साप्ताहिक'। कुनै पनि पत्रिकाले समयको एउटा अन्तराल पूरा गर्नु खासै ठूलो कुरा होइन, तर साप्ताहिकका पक्षमा यो निकै ठूलो विषय हो। नेपाली समाज आज पनि आधुनिकतामा राम्रोसँग फक्रिन सकेको छैन। २३ वर्षअघिको समाजको परिकल्पना गरौं, जुन समयमा पत्रकार मात्र होइन, ठूला उद्यमी-व्यवसायीहरू समेत 'पेजर' बोकेर हिंड्थे। घरको ल्यान्डलाइन फोनमा प्राविधिक सुधार गरेर ह्यान्ड्स फ्री बोकेर हिंड्थे। सञ्चारको महत्व बढ्दो थियो। व्यवसायसँग जोडिएको थियो सञ्चार, तर प्रविधि महँगो थियो। यस्तैमा एकाबिहानै काठमाडौंको बजारमा हाते फोन देखा पर्‍यो। नोकिया थियो त्यसको नाम। डिजाइन थिए थरी-थरीका। डिजाइन जस्तो भए पनि त्यो फोन बोक्नु नै सानोतिनो गौरव हुन्थ्यो।

त्यतिबेला काठमाडौंमा नयाँ हलचल थपिएको थियो। 'कान्तिपुर' तथा 'दि काठमाडौं पोस्ट' को प्रकाशन नेपालको समाचार संसारमा साँच्चै ठूलो हलचल थियो। पहिलो त यसले सूचना र समाचारमाथि सरकारी एकाधिकारको अन्त्य गरेको थियो। दोस्रो, नेपालको निजी क्षेत्र पनि ठूलो लक्ष्यसहित समाचारपत्र प्रकाशन गर्न सक्षम छ भन्ने सन्देश दिएको थियो। त्यतिबेला देशमा समाचारपत्र नै नभएका होइनन्। टेब्लोइड आकारमा झन्डै डेढ दर्जन दैनिक समाचारपत्र र पाँच-सात दर्जन साप्ताहिक समाचारपत्रहरूको नियमित प्रकाशन भैरहेको थियो, तर ती व्यक्तिगत प्रयत्नका आधारमा चलेका थिए। संस्थागत भन्ने त्यस्तो केही थिएन। देशमा प्रजातन्त्रको पुनर्स्थापना भएको थियो। संसदीय प्रजातन्त्र सक्रिय भएको थियो, तर धेरैजसो कानुन असरल्ल थिए। नयाँ संविधानले समाचारपत्र र त्यसको छापाखानालाई बन्द गर्ने पुराना ऐन-नियमको प्रचलनको अन्त्य गरेर प्रेसलाई सार्वभौम स्वतन्त्रता दिएको थियो। यो सैद्धान्तिक पक्षबाहेक अरू व्यवहारिक पक्षहरू त अहिलेसम्म मिलिसकेका छैनन्।

कान्तिपुर र दि काठमाडौं पोस्ट प्रकाशन भएको अल्पसमयपछि नै यसको स्वामित्व र प्रकाशनको जिम्मेवारी दुई युवा उद्यमी कैलाश सिरोहिया र विनोद ज्ञवालीले लिए। त्यसपछि कम्पनीको विस्तार सुरु भयो : थापाथलीबाट कम्पनीको कार्यालय बानेश्वरमा सारियो। त्यसपछि आयो, प्रकाशन विस्तारको योजना। कान्तिपुर र काठमाडौं पोस्टका सम्पादक थिए– मेरा मित्र योगेशराज उपाध्याय। म थिएँ समाचार संयोजक। लामो समय स्थानीय दैनिक र साप्ताहिक पत्रिकाहरूमा काम गरेको मेरो जिब्रोमा त्यसको स्वाद गढेको थियो। राजनीतिक पत्रपत्रिकाहरू त छताछुल्ल थिए, तर पाठकको रुचिअनुसारको ज्ञान र मनोरञ्जनको मिश्रण भएका पत्रपत्रिका थिएनन्। मेरो दृष्टि त्यही खाली रहेको स्थानमा थियो।

मैले व्यवस्थापनमा आफ्नो प्रस्ताव लगें। छलफल सुरु भयो। अनेकन् तर्क आए। कम्पनीले यस्तो पत्रिका निकाल्न थालेपछि स्थानीय प्रकाशनहरूको रोषको सामना गर्नुपर्ने कुरा उठ्यो। छलफलका क्रममा ती तर्कहरू निरस्त भए। पत्रिकाको नामको खोजी हुँदा मैले नै सुझाएँ– 'साप्ताहिक'। सबै कुरा जुट्यो। कम्पनीले बहुरंगी छापाखाना ल्याएकाले त्यसको चिन्ता थिएन। अब चिन्ता थियो– सम्पादन र उत्पादनको। यही बेला मैले सुवास ढकालसँग कम्पनीको योजनाका सम्बन्धमा कुरा गरें। उसलाई आफैं कार्यकारी सम्पादकको हैसियतले काम गर्न मानसिक रूपले तयार गराएँ। सहयोगी साथीहरूको खोजी भयो। संयोजनका यी सबै कुरामा सुवास रात-दिन खट्यो। हामीले रातारात स्थायी स्तम्भहरूको नाम चयन गर्‍यौं। कुन पाठकका लागि कस्ता सामग्री दिने जस्ता निर्णय गर्नु आवश्यक थियो। पूर्व काँकडभित्तादेखि पश्चिम गड्डा चौकीसम्मका युवा पाठकहरूको मन जित्ने सामग्री संयोजन गर्नु ठट्टा थिएन।

यो सबै जिम्मा सुवासको काँधमा राखिदिएपछि म ढुक्क भएको थिएँ। सुवासमा एउटा उत्तम गुण छ। ऊ आफ्नो सम्पादन कार्यमा अत्यधिक सतर्क रहन्छ। तैपनि यो काम नै यति सामूहिक र यति झन्झटिलो छ कि कुनै कुनै बेला कहीं न कहीं केही भैहाल्छ।

म अन्य काममा लागेको थिएँ। कान्तिपुर दैनिकको समाचार संयोजकका रूपमा मेरा दायित्व त छँदै थिए। त्यतिबेलाको समय राजनीतिक हिसाबले निकै उथल-पुथलको थियो। एमालेले अल्पमतको सरकार बनाएको थियो। सरकार संसद् भंग गरेर मध्यावधि निर्वाचन गराउने पक्षमा देखिएको थियो। त्यसका विरुद्ध कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए।

सुवासको व्यवसायिक रुचि राजनीतिक समाचारमा थियो। एक दशकभन्दा बढी समय देशान्तर, सुरुचि, स्वतन्त्रता र जन-स्वतन्त्रताजस्ता संस्थामा राजनीतिक पत्रकारितामा बिताएको एउटा जल्दोबल्दो युवकका लागि नयाँ ढंगको साप्ताहिकको निर्माण र परिष्कार साँच्चै ठूलो चुनौती थियो। सुवासले यो चुनौती पार मात्र गरेन, साप्ताहिकलाई अहिलेको फ्रेम र फर्म्याटमा ल्याउन धेरै ठूलो योगदान दिएको छ। पछि त झन् उसको काँधमा 'नारी' सम्पादनको अभिभारासमेत थपियो। यी अभिभाराहरूले उसलाई थिचेको छैन। चुनौतीहरूको बीचमा ऊ झन्-झन् रमाएको छ।

## प्रतिक्रिया




प्रहरीका उच्च अधिकारी, व्यापारी तथा नेताहरूसँग साँठगाँठ नभै गोरे यो अवस्थासम्म आइपुग्दैनथे (फ्रन्टपेज : सुरा, सुन्दरी र सुन)। कसैको संरक्षणबिना यस्तो धन्दा चलाउन असम्भव छ।
**सुशान्त कार्की**

विदेश जाने भिसा लगाउन पनि विदेश नै पुग्नुपर्ने हाम्रो नियति छ (सपना, पोल्यान्ड र दिल्ली)। प्रदीपजीले आमनेपाली युवाको कथा बुन्नुभएको छ। मार्मिक अनुभूतिले मन छोयो।
**वसन्त विवस**

अधिकांश नेपालीको समस्या यस्तै हो (मंगल होस् : हाँसोको मुहान खोज्दै जाँदा)। ऋण लिएर विदेश गए पछि ब्याज तिर्दै ठिक्क हुन्छ। नेपालमा रोजगारी सिर्जना नभएसम्म नेपालीहरूले यस्ता क्षण भोगिरहनुपर्नेछ।
**भूपेन्द्र गेलाल**

नेपालका सुन्दर पदयात्रा गन्तव्यसम्बन्धी समाचार पढेपछि लामो बिदा लिएर घुम्न जाऊँ-जाऊँ जस्तो भयो (घुमघाम : पदयात्राको रोमाञ्च)। नेपालमा घुम्नलायक सुन्दर ठाउँ धेरै छन्।
**सञ्जय पौडेल**

हामी सबैको चाहना नै यही हो (मुक्त आकाश : हामी एक हुनैपर्छ)। देश बनेपछि हामी सबै अवश्य बन्छौं। हाम्रो ऊर्जा, समय र शक्ति देश बनाउन लाग्नुपर्छ।
**भानु जोशी**

सुन्तलाका लागि धनकुटा जति प्रख्यात छ, त्यसरी नै अरू ठाउँ पनि कुनै न कुनै कुराका लागि प्रख्यात छन् (धनकुटामा ओरेन्ज सिटीको अवधारणा)। कुनै उत्पादन र विशेष कुराका लागि परिचित ठाउँहरूको यसरी नै प्रवर्द्धन गर्नुपर्छ।
**प्रकाश अधिकारी**

अखिल नेपाल फुटबल संघ (एन्फा) को अध्यक्षमा निर्वाचित कर्मा छिरिङ शेर्पालाई बधाई (पाँच प्रश्न)। तपाईंको कार्यकाल सफल होस्।
**दिपक श्रेष्ठ**

हत्यामा संलग्न व्यक्तिहरूले कुनै पनि हालतमा उन्मुक्ति नपाऊन् (अपराध : सनमलाई रुखमा बाँधेर गोरेले....) तस्करीको जालो जतिसुकै ठूलो भए पनि तोड्नैपर्छ ताकि तस्करीमा लाग्नेहरू हतोत्साहित हुन्।
**जीवन रावत**

बलिउडका चर्चित सेलिब्रिटीहरू नेपाल आउनु राम्रो हो (अन्तर्वार्ता : नेपालको अविस्मरणिय यात्रा गर्ने मन छ)। नेपाललाई चिनाउन यस्ता कार्यक्रमले मद्दत पुऱ्याउँछन्।
**शोभित बानियाँ**

यो त राम्रो नमुना हो (यस्तो पो मित्रता)। औपचारिक सम्बन्ध छुटे पनि मित्रता कायम राख्न सक्नु ठूलो कुरा हो।
**विवेक ज्ञवाली**

रिमालाई सबै कुराले साथ दिएको छ (अमेरिकामा रिमा)। यही क्षेत्रलाई निरन्तरता दिने हो भने उनी पक्कै सफल हुनेछिन्।
**अमित पोखरेल**

अञ्जु र प्रमोद दुवैलाई बधाई छ (नेपाल म्युजिक एवार्डमा अञ्जु र प्रमोद उत्कृष्ट)। श्रोताहरूको मनमा बस्न सफल गीतहरू दिनुहोला।
**आदर्श दंगाल**

अशोकजस्ता प्रतिभालाई स्कुलले निःशुल्क शिक्षा दिने जुन निर्णय गर्‍यो, त्यो प्रशंसनीय छ (रातारात हिट अशोक)। यस्ता प्रतिभालाई सबैले सहयोग गर्नुपर्छ।
**आनन्द अधिकारी**

सुगमको सांगीतिक यात्रा सफल होस् (सांगीतिक यात्रामा सुगम)। परदेशमा रहेका नेपालीहरूको सांगीतिक तिर्सना मेट्ने प्रयास गर्नुहोला।
**तिलक प्रसाँइ**

यो डिभाइस काम लाग्ने खालको रहेछ (हार्ट एट्याकको पूर्वजानकारी दिने डिभाइस)। चाँडै बजारमा आओस्।
**अमिर शर्मा**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook
facebook.com/kantipursaptahik



तस्बिर : नवराज बाले

# नेपाल फर्कन आँट र सीप हुनुपर्छ

मध्यतराईको बारा जिल्लामा जन्मिएका हुन्- अमर साह । २२ वर्षीय साहले फिजिक्स लिएर सेन्ट जेभियर्सबाट प्लस टु सके । उनलाई त्यतिबेला पाइलट बन्न मन थियो, तर उनको प्लस टु नसकिँदै भएको एउटा हवाई दुर्घटनापछि परिवारले उनको पाइलट बन्ने सपनामा लगाम लगाइदियो । उड्ने सपना पूरा नहुने देखेपछि उनी एरोनोटिकल इन्जिनियरिङ अध्ययन गर्न बैंगलोर गए । यद्यपि आफ्नो रिजल्टमा भएको सानो गल्ती सच्याउन महिनौं लाग्ने भएपछि उनले एडमिसनको अवसर गुमाए । त्यहाँबाट उनी स्वदेश फर्किए अनि त्यसपछि एक वर्ष ग्याप भयो । सुरुमा अमेरिका जान चाहन्थे उनी, तर भिसा पाएनन् । सन् २०१३ को अक्टोबरमा उनी सिड्नीको भिक्टोरिया युनिभर्सिटीमा आइटी पढ्न भनेर अस्ट्रेलिया उडे, तर तीन महिनामै उनले त्यसलाई बिजनेसमा चेन्ज गरे । उनले भिक्टोरियाबाटै बिजनेसमा स्नातक गरे । आमा र दाजुलाई प्रेरणाको स्रोत मान्ने अमर सन् २०१७ मा नेपाल फर्किए अनि ३ करोडको लगानीमा पिपुल्स प्लाजामा केकेएफसी रेस्टुराँ स्थापना गरे, जसमा अहिले १८ जनाले रोजगारी पाएका छन् । उनको रेस्टुराँमा रोबोटबाट खाना सर्भ गर्ने प्रविधि प्रयोग गरिएको छ । साह आगामी ५ वर्षभित्रमा १ सय करोड लगानी गर्ने सपना देखिरहेका छन् । कलिलै उमेरमा ठूलो व्यवसायिक सपना साँचिरहेका साहसँग साप्ताहिकको कुराकानी :

**नेपाल फर्कने निर्णय कसरी गर्नुभयो ?**

गाह्रो थियो । त्यहाँ गएर काम गर्न थालेको पाँच वर्ष भैसकेको थियो । पढाइ सकिएको थियो भने खोजेर पनि नपाइने खालको जागिर थियो मसँग ।

**कस्तो जागिर गर्नुहुन्थ्यो ?**

सुरुवात त मैले सामान्य कामबाटै गरेको हुँ । नेपाल फर्कने बेला म रिटेल कम्पनीमा सर्भिस म्यानेजरको काम गर्थे । वार्षिक ८५ हजार अस्ट्रेलियन डलर तलब थियो जुन नेपालको झन्डै ७०-७५ लाख रुपैयाँजति हुन आउँछ ।


**त्यस्तो आकर्षक जागिर छाडेर नेपाल फर्कनुको कारण ?**

सबै जना युरोप, अमेरिका जान्छन् र धेरैजसो त्यहाँकै हावापानीमा हराउँछन् । त्यसरी हराउनु स्वभाविक पनि हो, विश्वस्तरीय सुविधा छ, सरसफाइ छ । भनेको सबै कुरा पाइन्छ, तर म नेपालमै केही गर्न चाहिरहेको थिए । अस्ट्रेलिया पुगेदेखि नै म रिसर्च गरिरहेको थिएँ । नेपालमा मैले धेरै अवसर देखें । नेपाल सधैंभरि यस्तै रहिरहने पनि होइन, बिस्तारै विकास पनि भैरहेको छ । मैले अहिले जुन कुरा सोचिरहेको छु, मैले गरिनँ भने अबको पाँच वर्षमा अरू कसैले गर्छ ।

पृष्ठ ७ मा






## ओपेरा टच

स्मार्टफोन प्रयोगकर्ताहरूले अब नयाँ ब्राउजरका रूपमा ओपेरा टच प्रयोग गर्न सक्छन्। अहिलेसम्म मोबाइल ब्राउजर प्रयोग गरी इन्ट्याक्सन र नेभिगेसन गर्दा दुवै हात प्रयोग गर्नुपर्ने बाध्यता छ, तर ओपेरा टचलाई एक हातले नै चलाउन सकिने गरी डिजाइन गरिएको छ। यसमा सीधै सर्च गर्न सकिन्छ। यसमा एकै हातले टाइप गर्न, भ्वाइस सर्च गर्न तथा क्युआर कोड र बारकोड तयार गर्न सकिन्छ। यसलाई डेस्कटपको ओपेरा ब्राउजरसँग कनेक्ट गर्न पनि मिल्छ। ओपेरा टचमा बिल्ट इन एड ब्लकर, हेप्टिक फिडब्याक तथा क्रिप्टोकरेन्सी माइनिङ प्रोटेक्सन जस्ता फिचरसमेत उपलब्ध छन्। यो ब्राउजर आइओएस र एन्ड्रोइड दुवैमा निःशुल्क प्रयोग गर्न सकिन्छ।

## एन्ड्रोइड पी

गुगलले एन्ड्रोइड 'पी' को बिटा भर्सन सार्वजनिक गरेको छ। गुगलले प्रत्येक वर्ष गर्ने डेभलपर कन्फ्रेन्समा यसलाई सार्वजनिक गरेको हो। यसमा विभिन्न नयाँ फिचर उपलब्ध छन् भने यसका कतिपय फिचर आइफोन एक्ससँग मिल्दाजुल्दा छन्। यसको नोटिफिकेसन प्यानल आइफोन एक्सको जस्तै छ अर्थात् माथिबाट तलतिर स्वाइप गर्दा आइफोन एक्स चलाएजस्तै हुन्छ। गुगलले एन्ड्रोइड पीलाई सबैभन्दा पहिले विभिन्न ११ स्मार्टफोनमा उपलब्ध गराउने कुरा बताएको छ। एन्ड्रोइड पीले स्मार्टफोनको ब्याट्री ब्याकअप बढाउनुका साथै प्रयोगकर्ताका लागि कुन सफ्टवेयर उपयुक्त छ भन्ने सुझाव समेत दिनेछ।





## माइक्रोसफ्ट मिटिङ रुम

माइक्रोसफ्टले भविष्यको मिटिङ रुमका लागि नयाँ अवधारणा सार्वजनिक गरेको छ। माइक्रोसफ्टले आफ्नो वार्षिक डेभलपर कन्फ्रेन्स 'बिल्ड-२०१८' मा यसलाई सार्वजनिक गरेको हो। उक्त अवसरमा माइक्रोसफ्टले अन्य विभिन्न नयाँ प्रविधिका बारेमा समेत जानकारी प्रदान गरेको थियो। विभिन्न व्यक्तिहरूका बीचमा गरिने मिटिङलाई सहज बनाउन 'भविष्यको मिटिङ रुम' लाई पहिलो पटक सार्वजनिक गरिएको हो। यसबाट मिटिङ तथा कन्फ्रेन्स कल गर्न सहज हुनेछ भने टाढा रहेका व्यक्तिहरूसँग पनि कुराकानी गर्न सकिनेछ। उक्त रुमको बीच भागमा ३६० डिग्री क्यामेरा र माइक्रोफोन छ, जसले मिटिङको समयमा बोलिएका शब्दहरू रेकर्ड गर्छ र ती शब्दलाई अनुवाद गरेर स्क्रिनमा देखाउँछ। यसबाट विभिन्न भाषा बोल्ने व्यक्तिहरूका बीच मिटिङ गर्न पनि सहज हुनेछ।




## ओपोको ए-८३, २०१८

सेल्फी एक्स्पर्ट ओपोले नयाँ एन्ट्री-लेभल क्यामेरा फोन ओपो ए-८३, २०१८ सार्वजनिक गरेको छ। ए-८३, २०१८ यही वर्षको जनवरीमा सार्वजनिक गरिएको ओपो ए-८३ को परिष्कृत भर्सन हो। तीव्र गतिमा उत्कृष्ट कार्य सम्पादनका लागि ओपो ए-८३ २०१८ मा ४ जीबी र्‍याम तथा ६४ जीबी रोमको व्यवस्था गरिएको छ भने युवा पुस्ता लक्षित गर्दै यो फोन गोल्डका साथै आकर्षक नीलो रंगमा समेत उपलब्ध गराइएको छ। फुल स्क्रिन डिस्प्ले तथा एआई ब्युटी रिकग्निसन प्रविधिसहितको ओपो ए-८३, २०१८ ले प्रयोगकर्तालाई थप वास्तविक र प्राकृतिक सेल्फीको अनुभव प्रदान गर्छ। ३१८० एमएएच ब्याट्री जडान गरिएको ए-८३ को मूल्य २७ हजार ४ सय ९० रुपैयाँ छ।

## मंगल ग्रह प्रस्थान गर्‍यो इनसाइट

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले मंगल ग्रहको अध्ययन गर्न इनसाइट नामक यान प्रक्षेपण गरेको छ। इनसाइटले मंगल ग्रहमा पुगेर त्यहाँको सतहको अध्ययन गर्नुका साथै त्यहाँ जाने भूकम्पसमेत मापन गर्न सक्नेछ। ९९ करोड ३० लाख डलरको उक्त परियोजनाले मंगल ग्रहको



आन्तरिक परिस्थिति अध्ययन गर्नेछ। यो यानले मंगल ग्रह मानिसका लागि बसोवास योग्य छ कि छैन भन्ने विषयमा समेत अध्ययन गर्नेछ।

योजनाअनुसार सबै ठीक भए आगामी नोभेम्बर २६ मा इनसाइट मंगल ग्रहको सतहमा पुग्ने छ। आगामी सन् २०३० सम्ममा मंगल ग्रहमा मानिस पठाउने योजना नासाको छ। त्यसका लागि इनसाइटले विस्तृत अध्ययन गर्नेछ। सौर्य ऊर्जा र ब्याट्रीबाट चल्ने इनसाइट त्यहाँ २६ महिना कार्यरत रहनेछ। इनसाइटको पूरा नाम इन्टेरियर एक्स्प्लोरेसन युजिङ सेस्मिक इन्भेस्टिगेसन हो।

## टचफ्री जेस्चर कन्ट्रोल

अहिले टचस्क्रिन सामान्य भैसकेको छ। अब वैज्ञानिकहरू कुनै वस्तु नछोइकनै टचफ्री तरिकाले कुनै वस्तुलाई नियन्त्रण गर्ने प्रविधिको विकासमा लागेका छन्। हाल लिप मोसन सर्वाधिक प्रचलित छ। लिप मोसन कन्ट्रोलरले युएसबी तथा कम्प्युटरलाई जोड्छ। यसले कम्प्युटर र मानिसको बीचमा एयरस्पेसलाई इन्ट्याक्टिभ स्पेसका रूपमा विकास गर्छ। यसलाई हात तथा औंलाको सहयोगले नै म्यानेज गर्न सकिन्छ।

## आगलागी नियन्त्रण गर्ने सुट

आगलागी भैरहेको समयमा सबै औजार बोकेर आगलागी नियन्त्रण गर्न सकिने एक विशेष प्रकारको सुट तयार भएको छ। सिंगापुरको गाडी निर्माता कम्पनी ट्रिजन अटोमोटिभले सिंगापुर सिभिल डिफेन्स फोर्ससँग मिलेर उक्त सुट तयार गरेको हो। अबेरोन एक्जोस्केलेटन नामक उक्त सुटमा होज्ड लाइन्स, नोजल्स, पावर टुल्सजस्ता इमरजेन्सी टुल किट राखिएको हुन्छ। सुट लगाएर ४० किलोग्रामसम्मको वजन बोकेर एक स्थानबाट अर्को स्थानमा जान सकिन्छ। यसमा ६ दशमलव ८ लिटरको कम्प्रेस्ड एयर ट्यांक हुन्छ। यसको सहयोगले १२ तलाको भवनमा लागेको आगो तीन पटकसम्म निभाउन सकिन्छ। यो सुट फायर फाइटरहरूका लागि निकै उपयोगी हुनेछ। यो सुट केही समयमै विश्वका केही भागमा बिक्रीका लागि उपलब्ध हुने बताइएको छ।




## सोलिड स्टेट स्टोरेज

कुनै पनि कम्प्युटरमा स्ट्यान्डर्ड हार्ड ड्राइभ प्रयोग गरिएको हुन्छ। यद्यपि उक्त ड्राइभ कम गतिको हुन्छ र त्यसले अचानक काम नगर्ने समस्या समेत सिर्जना गर्छ। यसको तुलनामा सोलिड स्टेट ड्राइभ लामो समयसम्म टिक्छ भने राम्रो पर्फमेन्ससमेत दिन्छ। यसले तीव्र गतिमा काम गर्छ। ओभरहिट हुने समस्या कम हुनुका साथै सोलिड स्टेट स्टोरेज हलुका पनि हुन्छ।



# नेपाल फर्कन ....



पृष्ठ ५ बाट

अरूले त्यो सम्भावना देखे-देखेनन्, तर म त्यहीं अवसर देखेर नेपाल फर्कने निर्णय गरेको हुँ।

**अस्ट्रेलियामा त अझ अवसर थिए होलान नि ? त्यसले तानेन ?**

अस्ट्रेलिया र अमेरिकामा सबै कुरा भैसकेको छ। कम्पनी सुरु गर्न सजिलो त छ, तर प्रतिस्पर्धा धेरै कडा छ। यहाँ सजिलै अघि बढ्न सकिन्छ, त्यहाँको तुलनामा प्रतिस्पर्धा पनि कम छ। पैसा कमाउन पनि नेपालमा सजिलो छ।

**फर्कंदा कति पैसा लिएर फर्कनुभयो ?**

झन्डै १ करोड रुपैयाँजति लिएर फर्किएँ। बाँकी पैसा परिवार र ऋणबाट जम्मा गरें।

**मानिसहरू त नेपालमा कमाइ नै हुँदैन् भनेर बाहिरिइरहेका छन् नि ?**

नेपालमा अवसर पनि उत्तिकै र पैसा पनि उत्तिकै छ। म त नेपालमा जति पनि पैसा देख्छु। अस्ट्रेलियाभन्दा नेपालमा पैसा कमाउन सजिलो छ। अस्ट्रेलियामा जाने नेपालीमध्ये धेरैजसोले कडा परिश्रम गर्नुपर्छ, पहिले भाडा माँझ्ने, ट्वाइलेट सफा गर्ने, क्लिनर्स र किचनको काम गर्नुपर्छ। नेपालीहरूले सुरु-सुरुमा गर्ने काम यस्तै हो। नेपालमा मानिसहरू त्यही काम गर्न हिचकिचाउँछन्। काम जति सानो र जेसुकै भए पनि कामै हो। नेपालीहरू नेपालमा त्यस्ता काम गर्न चाहँदैनन्। त्यहाँ यस्तै कामका लागि प्रतिस्पर्धा हुन्छ, नेपालमा त्यही काम कसैले गर्दैन, जताततै अवसर छ। व्यवसायका लागि पनि आफूले चिनिरहेको ठाउँ भएकाले त्यहाँको भन्दा नेपालमा सजिलो छ। कानुन पनि अरू देशको भन्दा बढी थाहा हुन्छ।

**नेपाल फर्कन्छु भनेर कहिले निर्णय गर्नुभयो ?**

सन् २०१७ को डिसेम्बर १५ तिर मैले नेपाल फर्कने निर्णय गरेको हुँ। आउने योजना त अलिक पहिलेकै हो। त्यसअघि म यो व्यावसायिक अवधारणाको योजना बनाइरहेको थिए।

**आइटीको सौखिन व्यक्ति नेपालमा फरक प्रकारको व्यवसाय सुरु गर्ने जुक्ति कसरी फुऱ्यो ?**

मेरो परिवार बिजनेसमा भएको धेरै भयो। विदेशमा मैले हाइटेक बिजनेसहरू देखे, जुन नेपालमा पनि लान सकिन्छ भन्ने लाग्यो। अहिले नेपाली ब्रान्ड पनि खासै छैनन्, मैले देखेको छैन। अरू क्षेत्रहरूतिर त छन् तर फुड इन्डस्ट्रीमा मैले त्यति राम्रो ब्रान्ड देखेको छैन। फुड हाइजिन, सरसफाइ, टेक्नोलोजी सबै कुरा मैले त्यहाँ अध्ययन गरे र त्यसलाई नेपाल ल्याउन कम्मर कसेर लागे। सन् २०१३ मा अस्ट्रेलिया पुगेपछि मैले केही समय हङ्ग्री ज्याक रेस्टुराँमा काम गरे, जुन वर्ल्डवाइड फास्टफुड रेन्टुरेन्ट हो। त्यसपछि नै मेरो दिमागमा यो कन्सेप्ट फुऱ्यो। त्यहाँ कोही नभए पनि सिस्टमले रेस्टुराँ चल्छ, यहाँ त साहू आफैं खट्नुपर्ने हुन्छ। त्यो रेस्टुराँ त्यस्तै मोडलको रहेछ, बाहिर अर्डर लियो भित्र स्वचालित रूपमा जाने सबै प्रविधिमा आधारित हुन्छ। मलाई नेपालमा पनि त्यस्तै रेस्टुराँ खोल्न मन लाग्यो।

**प्रविधिमा रुचि भएको मानिस एकाएक कसरी रेस्टुराँ व्यवसायी बन्नुभयो ?**

सुरुमा रेस्टुराँ खोल्ने इच्छा थिएन, फुड र कुकिङमा चाहिँ रुचि थियो। कुक नै बन्ने रुचि नभए पनि, घरमै खाना बनाएर साथीहरूलाई ख्वाउँथे। मलाई खाना पकाउन खुबै रहर लाग्छ। त्यही हबीका कारण म यो लाइनमा आए। अस्ट्रेलियामा जब पाँच-छवटा फास्टफुड रेस्टुराँमा काम गरे, सबैको सिस्टम एउटै थियो। सिस्टम एउटै भए पनि फुड फरक। मलाई त्यस्तै सिस्टम किन नेपालमा बनाउन सकिँदैन भन्ने लाग्यो। रिसर्च गरे, डाटाहरू कलेक्ट गर्न थाले। सानो-सानो कुरा पनि नोट गर्न थाले। इन्टरनेटबाट पनि धेरै कुरा पाएँ। यसरी लगातार ५ वर्षको प्रयासपछि २०१७ मा रेस्टुराँ खुल्यो।

**केकेएफसी यो नाम त विश्व प्रख्यात ब्रान्ड केएफसीसँग मिल्दोजुल्दो भएन र ? किन यस्तो नाम राख्नुभएको ?**

मलाई त केएफसीसँग कही पनि मिल्छ जस्तो लाग्दैन, सर्टफर्ममा त्यस्तो देखिने हो। यो एउटा संयोग मात्र हो। यद्यपि एनी पब्लिसिटी इज गुड पब्लिसिटी। हाम्रो फुल नेम क्रिस्पी क्रन्ची फ्राइड चिकेन हो। केएफसी केन्टकी फ्राइड चिकेन हो। हाम्रो पनि फ्राइड चिकेन हो तर हामीले ख्वाउने नेपाली कुखुरा हो।

**तपाईंको रेस्टुराँका फरक विशेषता के हुन् ?**

धेरै रेस्टुराँमा हाइजिनलाई ध्यान दिइँदैन। हामीले प्रयोग गरेजस्तो प्रविधि कतै पनि प्रयोग भएको छैन। यो रेस्टुराँ पूर्णतः प्रविधिबाट चल्ने रेस्टुराँ हो।

**रोबोटजस्तो महँगो प्रविधि प्रयोग गरेर रेस्टुराँ खोल्नुभयो। के फरक सन्देश दिन खोज्नुभएको हो ?**

नेपालमा पनि केही गर्न सकिन्छ, र त्यो सम्भव छ भन्ने म्यासेज दिन चाहेको हुँ। अहिलेको जमानामा जेमा पनि रोबोट र आर्टिफिसियल इन्टिजेन्स प्रयोग हुन्छ। पहिलेको जमानामा फोनमा अलार्म सेट गर्नुपर्थ्यो, अहिले मलाई भोलि बिहान ५ बजे उठा भनेर भन्यो भने फोनले त्यही गर्छ। प्रविधिको यस्तो अभूतपूर्व विकास भएको छ, त्यसैले हामीले पनि त्यसमा जोड दिएका हौं। हाम्रो मेनुमा पनि प्रविधि छ। मानिसले दिएको त सबैले खाइरहेका छन्, हामीले रोबोटबाट खाना सर्भ गराएर मानिसहरूलाई नयाँ अनुभव दिन खोजिरहेका छौं।

**रोबोट प्रविधि नेपालमा कति उपयोगी छ ?**

सस्तो त छैन, तर साह्रै उपयोगी छ। हामीले यसमा झन्डै ३ करोड लगानी गरेका छौं। त्यो भनेको सानोतिनो लगानी होइन्। प्रविधि महँगै भए पनि अब हामीले त्यसको पर्याप्त उपयोग गर्न सक्नुपर्छ। देखाउनका लागि मात्र लगानी गरेर त भएन। प्रतिफल पनि लिन सक्नुपऱ्यो।

**कहाँको प्रविधि हो यो ?**

यो जापानमा बनेको र चीनबाट ल्याइएको प्रविधि हो। किचनका इक्विपमेन्टहरूको कुरा गरौं, त्यो पनि फुल्ली अटोमेटिक छ। रोबोटले गर्न सक्ने काम धेरै छन्। अहिले खाना कस्टमरको टेबलसम्म लगिदिने काम रोबोटले नै गरिरहेको छ। यसले कस्टमरसम्म खाना पुऱ्याएपछि कस्टमरलाई 'वेलकम टु केकेएफसी' भनेर अभिवादन गर्छ, कस्टमरले खाना लिइसकेपछि २० सेकेन्डसम्म कसैले हात छोएन भने ऊ आफैं फर्कन्छ।

**तपाईंले रेस्टुराँ सुरु गर्नुभएको पाँच महिना भैसक्यो। कस्तो सम्भावना देखिँदैछ ?**

यो पाँच महिनामा हामीलाई कस्टमरले धेरै रुचाएको पाएका छौं। जो केएफसी जान्छन्, उनीहरू हामीकहाँ पनि टेस्ट गर्न आउँछन्। उनीहरू भन्छन्– ओहो ! केएफसीभन्दा पनि मीठो रहेछ। यस्तो फिडब्याक पाएपछि म निकै उत्साहित पनि छु। केएफसी त्यत्रो पुरानो रेस्टुराँसँग त के दाँज्नु, उसको आफ्नै ब्रान्ड छ। हामीले आफ्नो ब्रान्ड क्रिएट गर्न लागेका हौं तर, सकारात्मक प्रतिक्रिया पाएपछि हाम्रो बजारमा राम्रो इमेज गैरहेको छ, मानिसहरूले रुचाइरहेका छन् भनेर उत्साहित हुन्छु।

**अबको योजना के छ ?**

यो वर्ष मैतीदेवीलगायत थप चार ठाउँमा यस्तै रेस्टुराँ खोल्दैछु। दुई वटाको त लगभग लोकेसन पनि तय भैसक्यो। अरू दुईवटा ठाउँमा कुरा चल्दैछ।

**सुरुवाती चरणमा रेस्टुराँले दिएको प्रतिफलबाट सन्तुष्ट हुनुहुन्छ ?**

अहिले नभए पनि पछि सन्तुष्ट हुनेछु त्यो ग्यारेन्टी छ। दुई-चार वर्ष भित्रैमा सन्तुष्ट हुनेमा म विश्वस्त छु। विदेशी भूमिमा ७० लाख कमाएको भन्दा नेपालमै हुने २० लाख कमाइले बढी सन्तुष्टि दिन्छ।

**व्यवसायमा आउने तनाव र समस्यालाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

यो रेस्टुराँ खोल्नुअघि मलाई निकै तनाव भएको थियो। त्यतिबेला मैले दुई घण्टा पनि सुत्ने समय पाएको थिइन। लगभग दुई चार दिनमै छाड्ने मुड बनाइसकेको थिए, तर सकिएन, मनले मानेन। रुचि र सपनाले नै यस्ता समस्यामाथि विजय प्राप्त गर्न सहयोग गर्छन्। मलाई ड्रिमले नै तान्यो।

**तपाईंको सपना के हो ?**

बिजनेसम्यान बन्छु भन्ने हो। अहिले म त्यही बाटोमा छु। भविष्यमा के हुन्छ, थाहा छैन, त्यसैले भविष्यको सपना अहिल्यै भन्न सक्दिनँ, तर पाँच वर्षभित्र जल्दोबल्दो बिजनेस म्यान त भइन्छ। लगभग सय करोड लगानी गरेर २५ वटा आउटलेट खोल्छु।

**विदेशमा भएका युवाहरूलाई के भन्न चाहनुहुन्छ ?**

मेरा धेरै साथी अस्ट्रेलियामा छन्। उनीहरू नेपाल फर्कंदैनौं भनिरहेका छन्। नेपाल फर्कनका लागि आँट र सीप हुनुपर्छ। उनीहरूसँग सीप त छ, तर उनीहरूको रुचि के हो, पैसा कमाएर घरजग्गा किनेर बस्ने हो कि व्यवसाय गर्ने ? त्यो आ-आफ्नो सपनामा भर पर्ने कुरा हो।



विकेन्ड कुल

# गर्मीमा स्विमिङ



गर्मीमा स्विमिङ गर्न कहाँ जाने ? उपत्यकामा विविध सुविधा युक्त प्रशस्त स्विमिङ पुल छन् । आफूलाई पायक पर्ने स्थान अनुसारका कुनै पनि स्विमिङ पुलमा पुगेर गर्मीबाट राहत प्राप्त गर्न सकिन्छ ।

### निर्भाना वेल्नेस सेन्टर, जावलाखेल
**सुविधा** : जिम, साउना, जुम्बा, ब्याडमिन्टन कोर्ट तथा एरोबिक्स
**शुल्क** : ५ सय ५० रुपैयाँ (वयष्क) तथा ४ सय रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ७ बजेदेखि साँझ ८ बजेसम्म

### धन्वन्तरी स्विमिङ पुल, हाँडिगाउँ
**सुविधा** : बालबालिका तथा वयस्कहरूका लागि बेग्लाबेग्लै पुल, साउना, फुटसल तथा ब्याडमिन्टन कोर्ट
**शुल्क** : ३ सय ५० रुपैयाँ (वयष्क) तथा २ सय ५० रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म

### सासा स्पा हेल्थ क्लब, कुपन्डोल
**सुविधा** : जिम, साउना, स्टिम तथा टेबलटेनिस
**शुल्क** : ४ सय रुपैयाँ (वयष्क) तथा ३ सय रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म

### होटेल साम्बाला, बाँसबारी
**सुबिधा** : जिम, साउना तथा स्टिम
**शुल्क** : १ हजार ५ सय रुपैयाँ (वयष्क) तथा ७ सय ५० रुपैयाँ (बालबालिका), **शनिबार** : २ हजार रुपैयाँ (वयष्क) तथा १ हजार रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म

### स्प्ल्यास स्विमिङ पुल एन्ड जुम्बा सेन्टर, पेप्सिकोला
**सुविधा** : जिम, साउना तथा स्टिम
**शुल्क** : ४ सय रुपैयाँ (वयष्क) तथा ३ सय रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म

### सिटी फ्ल्यास स्विमिङ पुल, मध्यपुर, ठिमी
**सुविधा** : जिम, साउना तथा स्टिम
**शुल्क** : ४ सय रुपैयाँ (वयष्क) तथा ३ सय रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म

### क्लब मण्डला, कपन
**सुविधा** : साउना तथा स्टिम
**शुल्क** : २ सय रुपैयाँ (वयष्क) तथा १ सय ५० रुपैयाँ (बालबालिका)
**खुल्ने समय** : बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म

विकेन्ड कन्सर्ट

# आस्थाले पोखरा घन्काउने



गायिका आस्था राउतको प्रस्तुतिमा भोलि जेठ ५ गते पोखरा घन्कने भएको छ । पोखरा उद्योग वाणिज्य संघको सभाहल गैह्रापाटनमा हुने कार्यक्रममा आस्थाले आफ्ना चर्चित गीतहरू सुनाउँदै मनोरञ्जन प्रदान गर्ने छिन् । माछापुच्छ्रे एफएमद्वारा आयोजित उक्त कार्यक्रममा पोखरेली ब्यान्ड लेकालीको प्रस्तुति समेत समेटिनेछ । कार्यक्रमको थप आकर्षणमा पोखरेली साहित्यकारका कविता, गजल तथा मुक्तक पनि हुनेछन् । दिउँसो १ बजे प्रारम्भ हुने यो कार्यक्रमको प्रवेश निःशुल्क छ ।

**राजाराम पौडेल**


विकेन्ड हाइकिङ



# सुन्टोल-कात्तिके-नगरकोट

भोलि शनिबार फुर्सदमा हुनुहुन्छ भने हाइकिङ गएर समयको सदुपयोग गर्न सक्नुहुन्छ । हाइक फर नेपालले भोलि आयोजना गर्ने यो हाइकिङसम्बन्धी थप जानकारी हाइक फर नेपालको फेसबुक पेजबाट लिन सकिन्छ भने पानी, खाजा आदि आवश्यक सामग्रीहरू आफैंले बोक्नुपर्नेछ । यो हाइकिङमा पहिलो पटक सहभागी हुनेहरूले ९ सय ५० तिर्नुपर्छ, जसबापत हाइक फर नेपालको लोगो अंकित एउटा टिसर्ट उपलब्ध हुन्छ ।
**भेट्ने स्थान** : भृकुटीमण्डप प्रदर्शनी हल कम्प्लेक्स
**प्रस्थान गर्ने समय** : बिहान ७ बजे
**रुट** : सुन्टोल-कात्तिके-नगरकोट सर्किट
**मूल्य** : नयाँलाई ९ सय ५० तथा पुरानालाई ४ सय ५० रुपैयाँ

विकेन्ड लाइभ




# विकेन्ड म्युजिक

आजको साँझ सांगीतिक वातावरणमा रमाउन चाहनुहुन्छ भने जात्रा क्याफे एन्ड बार, ठमेलमा आयोजना हुने कार्यक्रममा सहभागी हुन सक्नुहुन्छ जहाँ कलाकार कौस्तुभले आफ्नो एकल प्रस्तुति दिनेछन् । ह्याप्पी ककटेल आवर शीर्षकको यो कार्यक्रममा संगीतको आनन्दसँगै विभिन्न परिकारको स्वादमा रमाउने अवसर प्राप्त हुनेछ ।
**समय** : साँझ ५ देखि साढे ७ बजे सम्म
**स्थान** : जात्रा क्याफे एन्ड बार, ठमेल
**प्रवेश** : निःशुल्क

विकेन्ड परिकार

# इन्टरनेसनल फुड टेस्टिङ-२०१८



विदेसी परिकारहरूको स्वाद चाख्न चाहनुहुन्छ ? त्यसो हो भने सन् २०१८ भरी चल्ने इन्टरनेसनल फुड टेस्टिङ-२०१८ मा सहभागी हुन सक्नुहुन्छ जहाँ विभिन्न देशका परिकारको स्वाद लिन सकिनेछ ।
**आयोजक** : एकेडेमी अफ कलिनरी आर्ट्स एन्ड हस्पिटालिटी म्यानेजमेन्ट, लगनखेल
**समय** : ११ बजेदेखि ५ बजेसम्म
**शुल्क** : २ सय ५० रुपैयाँ

केवल एक प्रश्न

# साप्ताहिकलाई कस्तो सुझाव दिनुहुन्छ ?

आगामी दिनमा साप्ताहिक पत्रिकाको गुणस्तरमा सुधार भै शुक्रबारसम्ममा पुराना हुन सक्ने हट न्युजहरू अनलाइनमा छिट्टै अपलोड भएको हेर्न मन छ। त्यस्तै संगीत र मनोरञ्जनलाई थप प्राथमिकता दिइयोस् भन्न चाहन्छु।

**प्रमोद खरेल, गायक**

अहिलेको साख जोगाइराखोस्। मलाई साप्ताहिक निकै मन पर्छ। त्यसो त साप्ताहिक मैले नियमित हेर्ने पत्रिका हो। यसमा चलचित्र, खेल, समाज आदिका हरेक कुरा पढ्न पाइन्छ, त्यसैले म र मेरो परिवारले साप्ताहिक हेर्न छुटाउँदैन।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

साप्ताहिक विगत १० वर्षदेखि पढ्दै आएको छु, यसमा सबै पक्ष समेटिएको हुन्छ, त्यसैले मलाई यो पत्रिका साह्रै राम्रो लाग्छ। आगामी दिनमा पनि यसले निरन्तरता पाओस्। नेपाली संगीत बजारको मूल धार लोकगीत हो। तैपनि लोकसंगीतका बारेमा अलि कम समाचार आएको महसुस गरेको छु त्यो कुरा पनि प्राथमिकतामा रहोस्। गीत-संगीतमा विद्यमान विकृति-विसंगतिका विषयमा साप्ताहिकले एउटा स्तम्भ नै सञ्चालन गरे हुन्थ्यो भन्ने लागेको छ।

**याम क्षेत्री, लोक तथा दोहोरी गायक**

मलाई साप्ताहिक सधैं तन्नेरी नै रहेको हेर्न मन छ। जसरी हामीले तन्दुरुस्त रहन कसरत गर्नुपर्छ, साप्ताहिकले पनि परम्परागत कोलमहरूका अतिरिक्त केही रोचक अन्तर्वार्ता, गसिप आदि थुप्रै नयाँ तथा मनोरञ्जक लेख-रचनाहरू प्रकाशन गर्नु जरुरी छ।

**दीपकराज गिरी, अभिनेता**

नेपाली पत्रिका भएकाले ठेट नेपाली भाषामा जोड दिइयोस्। नेपालकै समाचारले बढीभन्दा बढी स्थान पाऊन्।

**केदारप्रसाद घिमिरे, अभिनेता**

साप्ताहिकले युवावर्ग लक्षित न्युज अलि फरक ढंगबाट कभरेज गर्ने हो भने असाध्यै राम्रो हुन्छ।

**केकी अधिकारी, अभिनेत्री**

साप्ताहिकले समाजका सबै पक्षलाई समेटोस्।

**कोमल वली, गायिका तथा नेतृ**

साप्ताहिक मलाई एकदमै मन पर्ने पत्रिका हो। जुनसुकै क्षेत्रका सेलिब्रेटीको जीवनशैली बुझ्न र सिक्न म गाउँमा हुँदादेखि नै साप्ताहिक पत्रिका खोजी-खोजी पढ्थें। युवापुस्ताको ढुकढुकी भए पनि यसमा आमयुवाको कथा अझै नसमेटिएको हो कि भन्ने लाग्छ। त्यसैले सफल हुनेहरूको कथा मात्र नभएर सपना देख्ने तर पूरा गर्ने मेसो नपाएका आमयुवाको कथाले प्राथमिकता पाउने हो भने सुनमा सुगन्ध हुने थियो।

**प्रकाश सपुत, गायक**

साप्ताहिक आमनेपालीको आशा र भरोसा बोकेको सञ्चारमाध्यम हो। त्यसैले यसले सधैं अर्थपूर्ण र सही समाचार देओस् भन्ने चाहना छ।

**पूर्णिमा लामा, अभिनेत्री तथा निर्मात्री**

साप्ताहिक सबै पक्षले भरिपूर्ण पत्रिका हो। पत्रिकामा धेरै बौद्धिक कुरा मात्र भयो भने मध्यमवर्गीय पाठकलाई बुझ्न गाह्रो हुन सक्छ, तर साप्ताहिकले सबै वर्गलाई समेटेको छ, साप्ताहिकले आफ्नो यो साखलाई जोगाइरहोस्।

**हरिवंश आचार्य, हास्यकलाकार**

साप्ताहिकले आफूलाई समयसापेक्ष रूपमा परिवर्तन गर्दै आएको छ। आगामी दिनमा यो स्वस्थ र पूर्ण मनोरञ्जक पत्रिका बनोस्।

**लोकराज अधिकारी, गीतकार**

साप्ताहिकको सबै पक्ष राम्रो छ। अहिले साप्ताहिकसँग प्रतिस्पर्धा गर्न अरू पनि यस्तै पत्रिका आएका छन्, तर साप्ताहिकले अरूसँग प्रतिस्पर्धाभन्दा पनि आफैँसँग प्रतिस्पर्धा गरेर यो साखलाई जोगाइरहोस्।

**धीरज राई, गायक**

साप्ताहिकको राम्रै चर्चा छ, तैपनि लोकगीत-संगीतलाई अझ प्राथमिकता दिने हो भने धेरै राम्रो हुने थियो।

**पूर्णकला बीसी, गायिका**

साप्ताहिक उत्कृष्ट छ। तैपनि यसमा प्रकाशन हुने सामग्रीहरू युवावर्गलाई मात्र लक्षित भए कि जस्तो लाग्छ। अर्को कुरा यसमा विदेशी कलाकारहरूको तस्बिर हाबी भएको पाएको छु, त्यसैले बढीभन्दा बढी नेपाली कलाकारलाई नै स्थान दिन पाए हुन्थ्यो।

**ऋषि लामिछाने, निर्देशक**

साप्ताहिकले युवावर्गमा एक किसिमको छाप छोडेको छ। त्यसैले युवाहरूमा सकारात्मक सोचको विकास हुने खालका सामग्रीहरूले स्थान पाऊन्।

**कर्ण दास, गायक**

अहिलेको साखलाई जोगाओस्, साथै महिलाहरूका बारेमा एउटा स्तम्भ नै सञ्चालन गरे राम्रो हुन्थ्यो।

**कुञ्जना घिमिरे, अभिनेत्री**

सबै मानिसलाई मात्र मन पर्ने खालको होइन कि थोरै मानिसलाई पनि मन पर्ने खालका सामग्री प्रकाशन भैदिए म खुशी हुन्थें।

**सुनिल पोखरेल, रंगकर्मी**

साप्ताहिकले सबैको मन जितेको छ। यो हामी तमाम कलाकारहरूलाई चाहिने पत्रिका हो। साप्ताहिक न्युजभन्दा पनि ग्ल्यामर पत्रिका भएकाले यसको साख कायम रहोस्। यसको माधुर्यताले काम गरिरहोस्।

**दीपाश्री निरौला, अभिनेत्री तथा निर्मात्री**

साप्ताहिक सबैले रुचाएको पत्रिका हो। यसले पाठकहरूको रुचिमा व्यापकता थपेको छ, पाठकहरूलाई रुचिकर हुने हरेक विषयमा आफूलाई केन्द्रित गर्ने प्रयास गर्दै आएको छ, तैपनि नेपाल बहुभाषिक मुलुक हो, जसले गर्दा साप्ताहिकलाई अरू राष्ट्रिय भाषामा पनि प्रकाशन गरे अझ राम्रो हुने थियो।

**नीर शाह, अभिनेता**

साप्ताहिकले सबैलाई समेटेको छ। विशेष गरी हामी कलाकारहरूका लागि यो ठूलो प्लेटफर्म हो। अबका दिनमा साप्ताहिकले चर्चामा नआएका तर राम्रो काम गरिरहेका कलाकारहरूको लुकेको कथा पनि बाहिर ल्याउन सके राम्रो हुन्थ्यो। त्यस्तै, साप्ताहिकको ब्लोअपमा अभिनेत्री तथा मोडलहरूले प्राथमिकता पाएका छन्, यसमा चाहिँ अन्य क्षेत्रका व्यक्तित्वहरूले पनि स्थान पाउनुपर्थ्यो।

**जितु नेपाल, अभिनेता**



## चलचित्र




**निर्देशक :** सौगात विष्ट **कलाकार :** सरोज खनाल, गजित विष्ट, बुद्धि तामाङ, सत्यराज आचार्य, निष्मा घिमिरे आदि ।
**संगीत :** स्वरूपराज आचार्य, सन्तोष श्रेष्ठ तथा राजन

हास्यप्रधान चलचित्र हैरान आजदेखि देशभर प्रदर्शनमा आउँदैछ । सिनेघरमा यसअघि चारवटासम्म नेपाली चलचित्र जुधे पनि हैरान भने भाग्यमानी चलचित्र हो, जोसँग अन्य नेपाली चलचित्र जुध्न आएका छैनन् । कान्छा निर्देशक १२ वर्षीय सौगात विष्टले निर्देशन गरेको यो चलचित्रको ट्रेलरअनुसार चलचित्रले दर्शकलाई राम्रैसँग हँसाउने अनुमान गर्न सकिन्छ । यसअघि लभ यू बाबा निर्देशन गरेका विष्टको यो चलचित्र अघिल्लो वर्षको भदौदेखि छायांकनमा गएको थियो । निर्देशक विष्टका अनुसार यो चलचित्र कमेडीसँगै एक्सन, थ्रिलर र क्राइमको वरिपरि घुमेको छ । उनका अनुसार चलचित्रका सबै कलाकारको अभिनय हेर्न लायक छ । काठमाडौं, धुलिखेल, कोसी ब्यारेक आदि ठाउँमा खिचिएको चलचित्र हैरानमा धेरै विषयलाई एकमुस्ट प्रस्तुत गरिएको निर्देशक विष्ट बताउँछन् ।



## डेडपुल-२

**निर्देशक :** डेभिड लेइच **कलाकार :** र्‍यान रेनोल्डस, जोश ब्रोलिन, मोरीना बाकारीन आदि । **संगीत :** ट्यालेर ब्याटिस

यो वर्षको सर्वाधिक प्रतीक्षित हलिउड चलचित्र डेडपुल-२ संसारभरका हजारौं हलमा एकसाथ प्रदर्शनमा आउँदैछ । डेडपुल सुपरहिट भएकाले समेत उक्त चलचित्रको सिक्वेल प्रतीक्षित छ । डेडपुल-२ आफ्नो पोस्टरबाटै चर्चामा थियो । यो चलचित्रको प्रिमियर लन्डनमा १० मेमा भएको थियो । रहेट्ट रिस, पाउल विरनिक, र्‍यान रियानोल्डस आदिले निर्माण गरेको डेडपुल-२ अमेरिका तथा अन्य केही देशमा समेत खिचिएको छ । हलिउडका चलचित्र समीक्षकहरूले अघिल्लो चलचित्रको तुलनामा यो चलचित्रलाई अझ राम्रो भनेका छन् । उनीहरूले निर्देशक डेभिडको प्रशंसासमेत गरेका छन् । एक्सनमा आधारित यो चलचित्रलाई जोनथान सेलाले खिचेका हुन् भने यो चलचित्र १ घण्टा १९ मिनेट लामो छ ।

## रंगमञ्च

### पोखरामा बितेका कुरा



पोखरा गैह्रापाटनस्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा नाटक 'बितेका कुरा' आज शुक्रबारदेखि मञ्चन हुँदैछ । यो नाटकमा पुराना रंगकर्मी प्रकट पंगेनी शिवसहित दिलप्रसाद गुरुङ, ध्रुव पौडेल, बबिता मल्ल ठकुरी, प्रसुना भण्डारी, सम्झना शिर्पाली, शरद भण्डारी, सौर्य सुवेदी, रोशन ज्ञवाली, सौरभ तिमिल्सिना तथा सिमरन पौडेलले अभिनय गर्दैछन् । एक घण्टा लामो नाटक बितेका कुरा जेठ १९ गतेसम्म मञ्चन हुने बताइएको छ । सोमबार बाहेक हरेक दिन साँझ ५ बजे मञ्चन हुने यो नाटकको अतिरिक्त सो शनिबार दिउँसो १ बजे हुनेछ । रूपनारायण सिंहले लेखेको यो नाटकलाई पोखरा थिएटरका अध्यक्ष परिवर्तन कार्कीले निर्देशन गर्दैछन् ।

### जिउँदो आकाश

झापाका दुई स्थानमा नाटक 'जिउँदो आकाश' मञ्चन हुने भएको छ । काँकडभिट्टामा जेठ ७-९ तथा दमकमा जेठ ११ - १३ गते यो नाटक मञ्चन हुन लागेको हो । करिब १ घण्टा १० मिनेट लामो नाटक जिउँदो आकाशमा अल्पसंख्यक तथा तेस्रोलिंगी समुदायका जल्दाबल्दा मुद्दा चित्रण गरिएको छ । चन्द्रप्रसाद पाण्डेको लेखन तथा आरके मेहताको परिकल्पना एवं निर्देशनको यो नाटक भारतको गुहावटीमा सम्पन्न आठौं अन्तर्राष्ट्रिय ओलम्पिक ड्रामा फेस्टिबलमा समेत मञ्चन भैसकेको छ । नाटकमा कलाकार अनिल सुब्बाले एकल अभिनय गर्नेछन् ।

विष्णु सुब्बा

## ग्यालरी

### कलारीना

देही आर्ट ग्यालरीसँग आबद्ध कलाकार रीना राईले आफ्नो जातीय संस्कृति झल्काउने चित्रहरूको एकल प्रदर्शनी गरेकी छिन् । राई समुदायको सांस्कृतिक पर्व साकेला उभौलीका अवसरमा काँकडभिट्टामा सञ्चालित 'कलारीना' शीर्षकको उक्त प्रदर्शनी जातीय संस्कृति एवं रीतिरिवाजहरूमा केन्द्रित थियो । रीनाले करिब एक महिनाभित्र तयार पारेका १८ थान वाटर कलर प्रदर्शनीमा राखिएको थियो । देही आर्टका अध्यक्ष छितेन शेर्पाका अनुसार रीनाका चित्रमा राई जातिको उत्पत्ति, कर्मकाण्डको प्रक्रिया, नृत्य, जीवन शैली तथा उनीहरूको थातथलो आदि समेटिएको छ ।

पर्वत पोर्तेल

# डी सिने एवार्डको उत्कृष्ट पाँच

यस वर्षको डी सिने एवार्डको उत्कृष्ट ५ मनोनयन सार्वजनिक भएको छ । डिजिटल फर्म्याटमा निर्मित चलचित्रलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ आयोजना गरिने यो एवार्डको दसौं श्रृंखला आउँदो जेठ १० मा आयोजित हुने छायाँछवि क्रिएसनका अध्यक्ष शान्तिप्रियले जानकारी दिएका छन् ।

एवार्डका लागि मनोनीत पाँच सदस्यीय जुरीमा लेखक तथा निर्देशक मोहन निरौला, पत्रकार तथा निर्देशक डब्बु क्षेत्री, निर्देशक राजेन्द्र उप्रेती, संगीतकार सन्तोष श्रेष्ठ एवं निर्देशक तथा सिनेमाटोग्राफर सवनम मुखिया छन् । विभिन्न २९ विधामा प्रदान गर्न लागिएको यो एवार्डसँगै जुरी एवार्ड, क्रिटिक्स एवार्ड, इनकरेजमेन्ट एवार्ड, पब्लिक च्वाइस एवार्डसहित छायाँछवि चलचित्रकर्मी रजत सम्मान पुरुष र महिला, छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार तथा छायाँछवि लिजेन्ड्री सम्मानसमेत प्रदान गरिने बताइएको छ ।

मनोनयनमा पर्नेहरूमा उत्कृष्ट




एनिमेसनतर्फ पिंजडा ब्याक अगेनबाट अक्की शर्मा, राधेबाट अच्यूत लामिछाने, कान्छीबाट अनुपम शाह, क्रबाट ग्लेज इन्टरटेन्टमेन्ट, बटरफ्लाईबाट सत्यम राना/अक्की शर्मा, उत्कृष्ट पार्श्वसंगीमा मंगलबाट एलिश कार्की, लिलीबिलीबाट एलिश कार्की, घामपानीबाट रोहित शाक्य, क्रबाट शैलेश श्रेष्ठ/रोहित शाक्य तथा दुई रुपैयाँबाट शैलेश श्रेष्ठ छन् । उत्कृष्ट ध्वनिमिश्रणमा ऐश्वर्यबाट उत्तम न्यौपाने, क्रबाट उत्तम न्यौपाने, मंगलमबाट मुकेश शाह, लिलीबिलीबाट मुकेश शाह, संरक्षणबाट सुनयमान श्रेष्ठ मनोनयनमा परेका छन् ।

उत्कृष्ट गायिकामा ऐश्वर्यबाट तिमी रोएको पल र म यस्तो गीत गाउँको भन्छु आजबाट अञ्जु पन्त, शत्रुगतेको रुपै मोहनीबाट मिना निरौला, दुई रुपैयाको कुटुमा कुटुवाट मेलीना राई तथा मंगलम्को पर्ख पर्खबाट बिन्दु परियारले प्रतिस्पर्धा गर्नेछन् । उत्कृष्ट गायकमा मंगलमको पर्ख पर्खबाट कृष्ण काफ्ले, कान्छीको चरी चट्ट परीबाट राजनराज शिवाकोटी, म यस्तो गीत गाउँछुको भन्छु आज तथा ऐश्वर्यको तिमी रोएको पलबाट सुगम पोखरेल, भुइमान्छेको आफ्नै परेली पर्दा भोबाट शिव परियार मनोनयनमा छन् । उत्कृष्ट संगीतकारमा ऐश्वर्यको तिमीसँग तथा म यस्तो गीत गाउँछुको भन्छु आजबाट अर्जुन पोखरेल, मंगलमको पर्ख पर्ख मायालुबाट दिपक शर्मा, दुई रुपैयाको कुटुमा कुटु एवं कान्छीको चरी चट्ट परीबाट राजनराज शिवाकोटी मनोनयमा परेका छन् ।

डी सिने एवार्डको यसपटकको संस्करणमा उत्कृष्ट नृत्य निर्देशक अन्तर्गत दुई रुपैयाको कुटुमा कुटु र छक्कापञ्जा-२ को भ्याम्म भ्याम्म अनि म यस्तो गीत गाउँछुको भन्छु आजबाट कविरात गहतराज मनोनयनमा परेका छन् भने अन्य दुईजनामध्ये चलचित्र कान्छीको चरी चट्ट परीबाट बसन्त श्रेष्ठ, कृको यति यति पानीबाट रेनेशा राई मनोनयनमा परेका छन् ।

उत्कृष्ट बाल कलाकारको विधामा चलचित्र ए मेरो हजुर-२ का अनुभव रेग्मी, पिंजडा ब्याक अगेनका कुशाग्र भट्टराई, तान्त्रोकी प्रनिशा खड्का, डा.खातेका प्रिन्स रिजाल तथा आधा लभका बिनोद मगराती मनोनित छन् ।

यस्तै त्कृष्ट हास्यकलाकार, उत्कृष्ट खलपात्र, उत्कृष्ट कथा, उत्कृष्ट पटकथा, उत्कृष्ट संवाद, उत्कृष्ट नव-नायिका, उत्कृष्ट नव-नायक, उत्कृष्ट नव-निर्देशक, उत्कृष्ट चरित्र अभिनेत्री, उत्कृष्ट चरित्र अभिनेता, उत्कृष्ट सहअभिनेत्री, उत्कृष्ट सहअभिनेता, उत्कृष्ट छायाँकार, उत्कृष्ट सम्पादक, उत्कृष्ट अभिनेत्री, उत्कृष्ट अभिनेता, उत्कृष्ट पपुलर चलचित्र, उत्कृष्ट निर्देशक तथा उत्कृष्ट चलचित्रको एवार्ड पनि प्रदान गरिँदैछ ।

## फिल्मी डायरी

### चलचित्र पत्रकारिता पुरस्कार

चलचित्र पत्रकार संघ नेपालले 'चलचित्र पत्रकारिता सम्मान तथा पुरस्कार - २०७५' को घोषणा गरेको छ। संघले जनाए अनुसार चलचित्र पत्रकार दयाराम पाण्डे तथा ध्रुव लम्साललाई चलचित्र पत्रकारिता सम्मान प्रदान गरिने भएको छ। त्यस्तै लक्ष्मण सुवेदी र सन्ध्या थापालाई चलचित्र पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ भने अञ्जान दाहाललाई चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ। जेठ ७ मा हुन गैरहेको संघको १९ औं स्थापना दिवसका अवसरमा उक्त सम्मान तथा पुरस्कार प्रदान गरिने संघका अध्यक्ष सन्दीप सापकोटाले जानकारी दिए।



### निर्माता र संघबीच सहमति

चलचित्र निर्माता संघ तथा चलचित्र संघबीच लामो समयदेखिको विवाद टुंगिएको छ। पटक-पटकको भेटवार्ता र छलफलपछि दुई संघबीचको विवाद समाधान भएको निर्माता संघका महासचिव रोज राणाले बताएका छन्। आर्थिक पारदर्शिता, सेयर बाँडफाँड, बक्सअफिस कार्यान्वयन, हलमा पोस्टर, ट्रेलर, टिजर आदिको निःशुल्क प्रदर्शन आदि माग राखेर निर्माता संघले आन्दोलनको घोषणा गरेको थियो। अब निर्माता तथा चलचित्र हलवालाले सिंगल थिएटरबाट चलचित्रले प्राप्त गरेको ५०-५० प्रतिशत आम्दानी प्राप्त गर्नेछन्। २ के पिक्चर क्वालिटीका तथा प्रतिटिकट २ सय ५० रुपैयाँ तोकिएका मल्टिप्लेक्सबाट प्राप्त आम्दानीको सेयर निर्माताहरूले पहिलो साता ५० प्रतिशत, दोस्रो साता ४५ प्रतिशत, तेस्रो साता ४० प्रतिशत तथा चौथो साता ३५ प्रतिशत प्राप्त गर्ने छन् भने सरकारले तोकेकै समयबाट बक्सअफिस पनि लागू हुनेछ। नयाँ सहमतिअनुसार चलचित्र प्रदर्शनमा आएको दुई-दुई हप्तामा चलचित्र निर्माताहरूलाई आयव्ययको हिसाब-किताब बुझाउने दुवै पक्षबीच सहमति भएको छ।

### बेबी आई लभ यूलाई पिजी

चलचित्र 'बेबी आई लभ यू' ले सेन्सर बोर्डबाट 'पिजी' प्रमाण पत्र प्राप्त गरेको छ। अब १६ वर्षभन्दा कम उमेरका दर्शकले यो चलचित्र अभिभावकहरूका साथमा हेर्नुपर्नेछ। जेठ १८ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रलाई जनक पाण्डेले निर्देशन गरेका हुन्। चलचित्रमा समावेश लागूऔषधका केही दृश्यका कारण सेन्सरले पिजी प्रमाण पत्र दिएको निर्माता शिव न्यौपानेले बताए। चलचित्र बेबी आई लभ यूमा सन्तोष खड्गी, पूजा तिवारी, सरोज खनाल, निर्मल शर्मा, राजु कमेडी, रेशम बुढाथोकी, अप्सन पन्थी आदिको अभिनय छ।

### 'शत्रुगते' को सेलिब्रेसन

चैत ९ गते प्रदर्शनमा आएको चलचित्र 'शत्रुगते' ले ५१ औं दिनमा टेकेको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गर्दै सफलताको खुसीयाली साटासाट गरेको छ। उक्त कार्यक्रममा निर्माण टिमले कलाकार, प्राविधिक, प्रायोजक, हल सञ्चालक, वितरक तथा सञ्चारकर्मीहरूलाई मायाको चिनो वितरण गरेको थियो। मह सञ्चारको ब्यानरमा किरण केसी प्रस्तुतकर्ता रहेको यो चलचित्रले १२ करोड ग्रस कलेक्सन गरेको निर्माण पक्षको भनाइ छ।

### छक्कापञ्जामा पुष्प

अभिनेता पुष्प खड्का छक्कापञ्जा-३ मा इन्ट्री भएका छन्। दर्पणछाया-२ तथा मंगलम अभिनय गरिसकेका पुष्पलाई अनुबन्धन गरेसँगै यो चलचित्र छायांकनमा समेत गएको छ। यो चलचित्रमा पुष्पको लिड रोल भने छैन। खबरअनुसार, उनले यो चलचित्रमा केमियोको भूमिका प्राप्त गरेका छन्। पुष्पले छक्कापञ्जा टिमसँग जोडिन पाउँदा आफूलाई भाग्यमानी मानेको बताएका छन्।

### बोबीको प्रिमियर

मिलन चाम्सद्वारा निर्देशित चलचित्र बोबीको प्रिमियर नर्वेमा भएको छ। ओस्लोस्थित भीका भिक्टोरिया हलमा सञ्चालित प्रिमियर शोमा ४ सयभन्दा बढी दर्शकको उपस्थिति रह्यो। निर्देशक चाम्सका अनुसार सबटाइटलसहितको यो चलचित्र हेर्न नर्वे, इटाली, माल्टा तथा युकेका नेपालीसँगै विदेशीहरूसमेत उपस्थित थिए। प्रेमकथामा आधारित बोबीको प्रदर्शन मिति भने तय भएको छैन।

### क्याप्टेनको छायांकन धमाधम

अनमोल केसी अभिनीत चलचित्र क्याप्टेनको छायांकन यतिबेला पूर्वको दमकमा भैरहेको छ। दमकमा जारी 'दमक गोल्डकप फुटबल प्रतियोगिता' मा चलचित्रका महत्वपूर्ण दृश्य खिच्ने काम भैरहेको छ। दिवाकर भट्टराईद्वारा निर्देशित चलचित्र क्याप्टेनमा सरोज खनाल, उपासनासिंह ठकुरी, प्रियंका एमबी, प्रशान्त ताम्राकार, सुनिल थापा, विल्सन विक्रम राई आदि कलाकारको प्रमुख भूमिका छ। क्याप्टेनले पूर्वको एउटा सानो गाउँबाट राष्ट्रिय फुटबल प्रतियोगिताको विजेतासम्म भएका एक युवकको संघर्षको कथा बोल्नेछ।

### गोलको छायांकनमा

भीम लामा निर्देशक तथा यम गुरुङ र अविरल भट्टराई निर्माता रहेको ठूलो पर्दाको चलचित्र 'गोल' को छायांकन धनकुटाबाट प्रारम्भ भएको छ। प्रेम तथा हास्य प्रधान यो चलचित्रको ८० प्रतिशत छायांकन धनकुटाको कागते, हिले, पाखिबास आदि क्षेत्रमा गरिनेछ। यसैगरी सुनसरीको धरान, इटहरी आदि स्थानमा पनि गोलको छायांकन हुनेछ। त्रिकोणात्मक प्रेमकथामा आधारित यो चलचित्रमा अभिनेता किशोर खतिवडा तथा अभिनेत्री सविना कार्कीको मुख्य भूमिका रहनेछ भने सुवर्ण कार्कीले यही चलचित्रबाट डेब्यु गर्दैछन्।

### चङ्गामा कमेडी संवाद

चलचित्र चङ्गाको ट्रेलर सार्वजनिक भएको छ। उक्त ट्रेलरमा पैसाको अभावका कारण पात्रहरूको चौपट दैनिकीलाई प्रस्तुत गरिएको छ। बुद्धि तामाङ, कमलमणि नेपाल, अंकित खड्का, लक्ष्मी बर्देवा आदि कलाकारद्वारा अभिनीत यो चलचित्रले वास्तविक कथा बोल्ने निर्देशक किशोर भण्डारीले बताए। चलचित्र चङ्गा जेठ २५ गते देशभरका हलमा प्रदर्शन हुनेछ।

## म्युजिक डायरी

### सगरमाथा दिवसमा कन्सर्ट

सगरमाथा दिवसको अवसर पारेर सोलुखुम्बुको नाम्चेबजारस्थित हिमालय आधारभूत विद्यालयको प्रांगणमा सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ। पार्टी एभरेष्टको प्रस्तुतीमा 'एभरेष्ट डे-२०१८' शीर्षक राखेर विश्वको सबैभन्दा अग्लो स्थानमा कन्सर्ट तथा डान्स पार्टि आयोजना गर्न लागेको हो। सगरमाथा फेदी अनुपम छ ठाउँ, आन्तरिक पर्यटनका लागि नाम्चे घुम्न जाउँ नारा राखेर आयोजना हुने उक्त कार्यक्रममा अभिनाष घिसिङ, प्रशान्त तामाङ, डिजे तेन्जिङ, जेन्नी शेर्पा, बद्री पंगेनी, प्रिया भट्टराई आदि कलाकारहरु सहभागि हुँदैछन्। नाम्चे युवा क्लबले आयोजना गर्ने उक्त कार्यक्रममा जेठ १५ गते मंगलबार साँझ ६ बजेदेखि प्रारम्भ हुनेछ।

### हङकङ मिदिम साँझमा स्वप्न

गायक स्वप्न सुमनले आइतबार हङकङेली दर्शकहरूमाझ आफ्ना चर्चित गीतहरू प्रस्तुत गरे। मिदिम एसोसिएसन हङकङको प्रस्तुति मिदिन साँझ-२०१८ का लागि पहिलो पटक हङकङ आएका स्वप्नको हरेक गीतमा वान्समोर गुन्जिएको थियो। कार्यक्रममा गायिका तृष्णा गुरुङ, एलिना गुरुङ, डान्सर पवित्रा गुरुङ, अनिता गुरुङ आदिको प्रस्तुति समेत समेटिएको थियो।

### कान्ता ब्यान्डसँग

पूर्वीय तथा पश्चिमेली संगीतको फ्युजनमार्फत श्रोताहरूको मन जित्दै आएको कान्ता दब दब ब्यान्डले पोखरामा प्रस्तुति दिएको छ। टुर दि पोखरा कार्यक्रमका लागि पोखरा आइपुगेको यो ब्यान्डले पोखराको लेकसाइडमा चार दिनसम्म श्रोताहरूलाई मन्त्रमुग्ध तुल्याएको थियो। उक्त अवसरमा रिजु तुलाधरले बेस गीतार, सुनित कंसाकारले सितार तथा निखि ल तुलाधरले ड्रमको धुन सुनाएका थिए। कान्ता ब्यान्डको विशेषता बिना भोकलिस्टको फ्युजन संगीत हो।


Study in CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

प्राईभेट/रेगुलर-SEE (SLC)
कक्षा 8 वा 9 पास, कक्षा 9 वा Test/SEE (SLC) फेल,
पढाई छोडेका, जागिर गर्दै गरेका र गृहिणीहरूका लागि
एकै बर्षमा SEE (SLC) पास गर्ने सुवर्ण अवसर
सम्झना एकेडेमी
अद्वैतमार्ग, पुरानो बसपार्क बाट शंकरदेव क्याम्पस जाने बाटो
01-4246397, 9841297927, 9808918641





चर्चामा

# वैशाखका चलचित्र : कुन कति चले ?

रामजी ज्ञवाली

नयाँ वर्ष २०७५ को आगमनसँगै सिनेमा हलमा केही नेपाली चलचित्र प्रदर्शनमा आए। चैत मसान्तमा प्रदर्शन भएका दुई चलचित्र लिलिबिली तथा नेप्टे र वैशाखको अन्तिम शुक्रवार प्रदर्शित दुई चलचित्र लम्फू तथा हिरोजलाई जोड्ने हो भने वैशाखमा कुल ९ वटा नेपाली चलचित्र प्रदर्शन भए। नयाँ वर्षको स्वागत गर्दै चैत ३० गतेदेखि प्रदर्शनमा आएका लिलिबिली तथा नेप्टे, वैशाख ७ गते स्वर्ग मेरो गाउँ, वैशाख १४ गते कोहलपुर एक्सप्रेस र ह्याप्पी डेज तथा वैशाख २१ गते डमरुको डन्डीबियो अनि भोर प्रदर्शन भए भने वैशाख २८ गते लम्फू तथा हिरोज प्रदर्शन भए पनि थोरै चलचित्रले मात्र सन्तोषजनक व्यापार गरे।

चैत ३० गते सार्वजनिक भएको चलचित्र लिलिबिलीले राम्रो व्यापार गरेको छ। चलचित्रका निर्देशक मिलन चाम्सका अनुसार उक्त चलचित्रले अहिलेसम्म ४ करोड रुपैयाँ बराबरको व्यापार गरेको छ। स्कटल्यान्डमा छायांकन गरिएको यो चलचित्र दर्शकको मन जित्न सफल भयो। प्रदीप खड्का तथा जसीता गुरुङको अभिनय पनि दर्शकले मन पराए।


नयाँ वर्षकै पूर्वसन्ध्यामा प्रदर्शनमा आएको चलचित्र 'नेप्टे' भने असफल भयो। देवकुमार श्रेष्ठद्वारा निर्देशित यो चलचित्रलाई लगानी उठाउनै गाह्रो पर्‍यो। दयाहाङ राईजस्ता लोकप्रिय अभिनेताले पनि यो चलचित्रको व्यवसायलाई उकास्न सकेनन्। लिलिबिलीसँग जुध्नु नेप्टेका लागि निकै कष्टकर सावित भयो।

वैशाख ७ गतेदेखि प्रदर्शनमा आएको स्वर्ग मेरो गाउँले पानी समेत माग्न पाएन। रामकृष्ण बजगाईंको निर्माण तथा निर्देशनको यो चलचित्रमा सहरबाट गाउँ घुम्न गएका युवतीहरूले गाउँलाई स्वर्ग बनाउन गरेको कामको कथा प्रस्तुत गरिएको थियो। नरेन खड्का, रामकृष्ण बजगाईं, भावना गुरुङ, सक्सी लम्साल, सुजता थापा, अष्ट महर्जन आदि कलाकारले अभिनय गरेको यो चलचित्र कति दिन प्रदर्शन भयो भन्ने कुरासमेत कसैलाई थाहा छैन।

प्रदर्शन हुनुअघि नै ट्रेलर तथा गीत-संगीतबाट कौतुहलता जनाउन सफल चलचित्र कोहलपुर एक्सप्रेस वैशाख १४ गते प्रदर्शनमा आयो। चलचित्रकी निर्मात्री केकी अधिकारीका अनुसार अहिलेसम्म यो चलचित्रले २ करोड रुपैयाँभन्दा बढीको व्यापार गरिसकेको छ। विशाल भण्डारीको निर्देशनको यो चलचित्रमा केकी अधिकारी, ऋचा शर्मा, प्रियंका कार्की, कुशाग्र भट्टराई, विनोद न्यौपाने, बुद्धि तामाङ आदि कलाकारले अभिनय गरेका छन्। सुस्त ओपेनिङ लिएको कोहलपुर एक्सप्रेस प्रदर्शनको तेस्रो सातामा समेत राम्रो दर्शक पाइरहेकाले यो चलचित्र नाफामा गएको अनुमान गरिएको छ।

चलचित्र इतिहासमै सबैभन्दा धेरै पटक प्रदर्शन मिती सरेको चलचित्र ह्याप्पी डेज व्यवसायिक रुपमा असफल सावित भयो। वैशाख १४ गते नै प्रदर्शनमा आएको उक्त चलचित्रले निर्देशक मिलन चाम्स तथा अभिनेत्री प्रियंका कार्कीको असफल चलचित्रको सूचीमा अर्को एउटा चलचित्र थप्यो। निर्देशक मिलन चाम्सले सिनेमा हलबाट रिपोर्ट नलिइसकेकाले ह्याप्पी डेजले कति रकम बराबरको व्यवसाय गर्‍यो, अहिले नै भन्न नसकिने बताए।



















वैशाख २१ गतेदेखि प्रदर्शनमा आएको चलचित्र डमरुको डन्डीबियो व्यवसायिक रूपमा औसत सावित भयो। पशुपतिप्रसादजस्तो सफल चलचित्र दिएका खगेन्द्र लामिछानेको क्रेजले पनि यो चलचित्रप्रति दर्शकलाई आकर्षित गर्न सकेन। छेतेन शेर्पाद्वारा निर्देशित यो पहिलो चलचित्रको मेकिङ भने उत्कृष्ट छ। खगेन्द्रसँगै मेनुका प्रधान, अनुप बराल आदि कलाकारले उत्कृष्ट अभिनय गरेका छन्। खेलकुदको विषयमा पनि नेपाली चलचित्र निर्माण गर्न सकिन्छ भन्ने कुरालाई यो चलचित्रले स्थापित गरेको छ। आकर्षक लोकेसनमा छायांकन गरिएको यो चलचित्रको कथासमेत रोचक थियो।

विगतमा चलचित्र झोला बनाएर चर्चामा आएका निर्देशक हुन् यादव कुमार भट्टराई। यसपटक उनले तराईमा व्याप्त दाइजो प्रथालाई मुख्य विषय बनाउँदै चलचित्र भोर निर्माण गरे। वैशाख २१ गतेदेखि नै प्रदर्शनमा आएको यो चलचित्रलाई क्यूएफएक्सले प्रदर्शन भएको केही दिनपछि नै नियमित प्रदर्शनबाट अलग राख्यो। समाजमा व्याप्त एउटा विसंगतिलाई आकर्षक शैलीमा चित्रण गरेको जस पाएका निर्देशक भट्टराई यसको व्यवसायिक पाटोबाट भने खुसी हुन सकेनन्।

वैशाखको अन्तिम साता प्रदर्शित चलचित्र लम्फू व्यवसायिक हिसाबले औसत रह्यो। २८ गते प्रदर्शनमा आएको लम्फूलाई दर्शकले खासै साथ दिएनन्। चलचित्रका निर्देशक गोपालचन्द्र लामिछानेले आफूहरूको सोचअनुसार चलचित्रले व्यापार गर्न नसकेको बताए। उनले भने, 'चलचित्रको प्रदर्शनअघि हामीले त्यति ठूलो अपेक्षा गरेका थिएनौं तर जुन अपेक्षा थियो त्यसको नजिक पनि पुग्न सकेका छैनौं। आशा छ, चलचित्रले लगानी उठाउनेछ।' उनले लम्फूको व्यापार मध्यम खालको रहेको बताए। मरिश्का पोखरेल, सलोन बस्नेत, कबिर खड्का आदि कलाकारद्वारा अभिनीत चलचित्र लम्फूमा एक युवाको जीवनमा आइपर्ने उतारचढावहरू समेटिएको थियो।

वैशाख २८ गते नै देशभरिका हलमा प्रदर्शनमा आएको चलचित्र हिरोजले पानीसमेत माग्न पाएन। प्रदर्शनको दिनदेखि नै न्यून मात्रामा हलमा देखिएका दर्शकले यो चलचित्रलाई खासै वास्ता गरेनन्। एक्सन, लभ, कमेडी तथा संवेदनाले भरिएको यो चलचित्रमार्फत करिश्मा मानन्धरले लामो समयपछि पुनरागमन गरेकी थिइन्। यद्यपि उनको अभिनयले कुनै जादु छर्न सकेन। राजनीतिक विकृति, बेरोजगारी, चेलिबेटी बेचबिखन तथा सडक बालबालिकाको विषयमा केन्द्रित चलचित्र हिरोजले वैशाख महिनाको असफल चलचित्रको सूचीमा एउटा चलचित्र थप्ने काम मात्र गर्‍यो।

सिनेमा हलमा चैतको पहिलो साता नै प्रदर्शन भएको मह जोडीको चलचित्र 'शत्रुगते' लाई अझै पनि दर्शकहरूले साथ दिइरहेका छन्। प्रदर्शनको ५१ औं दिन मनाएको शत्रुगतेले १२ करोडभन्दा बढी सङ्कलन गरिसकेको बताइन्छ।


KMG
KANTIPUR
RUNNER motorcycles
Half-Marathon
2018
IN ASSOCIATION WITH
NEPALLIFE INSURANCE CO. LTD.
किनकि जीवन अमूल्य छ...
POWERED BY NIC ASIA
CENTURY SPICES AND SNACKS
CO-POWERED BY Caliber SHOES
सहभागी हौं समृद्धिका लागि
RUN FOR PROSPERITY
Half Marathon
21.1 KM
5 KM Fun Run
Corporate & Media
5 KM
Wheelchair
Race
JESTHA
05
19TH MAY 2018
raman MOTORS
a raman general company
TITLE SPONSOR
RUNNER motorcycles
IN ASSOCIATION WITH
NEPALLIFE INSURANCE CO. LTD.
POWERED BY
NIC ASIA
CENTURY SPICES AND SNACKS
CO-POWERED BY
Caliber SHOES
SPONSORED BY
CATHAY DRAGON
एभरेष्ट बैंक EVEREST BANK
Real
SUMERU HOSPITAL

# वर्षका १२ सुन्दरी

कृष्ण भट्टराई

आजभन्दा ठीक २४ वर्षअघि अर्थात् २०५२ साल जेठ ४ गते शुक्रबारका दिन साप्ताहिकको पहिलो अंक बजारमा आउँदा अधिकांश पाठकको नजर पत्रिकाको मध्यपृष्ठमा अडिएको थियो। उक्त पृष्ठमा समज्ञ लाकौलले खिचेको वर्षा खड्काको तस्बिरलाई ब्लो-अपका रूपमा प्रस्तुत गरिएको थियो। वर्षा त्यति बेला चलचित्रमा स्थापित हुन संघर्षशील थिइन्। साप्ताहिकको ब्लो-अपमा तस्बिर प्रकाशित भएपछि उनको क्रेज ह्वात्तै बढ्यो। निकै कम चलचित्र निर्माण हुने त्यो समयमा उनले राम्रै चर्चा पनि पाइन्।

मोडलिङ तथा चलचित्र क्षेत्रमा करियर बनाउन चाहने नयाँ अनुहारलाई प्लेटफर्म दिने उद्देश्यले प्रारम्भ भएको साप्ताहिकको ब्लोअप पनि आजको मितिदेखि २३ पुगेर २४ औं वर्षमा प्रवेश गरेको छ। आजको मितिसम्म आइपुग्दा साप्ताहिकले आफ्नो मध्यपृष्ठमा ११ सय ५० वटा ब्लोअप प्रकाशित गरिसकेको छ भने तीमध्ये झन्डै ९५ प्रतिशत तस्बिर मोडल तथा अभिनेत्रीहरू छन्।



















## ब्लोअपमा बितेको वर्ष

पछिल्लो वर्ष साप्ताहिकका ५० वटा अंकमा प्रकाशित ब्लोअपमध्ये अधिकांश ब्लोअपमा मोडल तथा अभिनेत्रीहरूलाई चित्रण गरिएको छ। वर्ष २३ अंक १ अर्थात् गत वर्षको जेठ ५ गते अभिनेत्री श्वेता खड्काको ब्लोअप प्रकाशित गर्दै साप्ताहिकले आफ्नो नयाँ वर्ष प्रारम्भ गरेको थियो। वर्ष २०७३ मा प्रकाशित भएका ब्लोअपको मूल्यांकनमा श्वेता खड्काको ब्लोअप उत्कृष्ट हुँदै गत वर्षको पहिलो अंकमा उनकै तस्बिर प्रकाशित भएको हो। त्यसपछि साप्ताहिकमा इशा सुवेदी, साम्राज्ञी राज्यलक्ष्मी शाह, निकिता चाण्डक (मिस नेपाल वर्ल्ड-२०१७), लक्ष्मी आचार्य, इशा गुरुङ, शालु गौतम, एकता थापा, अञ्जली लामा, जेनी राई, आँचल शर्मा, सृष्टि तामाङ, सोरु बराइली, मरिष्का पोखरेल, नन्दिता केसी, प्रकृति श्रेष्ठ, प्रियंका कार्की, ममता जोशी, सुमी मोक्तान, प्रमिला कार्की, दीपिका प्रसाई, शुभेच्छा खड्का, अनु शाह, सरस्वती श्रेष्ठ, मेघना लामा, सारा शिर्पाली, श्रुतिका गुरुङ, सुनिक्षा मैनाली, अभिलाषा शर्मा स्वाँर, प्रतीक्षा खड्का, मिलन अमात्य, एलिना खड्का, श्रृंखला खतिवडा, हिमानी सुब्बा, स्वेच्छा केसी तथा एलिशा राईका तस्बिरहरू प्रकाशित भए। उनीहरूमध्ये अधिकांश मोडल थिए भने केही अभिनेत्रीसमेत थिए।

## विशेष ब्लोअप

साप्ताहिकले विशेष अवसर पारेर विशेष ब्लोअप प्रकाशित गर्ने परम्परालाई गत वर्ष पनि निरन्तरता दियो। बितेको वर्ष साप्ताहिकले असार १५, गाईजात्रा, तीज, दसैं, तिहार, क्रिसमस, अंग्रेजी नयाँ वर्ष, भ्यालेन्टाइन डे, होली, नेपाली नयाँ वर्ष आदि अवसर पारेर विशेष ब्लोअप प्रकाशित गरेको छ। त्यसका थालनी अघिल्लो वर्ष असार १५ विशेषबाट प्रारम्भ भयो। त्यसका लागि अभिनेत्री वर्षा शिवाकोटीले लुभुमा रोपाइँ गरिरहेको तस्बिरबाट गरियो। हरियो पृष्ठभूमिको उक्त ब्लोअप कृषकहरूप्रति समर्पित थियो। गाईजात्राको अवसर पारेर साप्ताहिकमा गत वर्षको साउन २० गते मह जोडी अर्थात मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको तस्बिरलाई ब्लोअपमा स्थान दिइयो। उक्त तस्बिरमा हरिवंश आचार्य महिलाको भेषमा थिए भने मदनकृष्ण श्रेष्ठले उनको जोडीका रूपमा अभिनय गरेका थिए। असोज ६ गतेको अंक दसैं विशेष थियो। उक्त अंकमा अभिनेत्री सारा शिर्पाली तथा मोडल एलिशा राईको जोडीलाई प्रस्तुत गरियो। दसैं आगमनको संकेत दिने उक्त ब्लोअपमा सारा तथा एलिशा परम्परागत पहिरनमा प्रस्तुत भएका थिए। कात्तिक ३ गते प्रकाशित भएको तिहार विशेष ब्लोअपमा पनि तिहारकै झझल्को दिने प्रयास गरियो। उक्त ब्लोअप पोखराको लेकसाइडमा खिचिएको थियो, जहाँ मोडलद्वय रोशनी नेपाली तथा निर्मिता घिमिरे लेहेंगा चोली र गाउनमा प्रस्तुत भएका थिए। क्रिसमसको अवसर पारेर पुस ७ गते प्रकाशित ब्लोअपमा मोडल अस्मिता गौतमलाई क्रिसमस थिममै प्रस्तुत गरिएको थियो। अंग्रेजी नयाँ वर्ष विशेष साप्ताहिकको ब्लोअपमा भने वर्ष २०१७ का मिस नेपालका मुख्य उपाधि विजेताहरू निकिता चाण्डक, नीति शाह, रोजिना श्रेष्ठ तथा साहारा बस्नेतलाई चित्रण गरिएको थियो। फागुन २६ गते प्रकाशित भ्यालेन्टाइन विशेष ब्लोअपमा अभिनेता पुष्प खड्का तथा मोडल पूनम रायमाझीको जोडीलाई प्रस्तुत गरिएको थियो। फागुन ११ गतेको होली विशेष साप्ताहिकको ब्लोअपमा अभिनेत्री शिल्पा पोखरेलको होली मुड प्रस्तुत गरियो। फागुन २५ गते विवाह विशेष ब्लोअपमा रोनाली अमात्य, त्रिशाला गुरुङ तथा अभिलाषा शर्मालाई चित्रण गरियो। चैत ९ गतेको साप्ताहिकमा अभिनेता हरिवंश आचार्य तथा अभिनेत्री दीपाश्री निरौला प्रस्तुत भए। नयाँ वर्ष २०७५ लाई स्वागत गर्ने नयाँ वर्ष विशेष ब्लोअपमा मोडलद्वय प्रिया श्रेष्ठ तथा प्रतिक्षा सेन्चुरीको तस्बिर समावेश थियो।

## ब्लोअपमा पुरुष

साप्ताहिकले हरेक वर्ष गर्ने ब्लोअप सर्वेक्षणमा सहभागी अधिकांश पुरुष सेलिब्रेटीहरूले महिनामा एकपटक पुरुष मोडलको तस्बिर प्रकाशित गर्नुपर्ने धारणा व्यक्त गर्दै आएका छन्। पाठकहरूले समेत बेला-बेलामा पुरुष मोडल तथा अभिनेताहरूको ब्लोअप हेर्न चाहेका छन्। यी सबैका बाबजुद बितेको वर्ष साप्ताहिकको










# वर्षका १२ ......

ब्लोअपमा पर्न सफल भए अभिनेता तथा मोडल आशिरमान देशराज जोशी। चलचित्र अभिनेताका रूपमा स्थापित भैसकेका आशिरमानको ब्लोअप साउन २७ गतेको अंकमा प्रकाशित भएको थियो। यद्यपि साप्ताहिकले महिला-पुरुष तथा महिला-महिलाको तस्बिरलाई जोडी बनाएर प्रकाशित गर्ने शैलीलाई भने जारी राख्यो। बितेको वर्ष मह जोडी, हरिवंश-दीपा, पुष्प-पूनम, सारा-एलिशा, रोशनी-निर्मिता, प्रिया-प्रतिक्षा आदिका तस्बिर जोडिका रूपमा प्रस्तुत भएका थिए।

### ब्लोअपमा अभिनेत्री

बितेको वर्ष झन्डै एक दर्जन अभिनेत्री ब्लोअपमा प्रस्तुत भए। वर्षको पहिलो अंकमै अभिनेत्री श्वेता खड्कालाई ब्लोअपमा प्रस्तुत गरिएको थियो। त्यसपछि क्रमशः साम्राज्ञी राज्यलक्ष्मी शाह, वर्षा शिवाकोटी, आँचल शर्मा, मरिष्का पोखरेल, नन्दिता केसी, प्रियंका कार्की, सुमी मोक्तान, दीपिका प्रसाईं, शुभेच्छा खड्का, अनु शाह, सारा शिर्पाली तथा शिल्पा पोखरेल ब्लोअपमा छाए।

### सर्वोत्कृष्ट ब्लोअप सुन्दरीको छनौट

वर्ष २३ को ५० अंकमा प्रकाशित ५० वटा ब्लोअपमध्ये एकल तस्बिर प्रकाशित भएका ४२ वटा ब्लोअपलाई मात्र सर्वोत्कृष्ट ब्लोअप सुन्दरीको प्रतिस्पर्धामा सहभागी गराइयो। ती ४२ जना सुन्दरीको ब्लोअपमध्येबाट साप्ताहिकको अनलाइन संस्करण, फेसबुक तथा ट्विटरमा सर्वाधिक हेरिएका तथा मन पराइएका उत्कृष्ट २० ब्लोअप छनौट गरिएपछि साप्ताहिकद्वारा छनौट गरिएका १० जना सेलिब्रेटी निर्णायकलाई उत्कृष्ट १२ ब्लोअप छनौट गर्न आग्रह गरियो। प्रत्येक निर्णायकले २० वटै ब्लोअपलाई पूर्णांक १० को आधारमा भोट दिनु भयो। उहाँहरूले दिनुभएको मतका आधारमा सर्वाधिक अंक पाउने उत्कृष्ट १२ ब्लोअप सुन्दरीको छनौट गरियो। निर्णायक समितिमा ग्याप गायक निर्णय श्रेष्ठ (निर्णय दा एनएचके), फोटो पत्रकार हरिगोपाल श्रेष्ठ, सञ्चारकर्मी विजय आवाज, अभिनेता कबिर खड्का, रंगकर्मी तथा चलचित्र लेखक अजित लामिछाने, निर्देशक तथा अभिनेता आसिफ शाह, इभेन्ट मेनेजर तथा डिजाइनर फुपु तेन्जिङ शेर्पा, चलचित्र निर्देशक गोपालचन्द्र लामिछाने, अन्तर्राष्ट्रिय मोडल दीपक घिमिरे तथा गायक/चिकित्सक डा. विक्रान्त मेहता हुनुहुन्छ। त्यसक्रममा निर्णायकले ब्लोअपमा प्रस्तुत भएका मोडल तथा अभिनेत्रीहरूको पोज, हाउभाउ, फोटोजेनिक तथा समग्र फोटोग्राफीका आधारमा अंक प्रदान गर्नु भएको थियो।

### उत्कृष्ट १२ सुन्दरी

निर्णायकहरूको मतका आधारमा यो वर्ष मिस नेपाल वर्ल्ड-२०१८ श्रृंखला खतिवडाले सबैभन्दा बढी अंक पाइन्।










मिस नेपालको उपाधि जितेपछिको हप्ता साप्ताहिकले श्रृंखलाको तस्बिरलाई ब्लोअपमा प्रस्तुत गरेको थियो। अधिकांश निर्णायकले श्रृंखलाको पोज, फोटो पत्रकार महेश प्रधानको फोटोग्राफी तथा डिजाइनर सुष्मा सिंहले डिजाइन गरेको पहिरन सर्वाधिक मन परेको प्रतिक्रिया दिएका छन्। उत्कृष्ट ब्लोअप सुन्दरीको दोस्रो स्थानमा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह छिन्। लाजिम्पाट नजिककैको रानीबारीमा खिचिएको तस्बिरमा साम्राज्ञी असाध्यै सुन्दर देखिएकी थिइन्। त्यस क्रममा साम्राज्ञीले कसरोड अपेरियलले तयार पारेको लङ गाउन लगाएकी थिइन्। अधिकांश निर्णायकले साम्राज्ञीले लगाएको पहिरन तथा पोजलाई मन पराए। तेस्रो स्थानमा मिस नेपाल वर्ल्ड-२०१७ निकिता चाण्डक पर्न सफल भइन्। निकितालाई मिस नेपाल-२०१७ को उपाधि जितेलगत्तै गत वर्षको जेठ २६ गते प्रकाशित ब्लोअपमा चित्रण गरिएको थियो। अभिनेत्री प्रियंका कार्कीको ब्लोअपले चौथो स्थान प्राप्त गऱ्यो। अधिकांश निर्णायकले प्रियंकाको पोज मन पराए। अभिनेत्री दीपिका प्रसाईं पाँचौं स्थानमा परिन्। चलचित्र ऐश्वर्यबाट रजतपटमा उदाएकी दीपिका चलचित्रको सफलतासँगै साप्ताहिकको ब्लोअपमा प्रस्तुत भएकी थिइन्। छैटौं स्थानमा मोडल तथा अभिनेत्री शुभेच्छा खड्का रहिन् भने सातौं स्थान अभिनेत्री सारा शिर्पालीले सुरक्षित गरिन्। अभिनेत्री मरिष्का पोखरेल आठौं स्थानमा रहन सफल भइन् भने आँचल शर्मा नवौं स्थानमा रहिन्। अभिनेत्री तथा नृत्यांगना एलिशा राई दसौं स्थानमा परिन् भने मोडलद्वय स्वेच्छा केसी तथा सरस्वती श्रेष्ठ क्रमशः एघारौं तथा बाह्रौं स्थानमा रहन सफल भए।

# निर्णायकहरूको धारणा

### निर्णय श्रेष्ठ, गायक

साप्ताहिक हात पर्नेबित्तिकै सबैभन्दा पहिले आँखा जाने भनेकै ब्लोअपमा हो। साप्ताहिकले नयाँ अनुहारलाई जसरी प्लेटफर्म दिएको छ, त्यसलाई निरन्तरता दिइरहनुपर्छ। मेरो विचारमा ब्लोअपले नयाँ प्रतिभाको करियरमा टर्निङ प्वाइन्टको भूमिका निर्वाह गरेको छ।

### हरिगोपाल श्रेष्ठ, फोटो पत्रकार

साप्ताहिकको ब्लोअप आकर्षक छ। यद्यपि पछिल्ला केही वर्षयता साप्ताहिकले नयाँभन्दा पुराना अनुहारलाई बढी स्थान दिएको जस्तो लाग्छ। साप्ताहिकले ब्लोअपमा नयाँ अनुहारलाई नै प्रस्तुत गरेर उनीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका प्रदान गर्नुपर्छ।

### विजय आवाज, सञ्चारकर्मी

पहिले-पहिले अनलाइन मिडिया नहुँदा साप्ताहिकको ब्लोअप नै नयाँ कलाकारको एक मात्र विकल्प हुन्थ्यो। पछिल्ला केही वर्षयता साप्ताहिकले नयाँको तुलनामा पुराना अभिनेत्रीलाई बढी प्राथमिकता दिएको देखिन्छ। अझ चलचित्र प्रदर्शन हुने अवसर पारेर चलचित्रकै प्रचार हुने शैलीमा प्रकाशित गरिने ब्लोअपको खासै अर्थ हुँदैन। बिकिनी तस्बिरलाई पनि साप्ताहिकले स्थान नदिएकै राम्रो। इन्टरनेटको जमानामा पत्रिकामा बिकिनी पोजलाई स्थान दिनुको खासै महत्व नहोला। मेरो विचारमा साप्ताहिकले अहिले पनि नयाँ अनुहारलाई नै बढि भन्दा बढि प्राथमिकता दिनुपर्छ।

### कबिर खड्का, अभिनेता

बजारमा आउन संघर्ष गरिरहेका नयाँ अनुहारलाई साप्ताहिकले ब्लोअपमा स्थान दिएर ठूलो गुण लगाएको छ। साप्ताहिकको ब्लोअपमा आएपछि कुनै पनि नयाँ अनुहार ग्ल्यामर क्षेत्रमा सहजै भिज्न सक्ने हुन्छन्। आगामी दिनमा पनि साप्ताहिकले खोजी-खोजी नयाँ अनुहारलाई नै स्थान दिइरहनुपर्छ।

### अजित लामिछाने, लेखक/कलाकार

चलचित्र, म्युजिक भिडियो तथा विज्ञापनका निर्देशकहरूलाई साप्ताहिकको ब्लोअपले ठूलो सहयोग पुऱ्याएको मैले अनुभव गरेको छु। ब्लोअपमार्फत साप्ताहिकले नयाँ कलाकारहरूलाई आफ्नो करियर प्रारम्भ गर्न ठूलो हौसला प्रदान गर्दै आएको छ।

### दीपक घिमिरे, मोडल

साप्ताहिकको ब्लोअपमा पुरुष मोडलहरूले पनि स्थान पाउनुपर्छ। हुन त पछिल्लो समय महिला तथा पुरुषलाई जोडीका रूपमा प्रस्तुत गरेर ब्लोअपमा पुरुषको पनि सहभागिता बढाइएको छ, यद्यपि महिनामा कम्तिमा एउटा भए पनि पुरुषको ब्लोअप समावेश गर्न सके हामी पुरुष मोडलहरूलाई समेत राहत हुने थियो।

### आशिफ शाह, निर्देशक

वर्षका १२ सुन्दरी छान्ने क्रममा मैले ग्ल्यामरभन्दा पनि ओभरअल प्याकेजमै मूल्यांकन गरेको छु। त्यसक्रममा मैले साप्ताहिकले मौसम, अवसर, सेलिब्रेसन आदि सबै कुरालाई ध्यान दिएको पाएँ। फेसनको परिवर्तित शैलीदेखि फोटो खिच्ने शैलीसम्ममा साप्ताहिकले सक्दो मेहनत गरेको छ। यद्यपि आगामी दिनमा ब्लोअपमा क्रिएटिभ एंगल पनि समावेश हुनुपर्छ भन्ने मेरो सुझाव छ। यसका साथै नारी दिवसदेखि इदसम्मका पर्वलाई पनि ब्लोअपमा स्थान दिनुपर्छ।

### फुपु तेन्जिङ शेर्पा, इभेन्ट म्यानेजर

फेसन र मोडलिङ क्षेत्रमा साप्ताहिकको ब्लोअपले पुऱ्याएको योगदानको चर्चा जति गरे पनि कम हुन्छ। साप्ताहिकको ब्लोअपमा आउने नयाँ अनुहार एक दिनमै सेलिब्रेटी बनेको हामीले अनुभव गरेका छौं। मेरो एउटा मागचाहिं के छ भने पुराना अभिनेत्रीहरूको ब्लोअप दोहोऱ्याउनुभन्दा प्रतिष्ठित सौन्दर्य प्रतियोगिताका विजेताहरूलाई मौका दिन सके उनीहरू थप उत्साहित हुने थिए।

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक









# श्रृंखला खतिवडा

मिस नेपाल वर्ल्ड-२०१८







तस्बिर : महेश प्रधान

लोकेशन : दरबारमार्ग, काठमाडौं

पहिरन : सुष्मा सिंह, ओमन्स प्लानेट, घण्टाघर, काठमाडौं

मेकअप : श्रद्धा मास्के

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# सुनकेशरीको अपेक्षा

व्यवसायिक रूपमा सफल चलचित्र कोहलपुर एक्सप्रेसमा पृथक् अभिनय गरेर चर्चामा आउने अभिनेत्री हुन्– ऋचा शर्मा । उक्त चलचित्रमा सोसल साइटमा चर्चित तिर्सना बुढाथोकीको शैलीमा संवाद बोल्ने ऋचाको नाम पनि तिर्सना नै छ । चलचित्रको ट्रेलर मात्र होइन, समग्र चलचित्रमै ऋचाको उक्त चरित्रलाई दर्शकहरूले मन पराए । केही समीक्षकले उनको पात्रलाई लाउड भने पनि समग्रमा ऋचा पृथक् देखिएकी थिइन् । यतिबेला ऋचा आफ्नो नयाँ चलचित्र सुनकेशरीमार्फत अझ पृथक् शैलीमा प्रस्तुत हुने तयारीमा छिन् । जेठको तेस्रो साता प्रदर्शनमा आउने उक्त हरर चलचित्रमा ऋचालाई भूतको गेटअपमा देख्न पाइन्छ । आफ्ना हरेक चलचित्रमा केही न केही प्रयोग गर्न रुचाउने ऋचाले सुनकेशरीको भूतको भूमिकाबाट भने अत्यन्त आशा गरेकी छिन् । यो चलचित्रमा मैले निर्वाह गरेको पात्रले दर्शकहरूलाई तर्साउने त छ नै, ऋचा भन्छिन्- सँगसँगै मेरो यो नयाँ प्रयोगलाई सबैले मन पराउनुहुनेछ भन्ने कुरामा पनि ढुक्क छु ।



# लफडा फूलपातीको

त्यसै त दसैं हामी नेपालीको महान् पर्व, त्यसमाथि दसैंको फूलपातीको दिनदेखि वास्तविक दसैं प्रारम्भ हुन्छ । त्यसैले उक्त दिन सबैका लागि प्रिय छ । यतिबेला नेपाली चलचित्रमा त्यही फूलपातीले ठूलै लफडा निम्त्याउने सम्भावना देखिँदैछ । पछिल्ला दुईवटा फूलपातीमा दीपकराज गिरीले चलचित्र 'छक्कापञ्जा' चलाए । यसपटकको फूलपातीमा पनि उनले छक्कापञ्जा-३ प्रदर्शन गर्ने घोषणा धेरै पहिले नै गरिसकेका छन् । रमाइलो कुरा के छ भने यही मितिमा पुराना चलचित्रकर्मी अशोक शर्मा पनि आफूले लामो समयपछि निर्माण गरेको चलचित्र 'जय भोले' लिएर आउँदैछन् । शर्माले अधिकांश सिनेमा हलमा प्रसारण हुने टिजरमार्फत फूलपातीको डेटलाई दर्शकको मनमा बसाइसकेका छन् । एउटै मितिमा दुई ठूला चलचित्र एकसाथ प्रदर्शनमा आउने भएपछि दुवै निर्मातालाई तनाव भएको छ । यसबीच चलचित्रको प्रदर्शन मिति हेरफेर गर्ने विषयमा गिरी तथा शर्माबीच केही चरणको वार्ता समेत भैसकेको बताइन्छ । यद्यपि दुवै पक्ष उक्त मितिबाट तल-माथि हुने कुरामा सहमत हुन सकेका छैनन् । यदि सहमति भएन भने दसैंमा दर्शकहरूले छानी-छानी नेपाली चलचित्र हेर्ने मौका पाउनेछन्, कि कसो ?




# आँपको चर्चा

जेठ लागेपछि सहरमा आँप भित्रिन थालेको छ । साउनको अन्त्यसम्म नै सहरभरि आँप उपलब्ध हुन्छ । आँपको सिजन प्रारम्भ हुनै लाग्दा चलचित्र क्षेत्रमा पनि यसको चर्चा चुलिन थालेको छ, यद्यपि यो आँप खान भने मिल्दैन । चलचित्र क्षेत्रको उक्त आँप एउटा जोडीको छोटो नाम हो । आँप अर्थात् आँचल शर्मा र पल शाह । पछिल्लो समय यी दुईमध्ये एक जनामात्र उपस्थित भएको समारोहमा अनुपस्थितको खोजी गर्न थालिएको छ । दुवैलाई कुनै सम्मान प्रदान गरियो र त्यहाँ एक जना मात्र उपलब्ध छन् भने दुवै सम्मान एकै जनालाई प्रदान गरेर 'सुरक्षित रूपमा घरसम्म छाडिदिनु है' भनिन्छ । शनिबार चलचित्र शत्रु गतेको ५१ औं दिने समारोहमा पनि त्यही दृश्य दोहोरियो । चलचित्रका कलाकारहरूलाई सम्मान थाप्न बोलाउने क्रममा उद्घोषकको समेत जिम्मेवारी सम्हालेका जीतु नेपालले स्टेजमै रहेकी आँचललाई बोलाए । आँचलले सम्मान ग्रहण गरेपछि जितुले 'भन्न त नहुने हो...' मात्र के भनेका थिए, चलचित्रका निर्माता समेत रहेका हास्य अभिनेता किरण केसीले पछाडिबाट थपे- हुन्छ हुन्छ...भने हुन्छ, पलको सम्मान पनि आँचललाई दिएर घरसम्म छाड्न आग्रह गरे हुन्छ । किरणको उक्त भनाइ भुइँमा झर्न नपाउँदै जीतुले त्यही कुरा दोहोर्‍याए, स्टेजमा भएका सबै हाँसे, आँचल भने लाजले रातो पिरो भइन् ।

मलाई मनपर्छ

# प्राश्नाका १० सूर



**आवाज देऊ**

महाराज थापाको शब्द तथा संगीतको यो गीतले मलाई नेपाली सांगीतिक क्षेत्रमा गायिकाको परिचय दियो ।

**गाउँले जीवन**

निर्णय एनएसकेसँगको सहकार्यमा तयार भएको यो गीत फरक फ्लेवरको छ । कन्सर्टहरूमा दर्शकहरूबाट यो गीतको माग बढी हुन्छ ।

**ओइलाएको फूललाई**

चलचित्र बाटोमुनिको फूलको यो गीत निकै मार्मिक छ । यशकुमारको संगीतको यो गीतले चलचित्रको कथा पनि भन्छ ।

**मुटु नचिरिदेऊ**

सुकबहादुर गुरुङको शब्द तथा सतिस श्रेष्ठको संगीतको यो गीत एक्लै बसेर गुनगुनाउँदा आनन्द महसुस हुन्छ ।

**पलपल बिताउन**

अराज केशवको शब्द तथा मोहित मुनालको संगीतको फास्ट बिटको यो गीतमा मैले धेरै पटक दर्शकहरूलाई नचाएकी छु ।

**ए हावा**

यो गीतको मेलोडी बलियो छ । सरिता तुलाधरको शब्द तथा हरि लम्सालको संगीतमा तयार यो गीत गाउँदा आनन्द अनुभव हुन्छ ।

**बादल वर्षा बिजुली**

सचिन सिंहको संगीतको चलचित्र कर्तव्यको बादल वर्षा बिजुली गीत दर्शकहरूले अत्यधिक रुचाउनुभयो । डान्सिङ बिटको उक्त गीतले मलाई चलचित्रका अन्य गीतमा पनि अवसर दिलायो ।

**बिन्ति कोही मेरो खबर**

निलम आङ्बुहाङ राईको शब्द तथा प्रविन बराइलीको संगीतको यो गीतकै कारण मैले दर्शकहरूको अत्यधिक माया पाइरहेकी छु ।

**म त सोझी सोझी**

लोकलयमा आधारित यो गीतले दर्शकहरूलाई छमछमी नचाउँछ । नरेश भट्टराईको शब्द तथा सुनिल मास्केको संगीतको यो गीत जति सुने पनि मन अघाउँदैन ।

**शिरैमा शिरबन्दी**

नरेश भट्टराईको शब्द तथा सचिन सिंहको संगीतको यो रमाइलो गीत मेला, कन्सर्ट तथा नाचगानहरूमा बजाइँदै आएको छ ।

प्रस्तुति : अनोज रोक्का



# आउने नै भइन् कविता

अन्ततः करिश्मा मानन्धर तथा बिनोद मानन्धर पुत्री कविता मानन्धरले नेपाली चलचित्रमा डेब्यु गर्ने भएकी छिन् । करिश्माले अमेरिका रिर्टन आफ्नी छोरीलाई अभिनेता शिव श्रेष्ठको चलचित्र 'यस्तो एउटा प्रेम कहानी' मार्फत रजतपटमा ल्याउने निर्णय गरेकी हुन् । दीपेश सापकोटाले निर्देशन गर्ने उक्त चलचित्रमा करिश्मासंगै शिव श्रेष्ठका छोरा शक्ति श्रेष्ठ पनि अभिनेताका रूपमा पदार्पण हुँदैछन् । त्यसो त यसअघि करिश्माले छोरी कवितालाई आफ्नै ब्यानरको चलचित्रबाट डेब्यु गराउने योजना बनाएकी थिइन् । अघिल्लो वर्ष मात्र अध्ययन पूरा गरेर अमेरिकाबाट स्वदेश फर्किएकी कविताले पनि अब चलचित्रमै करियर बनाउने निर्णय गरिसकेको बताइन्छ ।





# दीपशिखाको साहस

अभिनेत्री दीपशिखा खड्का बेला-बेलामा चर्चामा आइरहने नाम हो । सोसल साइटमा समेत उत्तिकै सक्रिय दीपशिखा यतिबेला एउटा नयाँ कामका कारण चर्चामा छिन् । आफ्नै लगानीमा निर्माण भैरहेको चलचित्र 'प्रेमलीला' का लागि दीपशिखाले आफ्नो केश मुण्डन गरेकी छिन् । उनको यो कदमलाई उनका सहकर्मी कलाकारहरूले साहसको काम भन्दै प्रशंसा गरेका छन् । अघिल्लो साता मात्र चलचित्रका लागि 'जाने क्या हुवा' शीर्षकको हिन्दी गीतको छायांकनमा सहभागि भएकी दीपशिखाले केश मुण्डन गर्ने कारण भने खुलाएकी छैनन् । चलचित्रकै लागि केश मुण्डन गरेकी हुँ भन्ने त बुझिसक्नु भयो होला, दीपशिखाको भनाइ छ- चलचित्र प्रदर्शन भएपछि मैले केश मुण्डन गरेको कारण सबैले बुझ्नुहुनेछ ।

**मेरो रोजाइ**

# सबिन श्रेष्ठ

**गायक** – रामचन्द्र काफ्ले
**गायिका** – आस्था राउत
**अभिनेता** – अनुपविक्रम शाही
**अभिनेत्री** – रेखा थापा
**मोडल** – अनु शाह
**संगीतकार** – दीपक शर्मा र टंक बुढाथोकी
**निर्माता** – छविराज ओझा
**निर्देशक** – उज्ज्वल घिमिरे
**नेता** – केपी ओली
**नेतृ** – कोमल वली
**पत्रकार** – दिनेश सिटौला
**टिभी एंकर** – सुरजसिंह ठकुरी
**खेलाडी** – पारस खड्का
**चिकित्सक** – डा. ओममूर्ति अनिल
**व्यवसायी** – सञ्जीव नापित
**सामाजिक अभियन्ता** – धुर्मुस-सुन्तली
**हास्यकलाकार** – मह जोडी



# सामाजिक सञ्जालमा हिट हुँदै

अभिनेता अनमोल केसीले जब नयाँ चलचित्रमा अभिनय गर्ने चर्चा हुन्छ, तब उनीसँगै अभिनय गर्ने नायिकाको पनि मज्जैले चर्चा हुन्छ । अनमोलले यसअघि चलचित्र कृमा अभिनय गरे, त्यतिबेला पनि नायिका अदिति बुढाथोकी चर्चामा आएकी थिइन् । यतिबेला अनमोल चलचित्र क्याप्टेनमा काम गर्दैछन् । क्याप्टेनकी नायिकाका रूपमा प्रियंका एमभी तथा उपासना सिंह ठकुरीले डेब्यु गर्दैछन्, जसमध्ये उपासना चलचित्रमा अभिनय गर्नु अगावै सामाजिक सञ्जालमा हिट छिन् । उनको इन्स्टाग्रामलाई ३९ हजारभन्दा बढीले फलो गरेका छन् । उपसनाले इन्स्टामा आफ्ना बोल्ड तस्विरहरू सार्वजनिक गर्दै आएकी छिन् । उपासनाको तुलनामा अभिनेत्री प्रियंका कार्कीलाई इन्स्टामा फलो गर्नेहरू निकै कम छन् । प्रियंकाको इन्स्टा एकाउन्टमा हालसम्म ७ हजारको हाराहारीमा फलोअर्स छन् ।



बलिउड

# किन यति उत्साहित धवन ?

अभिनेता वरुण धवनले वर्षौंदेखि खोजीरहेको भूमिका चलचित्र 'कलंक' मा पाएका छन् । धवनले अहिलेसम्म यस्तो खालको भूमिका कुनै पनि चलचित्रमा पाएका थिएनन् । हाल उनले एक भिडियो सार्वजनिक गरेका छन्, जसमा धवनले वर्कआउट गरिरहेको देख्न सकिन्छ । उनले क्याप्सनमा लेखेका छन्, 'कलंकका लागि नाइट ट्रेनिङ, वर्षौंदेखि एउटा क्यारेक्टरको पर्खाइमा थिएँ, जुन अहिले मिलेको छ ।' धवनले यस्तो भूमिका १५ वर्षअघि नै गर्न खोजेका थिए तर यतिका वर्षपछि उनलाई चिट्ठा परेको छ । यो धवनका लागि ड्रिम चलचित्रसमेत हो । कलंकमा संजय दत्त, माधुरी दीक्षित, आलिया भट्टा, सोनाक्षी सिन्हा तथा आदित्य राय कपुरले समेत अभिनय गर्दैछन् । आखिर यति उत्साहित धवनको यो चलचित्र कस्तो होला, चलचित्र प्रदर्शनपछि मात्र थाहा हुनेछ ।



# प्रियंकालाई चाहियो यस्तो पति

बलिउडकी सुन्दर अभिनेत्री प्रियंका चोपडाको उमेर ३५ वर्ष कटिसकेको छ । उमेर बढ्दै जाँदा प्रियंकाको परिवारले अब विवाह गरिदिए हुन्थ्यो भन्ने चाहना गरेका छन् तर उनले भने विवाह गर्न तयार भएको तर भनेजस्तो पुरुष नपाएको भन्दै कुरा पन्छाउँदै आएकी छिन् । हालै एक प्रसंगमा प्रियंकाले आफूलाई चाहिएको श्रीमान् कस्तो हो भन्ने कुरा भने खुलाएकी छिन् । प्रियंका भन्छिन्, 'त्यो पुरुष मलाई देखेर पागल होस्, अत्यन्तै माया गर्ने खालको होस् अनि मनको कुरा खुलेर भनोस् ।' प्रियंकालाई लाग्छ, अधिकांश पुरुषले मनका कुरा मनमै लुकाउन खोज्छन्, तर यस्ता पुरुष आफूलाई मन नपर्ने उनले बताएकी छिन् । भनेजस्तो युवक पाइयो भने सँगै जीवन बिताउन त आनन्द हुन्छ नि समेत भनेकी छिन् प्रियंकाले । आशा गरौं, प्रियंकाले भनेजस्तो पुरुष चाँडै फेला पार्नेछिन् ।





# जिरो फिगरको भूत

करिना कपुर आफ्नो स्वास्थ्यका सम्बन्धमा गम्भीर छिन् । खानपानदेखि व्यायामसम्मका कामलाई उनी निकै महत्त्व दिन्छिन् । अभिनयमा एक खालको जादु छर्ने भएकाले मात्र होइन, उनको शरीर देखेर लोभिनेहरू पनि धेरै थिए, तर जब सैफसँग उनको विवाह भयो र तैमुर जन्मियो, त्यसपछि करिनाको मोटोपन बढ्दै गयो । यद्यपि करिनाले शिशु जन्मिएको छोटो समयमै आफूलाई उही आकारमा ल्याएकी छिन । अधिकांश महिलालाई सन्तान जन्माएपछि पहिलेकै आकारमा आउन निकै गाह्रो हुन्छ, तर करिना त्यसमा अपवाद सावित भएकी छिन् । पछिल्लो एक तस्बिरअनुसार करिना जिरो फिगरमा फर्किएकी छिन् । कतिपयले त यसको चर्को आलोचनासमेत गरेका छन् । कतिपय प्रशंसकले करिनाको यो शैलीको मजाकसमेत उडाएका छन् । करिनालाई किन एकाएक जिरो फिगरको भूत चढ्या होला खै !

# इन्स्टामा जोडिइन् ऐश्वर्या

पूर्व मिस वर्ल्ड तथा भारतकी चर्चित अभिनेत्री ऐश्वर्या राय अन्ततः सामाजिक सञ्जाल इन्स्टाग्राममा जोडिएकी छिन् । ऐश्वर्या अरू अभिनेत्रीभन्दा फरक जीवन बाँच्न चाहने अभिनेत्रीसमेत हुन्, तर भारतका धेरै कलाकारले करोडौं फ्यान फलोइङ बनाइसकेपछि ऐश्वर्या किन यति ढिलो इन्स्टामा जोडिइन् भन्ने कुरा खुलस्त नपारे पनि ऐश्वर्याले भनेकी छिन्, 'यो सबै प्रशंसकहरूकै कारण हो ।' बलिउडकी सुन्दर अभिनेत्री राय कामको समयबाहेक व्यक्तिगत जीवन बाँच्न चाहने अभिनेत्री हुन् । ऐश्वर्याले आफ्ना प्रशंसकहरूले वर्षौंदेखि गरेको लगातारको अनुरोधलाई ११ मेमा आएर मात्र स्वीकार गरेको बताएकी छिन् । अब ऐश्वर्या इन्स्टामा कत्तिको सक्रिय हुने हुन्, त्यो भने भविष्यमै थाहा होला ।



## लिटिल मिस युनिभर्समा

टर्कीको अन्तालियामा गत वैशाख २१ देखि २७ गतेसम्म सञ्चालित छात्राहरू केन्द्रित लिटिल मिस युनिभर्स-२०१८ मा नेपालका तर्फबाट सहभागी १३ वर्षीया लुइसा गुरुङले मिस सुपरमोडल तथा मिस ग्रेस गरी दुईवटा एवार्ड जितेकी छिन् । उनलाई लिटिल मिस युनिभर्स प्रतियोगिताका लागि एभरेस्ट फेसन होम नेपालले चयन गरेको थियो ।



## पहिलो मिसेज हङकङ

हङकङ नेपाली महिला संघको आयोजनामा सम्पन्न मिसेज हङकङमा आफ्ना १० जना प्रतिस्पर्धीलाई पछि पार्दै पविता पुमा राई प्रथम मिसेज हङकङ-२०१८ को उपाधि जित्न सफल भइन् ।

प्रतियोगितामा प्रतिस्पर्धीहरू कल्चरल, साडी तथा गाउन राउन्डमा प्रस्तुत भएका थिए । दुई चरणमा विभाजित प्रतियोगितामा पहिलो चरणबाट ७ जना छनौट भएका थिए । प्रतियोगितामा सावित्रा इङनाम र अनिता तामाङ क्रमशः फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअप घोषित भए । यो प्रतियोगिताको कोरियोग्राफी पूर्व मिस नेपाल सुगरिका केसी तथा मोडल एवं अभिनेता विनोद बस्नेतले गरेका थिए ।

अनोज रोक्का

## मिस ब्रिक्स इन्टरनेसनलमा एकता

भारतको नयाँ दिल्लीमा सञ्चालन हुने मिस ब्रिक्स इन्टरनेसनल-२०१८ मा नेपालका तर्फबाट एकता कुँवरले सहभागिता जनाउँदै छिन् । ब्रिक्स अलाएन्स बिजनेस फोरम-२०१८ सित जोडिएर प्रारम्भ हुन लागेको मिस ब्रिक्स इन्टरनेसनलमा सहभागी २२ वर्षीया एकता मोडल हन्ट नेपालको तेस्रो सिजनकी सेकेन्ड रनर्सअप हुन् । एकताले भारतस्थित इन्भर्टिस विश्वविद्यालयबाट बी फार्मेसी अध्ययन गरेकी छिन् । वाक फोर रेस्पेक्ट अर्थात् आदरका लागि हिंड्नुहोस् भन्ने नारासहितको यो नयाँ सौन्दर्य प्रतियोगिता भोलि शनिबार देखि चार दिनसम्म चल्नेछ ।

## हिलिहाङ महोत्सव सम्पन्न




हिलिहाङ गाउँपालिकाले प्रथम हिलिहाङ महोत्सव-२०७५ धूमधामका साथ सम्पन्न गरेको छ । आफ्नो गाउँपालिका र गाउँपालिकामा रहेका पर्यटकीय स्थलको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोजित महोत्सवमा किराँत राजा हिलिहाङले राज गरेको ऐतिहासिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको थियो । एक साता चलेको महोत्सवमा स्थानीय उत्पादनको प्रदर्शन, खेलकुद, स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति आदि कार्यक्रम सम्पन्न गरिएका थिए । करिब १ हजार ३ सय रोपनी क्षेत्रफलमा फैलिएको हिलिहाङ दरवार क्षेत्र महोत्सवको प्रमुख आकर्षण थियो । महोत्सवमा राई, लिम्बू, सुनुवार, माझी, शेर्पा तथा तामाङ जातिका परिकारहरू पनि राखिएको थियो भने लोकबाजा, लोक तथा सांस्कृतिक पञ्चे बाजा, बिनायो, मुर्चुङ्गा, ढोल, ख्याली, हाक्पारे एवं धाननाच प्रस्तुत गरिएको थियो ।

आनन्द गौतम

## ज्वेल अफ द वर्ल्ड-२०१८



ज्वेल अफ द वर्ल्डमा नेपालबाट सपना भेटवालको सहभागिता हुने भएको छ । सपना होप इन्टरनेसनल कलेजमा बिएस्सी नर्सिङ अध्ययरत छिन् । मे २१ मा अन्तर्राष्ट्रिय स्तरमा मनाइने वर्ल्ड डे अफ कल्चरल डाइभर्सिटी अर्थात् सांस्कृतिक विविधताको विश्व दिवसलाई प्रवर्द्धन गर्ने उद्देश्यले यही वर्षदेखि यो प्रतियोगिता सञ्चालन गर्न लागिएको हो । प्रतियोगिता फिलिपिन्सको मनिलामा बुधबार जेठ २ गते देखि प्रारम्भ भैसकेको छ । प्रतियोगिता जेठ १२ गतेसम्म चल्नेछ ।

## हङकङमा रनवे फेसन शो

सेन्स अफक्लिकको आयोजनामा हङकङ रनवे फेसन शो सम्पन्न भएको छ । फेसन शोमा सहभागी मोडलहरूले मनिष राई, पवन सुब्बा (फेसन हाउस हङकङ), पवित्रा राई (सिम्मा किराँत सप), हेमा राई (निमज् बुटिक) तथा एचके नेपाल ढाका बुटिकका आकर्षक डिजाइनहरू प्रस्तुत गरेका थिए । नेपालीसँगै विदेशीहरूको उल्लेख्य उपस्थिति रहेको रनवे फेसन शोको यो छैटौं संस्करण हो ।

तस्बिर : मज्जाको हङकङ



## त्रिशाली मेलामा धान नाच



पाँचथरको कुम्मायक गाउँपालिकाको यासोकमा तीन वर्षको अन्तरमा वैशाखमा लाग्ने त्रिशाली मेलामा विगत जस्तै यसपालि पनि धान नाचले निरन्तरता पायो । परम्परा पूर्वको लिम्बू बहुल जिल्लाका विभिन्न ठाउँमा लाग्ने मेला धान नाच्ने खाला (थलो) रहेकोमा ती सबै मासिएर अहिले त्रिशाली मेलामा मात्र कायम छ । यसपाली वैशाखको २३, २४ र २५ गते त्रिशाली मेला लागेको थियो ।

नारायण तुम्बापो



**मिस नेवा:को प्रतिभा :** नेप्लिज फेसन होमको आयोजनामा काठमाडौंमा सम्पन्न ट्यालेन्ट शोमा 'मिस नेवा: ११३८' का प्रतिस्पर्धी युवतीहरूले आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् ।

## संक्षेप



### मिस प्रिन्सेस कास्की

मिस प्रिन्सेस कास्की-२०१८ को उपाधि स्नेहा श्रेष्ठले हात पारेकी छिन् । सरगम सांस्कृतिक कला केन्द्रद्वारा आयोजित उक्त प्रतियोगितामा सृजना थापा फस्ट रनर्सअप तथा सुस्मिता बन्जरा सेकेन्ड रनर्सअप घोषित भए ।

### किड प्रिन्सेस-२०१८

काठमाडौंको त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा किड प्रिन्सेस-२०१८ सम्पन्न भएको छ । प्रतियोगितामा विजेश्वरी स्कुलकी छात्रा दिक्षा भण्डारीले मुख्य उपाधि हात पारिन् । प्रतियोगितामा करुणा विष्ट फस्ट रनर्सअप तथा सुप्रभा खरेल सेकेन्ड रनर्सअप भएका थिए । यो प्रतियोगताको आयोजना बी क्विन इभेन्टले गरेको हो ।



### मिस एसईई-२०१८

मिस एसईई-२०१८ को उपाधि धरानकी नवीना मगरातीले जितेकी छिन् । धरान जेसिजको आयोजना तथा धरान जेसिज भूतपूर्व अध्यक्ष क्लबको संयोजनमा सञ्चालित मिस एसईई प्रतियोगिताको ग्रान्ड फिनालेमा २९ जनाले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा धरानकै तङनाम तुम्बाहाम्फे फस्ट रनर्सअप तथा मनिता शर्मा सेकेन्ड रनर्सअप घोषित भइन् ।

सञ्जु राई




### मिस स्कुबा नेपाल २०१८

मोडल सङ्स नेपालले मिस स्कुबा नेपाल-२०१८ को आयोजना गर्ने भएको छ । यो प्रतियोगिताकी विजेताले मलेसियामा आयोजना हुन गैरहेको मिस स्कुबा इन्टरनेसनल-२०१८ मा सहभागिता जनाउने अवसर प्राप्त गर्नेछिन् । मिस स्कुबामा १७ देखि २८ वर्ष सम्मका, ५ फिट २ इन्च अग्ला, सामान्य अंग्रेजीमा कुराकानी गर्न सक्षम अविवाहित नेपाली युवतीहरूले सहभागिता जनाउन सक्नेछन् । यो प्रतियोगिताको अडिसन जेठ १९ गते हुने भएको छ ।

अपराध

# फेसबुकमार्फत युवतीमाथि निशाना

फेसबुकलाई हतियार बनाएर महिलामाथि हुने यौनजन्य हिंसा बढ्दो क्रममा रहेको घटनाक्रमहरूले देखाउँछ । फेसबुकमा नचिनेकालाई साथी बनाउने, प्राइभेसीको प्रयोग नगर्ने, चाँडै विश्वास गर्ने, अन्तरंग सम्बन्धहरूलाई सहमतिमै तस्बिर तथा भिडियोमा कैद गर्नेजस्ता कारणले महिलाहरू साइबर क्राइमको सिकार भएका छन् ।



तस्बिर : मेट्रोडटकोडटयुके

■ कीर्तिपुर बस्दै आएका राजधानीबाहिरका २६ वर्षीय पण्डित थरका युवक एक विवाहित महिलासँग नजिकिए । उनले ती महिलालाई आर्थिक प्रलोभन मात्र देखाएनन्, फकाउँदै आफ्नो वशमा समेत पारे । त्यसपछि युवक र ती महिलाबीच शारीरिक सम्बन्ध स्थापित भयो । युवकले शारीरिक सम्बन्ध राखेका बेला गोप्य तरिकाले भिडियो रेकर्ड गरे । यता श्रीमान्ले शंका गर्न थालेपछि ती महिला युवकबाट टाढा हुन थालिन् । यही कुरामा उनीहरूबीच खटपट भयो । युवकले आफ्नो फेसबुक एकाउन्टमा उक्त अन्तरंग भिडियो अपलोड गरिदिए भने महिला प्रहरीको शरणमा पुगिन् । प्रहरीले २६ माघमा नयाँबजारबाट ती युवकलाई पक्राउ गर्‍यो ।

■ कञ्चनपुर, भीमदत्त नगरपालिकाकी एक युवतीलाई त्यहीँका एक ३८ वर्षीय पुरुषले फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाए । युवतीले उनको फ्रेन्ड रिक्वेट स्वीकार गरिन् । त्यसपछि उनीहरूबीच कुराकानीको क्रम बढ्दै गयो । फेसबुकमार्फत भएको चिनजान भेटघाटमा बद्लियो । युवकले आफू अविवाहित रहेको बताए । विवाह गर्ने भन्दै युवतीलाई विश्वास लिए । त्यही विश्वासको फाइदा उठाउँदै उनले शारीरिक सम्बन्ध बनाए । त्यही क्रममा युवतीका नग्न तस्बिरहरू खिचे । सम्बन्ध बिग्रिएपछि उनले उक्त अश्लील तस्बिरलाई फेसबुकमार्फत प्रतिशोध साध्ने अस्त्र बनाए । युवतीले अपराध महाशाखा काठमाडौंमा उजुरी दिइन् । अपराध महाशाखाले कञ्चपुर प्रहरीको सहयोगमा उनलाई पक्राउ गरी २३ माघमा थप कारबाहीका लागि काठमाडौं प्रहरी परिसरलाई सुम्पियो ।

■ फेसबुक प्रयोगका क्रममा प्राइभेसीमा ध्यान नदिँदा कसरी आपत् आइलाग्छ भन्ने कुराको उदाहरण बनिन् रुपन्देही, मायादेवीकी एक २४ वर्षीया युवती । उनको फेसबुक पेजमा भकाभक अनधिकृत तस्बिर अपलोड हुन थाले । उनले ती तस्बिर हटाउन आग्रह गरिन् तर उनलाई ब्लाकमेलिङ गर्न थालियो । चरित्रहत्या नै हुन थालेपछि उनलाई मानसिक तनाव भयो । युवतीले आफ्ना तस्बिरमार्फत ब्लाकमेलिङ हुन थालेपछि प्रहरी गुहारिन् । प्रहरीले अनुसन्धान गर्दै जाँदा धादिङका एक २१ वर्षीय युवकले ती तस्बिरमार्फत ब्लाकमेलिङ गरेको खुल्न आयो । त्यसपछि प्रहरीले उनको खोजी गर्‍यो । त्यही क्रममा २२ भदौमा कलंकीबाट ती युवक पक्राउ परे ।

यी त फेसबुकमार्फत महिला पीडित भएका प्रतिनिधिमूलक घटना मात्र हुन् । सामाजिक सन्जाल फेसबुक दुरुपयोगको निशानामा परेर सबैभन्दा बढी महिला तथा युवतीहरू पीडित भएको देखिएको छ । पछिल्लो आर्थिक वर्षका ८ महिनामा अपराध महाशाखामा दर्ता भएका साइबर क्राइमका ३२ मुद्दामध्ये २७ वटा मुद्दामा युवती वा महिलाहरू नै पीडित छन् ।

महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी धीरजप्रताप सिंह विविध कारणले महिलाहरू साइबर क्राइमको बढी सिकार हुने गरेको बताउँछन् । 'फेसबुकमा नचिनेकालाई साथी बनाउने, प्राइभेसीमा ध्यान नदिने, लहलहैमा सबै कुरा भन्ने, चाँडै विश्वास गर्ने जस्ता कारणले साइबर स्पेशमा महिलाहरू बढी पीडित भएको पाइन्छ,' सिंह भन्छन्, 'पैसाको बार्गेनिङ गर्न, ब्लाकमेलिङ गर्न तथा सम्बन्ध बनाउन हतियारका रूपमा पनि फेसबुकको प्रयोग भएको पाइन्छ ।'

साइबर क्राइमअन्तर्गत मुद्दा चलाइएका उक्त घटनाहरूमा अश्लील शब्द तथा तस्बिर पठाउने, चरित्रहत्या गर्ने, नक्कली आइडीबाट अश्लील कुराकानी गर्ने, विश्वासमा लिने, शारीरिक सम्बन्ध बनाउने र त्यही मौका छोपी अश्लील तस्बिर तथा भिडियो खिच्ने अनि सम्बन्ध बिग्रिएपछि धम्क्याउन फेसबुकमा अपलोड गर्ने प्रकृतिका घटनाहरू छन् । कतिपयले नक्कली आइडी बनाएर त कतिले महिलाको नामको पछाडि वा अगाडि अश्लील शब्द राखेर आइडी बनाई चरित्रहत्या गरेको समेत घटनाक्रमहरूले देखाउँछन् । लिभिङ टुगेदरमा रहेर छुट्टिएका, डिभोर्स तथा ब्रेकअप भएका जोडीहरूले फेसबुकबाट बढी प्रतिशोध साँध्ने गरेको पाइन्छ ।

अधिकांश घटनामा युवतीहरूलाई अश्लील सन्देश तथा तस्बिर पठाउने, फेसबुकमा अपलोड गरिएका तस्बिरहरूको दुरुपयोग गरेर चरिहत्या गर्ने घटना पनि प्रहरीकहाँ छन् । रोचक त के छ भने ती ३२ वटा घटनामध्ये एउटा घटनामा मात्र पुरुष पीडित देखिन्छन् । साइबर क्राइमअन्तर्गत फेसबुकबाट भएका यौनजन्य हिंसाका दुईवटा घटनामध्ये एकमा श्रीमान्-श्रीमती दुवैमाथि निशाना साधिएको छ भने अर्कोमा परिवारमाथि । अरू सबै घटनामा पुरुषहरू नै पीडकका रूपमा देखिन्छन् ।

साइबर क्राइमअन्तर्गत केही अनौठो प्रकृतिका घटनामाथि पनि प्रहरीले मुद्दा चलाएको छ । अपराध महाशाखाले चलाएका दुईवटा मुद्दामा महिलाले नै फेसबुकमार्फत महिलामाथि यौनजन्य हिंसा गरेका घटना छन् । नुवाकोटकी एक २७ वर्षीया युवतीले प्रतिशोध साँध्न थापा थरकी एक महिलाको नाममा फेसबुक आइडी बनाइएन् । उक्त फेसबुक आइडी पछाडि उनले अश्लील शब्द राखेकी थिइन् । फेसबुकमार्फत उनले ती महिलाका छोरा तथा बुहारी समेतको तस्बिर अपलोड गरेर 'केटी चाहिएमा सम्पर्क गर्नुहोला' भनेर पोस्ट गर्न थालिन् । त्यसमा उनले नम्बर पनि ती युवककै राखेकी थिइन् । ती २६ वर्षीया युवतीको त्यस्तो हर्कतले हैरान भएपछि युवकले प्रहरीमा उजुरी दिए । प्रहरीले १२ माघमा माछापोखरीबाट ती युवतीलाई पक्राउ गरी विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दा चलाउन आवश्यक कारबाहीका लागि काठमाडौं प्रहरी परिसर पठायो । अर्को यस्तै घटना झापामा पनि घटेको छ । दमककी एक युवती र उनका श्रीमान्का विभिन्न तस्बिर सामाजिक सन्जालमा अपलोड गरेर एक महिलाले पैसा माग्न थालिन् । बूढानीलकण्ठ बस्दै आएकी हेटौंडाकी ती ४१ वर्षीया महिलाविरुद्ध युवकले प्रहरीमा उजुरी दिए । प्रहरीले १४ माघमा ती महिलालाई पक्राउ गर्‍यो ।

एसएसपी सिंह देशका सबै ठाउँमा साइबर क्राइम सम्बन्धि मुद्दा दर्ता नहुने भएकाले यसको प्रक्रिया केही गाह्रो भएको बताउँछन् । 'यस्ता घटना अझै धेरै हुन सक्छन्' सिंह भन्छन्– 'साइबर क्राइम अन्तर्गत काठमाडौंमा मात्र मुद्दा चलाउन सकिने भएकाले जिल्लास्तरका कतिपय भिक्टिम यहाँसम्म आउनै सक्दैनन् ।' कतिपय घटना आपसी सहमतिमा टुंगिने त कतिपय सार्वजनिक अपराध ऐनअन्तर्गत दर्ता गरिने भएकाले यस्ता घटना बढी नै भएको उनी बताउँछन् ।

काठमाडौं प्रहरी परिसरका प्रमुख एसएसपी विश्वराज पोखरेल भने वैवाहिक सम्बन्ध विच्छेद, ठगी, अश्लील भिडियो अपलोड, गाली बेइज्जती, सेक्सुअल ह्यारेसमेन्ट, चिटिङ, ब्लाकमेलिङ आदिमार्फत आफ्नो मकसद पूरा गर्न फेसबुकलाई प्रयोग गर्न थालिएको बताउँछन् । उनका अनुसार त्यसबाहेक परिसरमा फेसबुक ह्याक गरेर पासवर्ड चोरी गरेका तथा नक्कली फेसबुक आइडी बनाएर दुःख दिइएका केही घटना पनि दर्ता भएका छन् । तारकेश्वर नगरपालिकाका २५ वर्षीय युवक एउटी युवतीको फेसबुक ह्याक गरेर अश्लील म्यासेज तथा आपत्तिजनक स्टाटस पोस्ट गरेपछि गत साउन २५ मा टेकुबाट पक्राउ परेका थिए भने जापान बस्दै आएकी एक नेपाली युवतीका नाममा अश्लील फेसबुक आइडी, अश्लील पोस्ट तथा अश्लील तस्बिरहरू बनाएर पैसा माग्दै ब्ल्याकमेलिङ गरेको अभियोगमा प्रहरीले बाराका एक युवकलाई पक्राउ गरेको थियो ।

**साइबर क्राइमका घटना**


| | |
|---|---|
| ०७१/०७२ | २८ मुद्दा |
| ०७२/०७३ | २८ मुद्दा |
| ०७३/०७४ | २८ मुद्दा |
| ०७४/०७५ | ५५ मुद्दा (वैशाखसम्म) |

स्रोत : प्रहरी परिसर काठमाडौं

साइबर क्राइमअन्तर्गत मुद्दा चलाइएका उक्त घटनाहरूमा अश्लील शब्द तथा तस्बिर पठाउने, चरित्रहत्या गर्ने, नक्कली आइडीबाट अश्लील कुराकानी गर्ने, विश्वासमा लिने, शारीरिक सम्बन्ध बनाउने र त्यही मौका छोपी अश्लील तस्बिर तथा भिडियो खिच्ने अनि सम्बन्ध बिग्रिएपछि धम्क्याउन फेसबुकमा अपलोड गर्ने प्रकृतिका केसहरू छन् ।

# नेपाली गौरव, नेपाली पौरख

यो अंकसँगै साप्ताहिकले २३ वर्षको यात्रा पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको छ । बितेका २३ वर्ष साक्षी छन्, हामीले हाम्रो हरेक वर्षको पहिलो अंकलाई विशेष बनाउने प्रयास गर्दै आएका छौं । यस क्रममा हामीले यो वर्ष हामी नेपालीले आफ्नै बुद्धि-बर्कत र योजनाअनुरूप आफ्नो देशलाई हरेक क्षेत्रमा समृद्ध बनाउँदै लान गरेको लगानी र त्यसको प्रतिफलमा प्राप्त उपलब्धिहरूलाई पाठकसमक्ष राख्ने प्रयास गरेका छौं । त्यसो त विकासको आधुनिक परिभाषा र मानिसको वैयक्तिक उपलब्धिका सन्दर्भमा हरेक देश र समुदायका आ-आफ्नै परिभाषा छन् । ती परिभाषाहरूलाई विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय मानकले फरक-फरक शैलीमा प्रस्तुत गर्छन् । यी र यस्तै परिभाषाहरूका माझ हामी नेपालीले पनि आधुनिक विकासको एउटा फरक मानक तयार गरेका छौं । त्यो मानकलाई सार्थक ढंगले प्रमाणित गर्ने थुप्रै उपलब्धि हामी नेपालीसँग छ । राज्यले लगानी गरेको वा राज्यले उपलब्ध गराएको अवसरको सदुपयोग गरेर एउटा औसत नेपालीले आर्जन गरेका व्यक्तिगत उपलब्धिहरूको सूची निकै लामो हुन सक्छ । तीमध्ये हामीले यो अंकका लागि चितवन नेसनल पार्क, काठमाडौं विश्वविद्यालय, मानव अंग प्रत्यारोपण केन्द्र, एफ-वान सफ्ट, बुद्ध एयर, क्यूएफएक्स तथा गोल्ड स्टारलाई छनौट गरेका छौं । हाम्रो यो छनौट आफैंमा सम्पूर्ण होइन, तैपनि यी प्रतिनिधि संस्थाहरूले कतिपय सन्दर्भमा नेपालीहरूको सीप, क्षमता, रणनीति एवं लगानीको अनुपातमा उच्चतम प्रतिफल प्राप्त गर्ने उदाहरण प्रस्तुत गरेका छन् ।















f1 soft

२४औं वर्ष प्रवेश विशेष



# आफ्नै पौरखले सिर्जिएको चितवन

> वि.सं. १८४० को दशकतिर नेपालमा कार्यरत छँदा कर्कपेट्रिकले लेखेको एन एकाउन्ट अफ किंगडम अफ नेपाल शीर्षकको पुस्तकमा चितवनको जैविक विविधता यो क्षेत्रका लागि मात्र नभएर संसारकै लागि महत्वपूर्ण छ । उक्त पुस्तकको पृष्ठ १८ मा लेखिएको छ - सोमेश्वर पहाडदेखि पूर्व कोसीको बेसिनसम्म फैलिएको चारकोसे झाडीबाट नेपालका शासकहरू हरेक वर्ष २ सयदेखि ३ सय हात्तीका छावा समातेर भारतका रजौटाहरूलाई बिक्री गर्छन् ।




संजीवन महर्जन

यतिबेला नेपालीहरू विदेशको कुनै पनि ठाउँमा आफूलाई चिनाउँदा प्रायः आफूलाई सगरमाथाको देश वा गौतम बुद्धको जन्मभूमिबाट आएको उदाहरण दिन्छन् । के नेपालीलाई यो संसारमा चिनाउने माध्यम यी दुई मात्र छन् त ? यो सन्दर्भमा हामीले आफैंले ओझेलमा पारेको अर्को परिचय हो– चितवन नेसनल पार्क । झट्ट सुन्दा सामान्य लाग्न सक्छ तर वन, वन्यजन्तु, जैविक विविधता, इतिहासमा उल्लेख सिकारगाथाहरू एवं संरक्षणको क्षेत्रमा नेपालीहरूको आफ्नै पौरखले स्थापित चितवन नेसनल पार्क नेपालीहरूले लामो समयदेखि आर्जिएको र संरक्षण गर्दै आएको गौरवमय सम्पदा हो ।

चितवनको ख्याति आजको होइन । नेपाल राष्ट्रको प्रादुर्भाव हुनुअघिदेखि नै भारतीय उपमहाद्वीपका सयौं राजारजौटाको हात्तीसम्बन्धी सौख पूरा गर्ने थलो पनि चितवन नै थियो । चितवनको यो चिनारीलाई सबैभन्दा पहिले पहिचान गर्ने व्यक्ति तत्कालीन नेपालका लागि ब्रिटिस दूत तथा इतिहासकार कर्णेल कर्कपेट्रिक थिए । वि.सं. १८४० को दशकतिर नेपालमा कार्यरत छँदा कर्कपेट्रिकले लेखेको एन एकाउन्ट अफ किंगडम अफ नेपाल शीर्षकको पुस्तकमा चितवनको जैविक विविधता यो क्षेत्रका लागि मात्र नभएर संसारकै लागि महत्वपूर्ण छ । उक्त पुस्तकको पृष्ठ १८ मा लेखिएको छ– सोमेश्वर पहाडदेखि पूर्व कोसीको बेसिनसम्म फैलिएको चारकोसे झाडीबाट नेपालका शासकहरू हरेक वर्ष २ सयदेखि ३ सय हात्तीका छावा समातेर भारतका रजौटाहरूलाई बिक्री गर्छन् ।

इतिहासमा उल्लेख भएअनुसार संसारकै ठूला सिकारहरू चितवनमै खेलिन्थ्यो । तीमध्ये उल्लेख्य सिकार गर्नेहरूमा बेलायतका लर्ड लिनलिथ गो, जंगबहादुर राणा, किङ जर्ज पन्चम आदि छन् । यो इतिहासको कुरा हो । अब अहिलेको कुरा गरौं । वि.सं.२००७ मा प्रजातन्त्र आएपछिको एक दशकसम्ममा व्याप्त अराजकता र राजनैतिक अस्थिरता, अनियन्त्रित वन फँडानी एवं चितवनमा गरिएको अन्धाधुन्ध सिकारका कारण त्यहाँबाट जंगली हात्ती लगभग लोप भयो भने गैंडाको संख्या ९५ मा तथा बाघको संख्या सयभन्दा तल झर्‍यो । त्यसपछि नेपालीहरूको घैटोमा घाम लाग्यो । वि.सं. २०१५ मा बीपी कोइरालाको नेतृत्वमा प्रजातान्त्रिक सरकार सत्तामा आएपछि चिवतनको संरक्षण गर्ने अवधारणा अघि सारियो । त्यसका लागि सबैभन्दा पहिले नेपाली सेनाको गैंडा गस्ती टुकडी निर्माण गरियो । त्यहीबेला इन्टरनेसनल युनियन फर कन्जर्भेसन अफ नेचर (आयुसिएन)ले संरक्षण विज्ञ एडवर्ड प्रिचर्ड जीलाई चितवनको जैविक विविधता अध्ययनका लागि खटायो । प्रिचर्ड जीले चितवन क्षेत्रको व्यापक सर्वेक्षण गरी त्यहाँ गैंडा, बाघ, गौर, घडियाल गोहीलगायत अन्य जीवजन्तुको संरक्षणका लागि राष्ट्रिय निकुञ्ज स्थापना गर्न सिफारिस गरे । त्यसबीच राजा महेन्द्रले 'कू' गरेर बीपी कोइराला नेतृत्वको प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेपछि चितवनको अध्ययन केही पर धकेलियो । उक्त घटनाको केही वर्षपछि सन् १९६३ मा प्रिचर्डले आफ्नो अध्ययन प्रतिवेदन नेपाल सरकारलाई बुझाए । उनको सिफारिसपछि नेपाल सरकारले त्यो क्षेत्रको व्यापक सर्वेक्षण थाल्यो । उक्त सर्वेक्षणको नेतृत्व गर्ने व्यक्ति थिए- अहिलेका पर्यटन व्यवसायी कर्ण शाक्य । त्यतिबेला वन विभागमा कार्यरत कर्ण शाक्यको टोलीले गरेको सर्वेक्षणअनुसार अहिलेको चितवन नेसनल पार्कले आकार पाएको हो । चितवन नेसनल पार्कको स्थापनाका लागि त्यसको जैविक विविधता, वन्यजन्तुको उपस्थिति, त्यहाँको सामाजिक संस्कार आदिका बारेमा अध्ययन गर्ने व्यक्तिहरू थिए– तत्कालीन वन मन्त्रालयमा कार्यरत विश्वनाथ उप्रेती, हेमन्त मिश्र तथा तीर्थमान मास्के । प्रिचर्डको अध्ययन प्रतिवेदन प्राप्त भएको १० वर्षपछि सन् १९७३ मा चितवन नेसनल पार्क

पृष्ठ २४ मा

# बुद्ध एयर: ९ करोडबाट १५ अर्बको यात्रा




महेश तिमल्सिना

> २० जना कर्मचारीबाट सुरु भएको बुद्ध एयरलायन्समा हाल एक हजारभन्दा बढी कर्मचारी छन् भने बुद्ध एयरसँग ११ वटा विमान छन् । वीरेन्द्रबहादुर बस्नेत बुद्ध एयरमा आफूले अर्जुनदृष्टि लगाएर काम गरेको बताउँछन् । बस्नेत भन्छन्- हरेक काम गर्न एउटा लक्ष्य निर्धारण गर्नुपर्छ, त्यही लक्ष्य फेला पार्ने उद्देश्यले निरन्तर खटिनुपर्छ । बुद्ध एयरलायन्ससँग हाल १५ अर्ब रुपैयाँ बराबरको सम्पत्ति छ । बुद्ध एयरले अहिले वार्षिक साढे ७ अर्ब रुपैयाँ बराबरको कारोबार गर्दै आएको छ । अहिले बुद्ध एयरसँग बिच १९०० डि- २ वटा, एटीआर ४२- ३ वटा तथा एटीआर ७२- ६ वटा छन् । बुद्ध एयरले चाँडै एयरबस र बोइङ भित्र्याउने तयारी गरिरहेको छ ।

नेपाली आकाशमा २१ वर्षदेखि निरन्तर उडिरहेको छ– बुद्ध एयर । के हिमाल, के पहाड, के तराई सबैतिर । दुई दशकको छोटो अवधिमै आन्तरिक उडानको अग्रणी वायुसेवा कम्पनी बन्नु बुद्ध एयरको सबैभन्दा ठूलो सफलता हो । सन् २०१७ मा १२ लाख ६८ हजार यात्रुलाई उडाएको बुद्ध एयरले जति-जति आकाशमा दूरी नाप्दैछ, त्यति-त्यति यसका सेवाग्राही पनि बढिरहेका छन् । भरपर्दो उडानका लागि पहिलो रोजाइमा पर्ने बुद्ध एयरको सफलताका पछाडि यसको प्रबन्ध टिमले गरेको संघर्षलाई नेपालको कर्पोरेट जगतमा उदाहरणीय रुपमा लिइन्छ ।

त्यसकै परिणाम मान्नुपर्छ, ९ करोडबाट सुरु भएको बुद्ध एयर विभिन्न उतारचढावबीच १५ अर्बको ठूलो कम्पनी बनेको छ, जसका पछाडि निरन्तरता, अठोट र चुनौती सामना गर्ने सोचले प्रेरित वीरेन्द्रबहादुर बस्नेतको लगनशीलताले काम गरेको छ । यो २१ वर्षको अवधिमा बुद्ध एयरले पाएको सफलता केही दिनको परिश्रमको बलमा खडा भएको भने होइन ।

२०४२ सालतिरको कुरा हो । त्यतिबेला बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेत बुवा सुरेन्द्रबहादुरले मोरङमा सञ्चालन गरेको बहुमुखी कृषि फार्मको व्यवस्थापन हेर्थे । उक्त फार्ममा माछापालन, फलफूल तथा अनाज उत्पादन हुन्थ्यो, जसबाट वीरेन्द्रले वार्षिक ७ लाख रुपैयाँजति आम्दानी गर्थे, तर त्यो आम्दानीले वीरेन्द्रको परिवारको खर्च धान्न मुस्किल हुन थाल्यो । यही क्रममा उनीहरूले अरू कुनै क्षेत्रमा लगानी गर्ने सोच बनाए, तर कुन क्षेत्रमा लगानी गर्ने भन्ने दुविधा थियो । त्यतिबेला उनीहरूको दिमागमा कार्पेटदेखि गार्मेन्ट व्यापारसम्मका कुरा आए । त्यो कार्पेट र गार्मेन्टको व्यापार पनि ओरालो लागेको समय थियो । यही क्रममा एक्कासि वीरेन्द्रको दिमागमा एयरलायन्समा लगानी गर्ने सोच पलायो ।

उनको त्यो सोचमा बुवा सुरेन्द्रबहादुरले साथ दिए पनि परिवारका अरू सदस्यहरूले त्यसलाई महत्वाकांक्षी भनिरहेका थिए । वास्तवमा त्यतिबेला नेपालको परिवेशमा महँगो विमान ल्याएर सफल रूपमा उडान भर्न असम्भव नै थियो, तर वीरेन्द्र दत्तचित्त भएर लाग्ने हो भने पक्कै पनि सम्भव हुन्छ भन्नेमा विश्वस्त थिए । अर्को कुरा, बुवा एवं पूर्वमन्त्री सुरेन्द्र पैसा कमाउन व्यापार नै गर्नुपर्छ भनेर हौस्याउँथे । उनले एयरलायन्स सुरु गर्ने विषयमा धेरै मानिससँग सल्लाह लिए । यही क्रममा सन् १९९६ मा बुद्ध एयरलायन्स दर्ता भयो । बुद्ध एयर दर्ता त भयो, तर त्यसलाई सञ्चालन कसरी गर्ने ? ठूलो चुनौती थियो । एयरलायन्स सुरु गर्न थोरै लगानीले सम्भव थिएन । त्यसपछि उनले आफ्नो पुस्तैनी घरजग्गा धरौटी राखेर ९ करोड रुपैयाँ ऋण लिए । जसबाट उनले अमेरिकाबाट १९०० डी बिचक्राफ्ट नामक नयाँ जहाज ल्याए, जसको मूल्य त्यतिबेला ५० लाख अमेरिकी डलर थियो । त्यतिबेला उनले १० प्रतिशत डाउन पेमेन्ट तथा ९० प्रतिशत फाइनान्समार्फत उक्त विमान काठमाडौं ल्याएका थिए । सन् १९९७ अक्टोबर ११ मा बुद्ध एयरलायन्सले काठमाडौं-पोखराबीच पहिलो उडान गर्‍यो ।

बुद्ध एयरसँगको प्रतिस्पर्धामा अन्य एयरलायन्सहरू पनि थिए । संसारको सबैभन्दा चुनौतीपूर्ण व्यवसाय भनेको हवाई व्यवसाय हो, त्यसैले बुद्ध एयरलाई पनि सुरुवाती पाँच वर्ष आर्थिक रूपमा निकै संकट परेको बस्नेत सम्झन्छन् । बस्नेत भन्छन्– हामी घाटामा गयौं भनेर कहिल्यै हिम्मत हारेनौं, एउटा लक्ष्य राखेर काम गर्‍यौं र अहिले सफल भयौं । आफ्ना प्रारम्भिक दिनमै बुद्ध एयरले माउन्टेन फ्लाइट सुरु गर्‍यो । नेपालमा माउन्टेन फ्लाइटलाई बुद्ध एयरले नै स्थापित गरेको बस्नेतको दाबी छ । त्यतिबेला बुद्ध एयरको प्रतिस्पर्धामा ठूला व्यापारी घरानाको लगानी भएको नेकोन, एभरेस्ट, नेपाल एयरवेज जस्ता एयरलायन्स थिए । ती सबै एयरलाइन्स क्रमशः बन्द हुँदै गए । त्यस्तो परिस्थितिमा पनि वीरेन्द्रबहादुर बस्नेतले हिम्मत हारेनन् उनले आफ्नै ढंगले बुद्ध एयरलाई व्यवस्थापन गरे । त्यसबीच बुद्ध एयरका सेयरहोल्डर शिवेन्द्रबहादुर बस्नेत आफ्नो सम्पूर्ण सेयर दाजु वीरेन्द्र र बुवा सुरेन्द्रलाई बिक्री गरी प्रज्ञानशमशेरसँग मिलेर माउन्टेन एयर स्थापना गरेर प्रतिस्पर्धामा आए । माउन्टेन एयरले पनि बुद्ध एयरले नै उडाइरहेको विमान कम्पनीले बनाएको १९०० सी बिचक्राफ्ट उडाउन थाल्यो । कालान्तरमा माउन्टेन एयर बन्द भयो । माउन्टेन एयरले उडाइरहेको विमानलाई निर्माता कम्पनीले बुद्ध एयरलाई नै लिजमा दिने निर्णय गर्दा वीरेन्द्रबहादुर बस्नेतले ठूलो साहस देखाएर ती विमानलाई आफ्नो बेडामा सामेल गरे । यो घटनाले पनि बुद्ध एयरप्रति यात्रु तथा लगानीकर्ताको विश्वास बढायो । त्यसको केही समयमै कम्पनी नाफामा गयो ।

२० जना कर्मचारीबाट सुरु भएको बुद्ध एयरलायन्समा हाल एक हजारभन्दा बढी कर्मचारी छन् भने बुद्ध एयरसँग ११ वटा विमान छन् । वीरेन्द्रबहादुर बस्नेत बुद्ध एयरमा आफूले अर्जुनदृष्टि लगाएर काम गरेको बताउँछन् । बस्नेत भन्छन्- हरेक काम गर्न एउटा लक्ष्य निर्धारण गर्नुपर्छ, त्यही लक्ष्य फेला पार्ने उद्देश्यले निरन्तर खटिनुपर्छ ।

बुद्ध एयरलायन्ससँग हाल १५ अर्ब रुपैयाँ बराबरको सम्पत्ति छ । बुद्ध एयरले अहिले वार्षिक साढे ७ अर्ब रुपैयाँ बराबरको कारोबार गर्दै आएको छ । अहिले बुद्ध एयरसँग बिच १९०० डि-२ वटा, एटीआर ४२- ३ वटा तथा एटीआर ७२- ६ वटा छन् । बुद्ध एयरले चाँडै एयरबस र बोइङ भित्र्याउने तयारी गरिरहेको छ ।

बुद्ध एयरले हाल १६ स्थानमा उडान भर्दै आएको छ । यसले निकट भविष्यमा आन्तरिक उडान थप्ने तथा वैदेशिक उडानमा जाने योजना बनाएको छ । बुद्ध एयरले आगामी नोभेम्बर ३० देखि कोलकाताको उडान भर्दैछ । बुद्ध एयरले पोखरा अन्तर्राष्ट्रिय विमान बन्नुभन्दा ६ महिना पहिलेदेखि नै अन्तर्राष्ट्रिय उडान सुरु गर्ने योजनासमेत बनाएको छ ।

---

पृष्ठ २३ बाट

नेपालको पहिलो राष्ट्रिय निकुन्जका रूपमा अस्तित्वमा आयो, जसको पहिलो संरक्षण अधिकृत (वार्डेन) थिए– डा. तीर्थमान मास्के ।

डा. तीर्थबहादुर श्रेष्ठ भन्छन्– तराईको शिवालिक क्षेत्रको जैविक विविधता जोगाउन पनि चितवन महत्वपूर्ण छ । यो क्षेत्र ठूला स्तनधारीहरू (गैंडा, हात्ती, गौर) को खानी हो । चितवनले जति प्रजातिका जीवजन्तु, चराचुरुङ्गी, माछा, घडियाल गोही तथा कछुवा आदि उभयचरहरूलाई बासस्थान उपलब्ध गराएको छ, त्यति संसारको कुनै पनि संरक्षित क्षेत्रले उपलब्ध गराउन सकेको छैन । यस अर्थमा चितवन जत्तिको जैविक विविधता भएको क्षेत्र संसारमा अर्को छैन, यही कुरा चितवनमा उपलब्ध वनस्पतिहरूका लागि पनि भन्न सकिन्छ ।

संसारकै सबैभन्दा उत्पादनशील घाँसे मैदान चितवनमै छ, जसमा भीमकाय हात्तीसमेत हराउँछन् । यही कारणले सन् २००३ मा दक्षिण अफ्रिकाको डर्बनमा आयोजित पाँचौं वर्ल्ड पार्क कंग्रेसले चितवनलाई संसारकै उत्कृष्ट व्यवस्थापन गरिएको नेसनल पार्कहरूमध्ये पहिलो स्थान दिएको थियो, जुन अहिलेसम्म कायमै छ । यसैगरी संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक, वैज्ञानिक तथा शैक्षिक विषयसम्बन्धी संगठन युनेस्कोले चितवन नेसनल पार्कलाई आफ्नो प्राकृतिक सम्पदासम्बन्धी वैश्विक सूचीको उच्च तहमा सूचीकृत गरेको छ भने दबदबे तथा पानीले ओगटेको भूमि अर्थात् सीमसारसम्बन्धी विश्वव्यापी रूपमा गरिएको रामसार सम्झौताले पनि चितवन नेसनल पार्कलाई संसारकै उत्कृष्ट सीमसार क्षेत्रका रूपमा सूचीकृत गरेको छ । अर्को कुरा, अहिले विश्वव्यापी रूपमा चर्चामा रहेको मानिस र वन्यजन्तुबीचको सम्बन्धलाई कसरी सन्तुलित रूपमा अघि बढाउने भन्ने कुरामा पनि चितवनले एउटा मानक स्थापित गरेर संसार सामु उदाहरण प्रस्तुत गरेको छ । डा. श्रेष्ठ भन्छन्– चितवनको हकमा हामीले गर्व गर्नैपर्ने विषय यसको मध्यवर्ती क्षेत्र अर्थात् बफरजोन पनि हो । ९ सय ९२ वर्गकिलोमिटरमा फैलिएको चितवन नेसनल पार्कको मध्यवर्ती क्षेत्रको क्षेत्रफल नै ७ सय ५० वर्गकिलोमिटर छ । यो मध्यवर्ती क्षेत्रले वन्यजन्तुको व्यवस्थित संरक्षण मात्र होइन, तिनीहरूको संरक्षणमा स्थानीय जनताको सहभागिता, रचनात्मक भूमिका, उनीहरूको आम्दानी तथा संरक्षणमा उनीहरूले गरेको लगानी समेतलाई संसार सामु उदाहरणका रूपमा प्रस्तुत गरेको छ । त्यतिमात्र होइन लोप हुँदै गएका घडियाल गोही र हात्ती प्रजननका लागि समेत चितवन नेसनल पार्कले गरेको प्रयासलाई संसारभरि नै उदाहरणका रुपमा पछ्याइन्छ ।

हरेक वर्ष लाखौं देशी-विदेशी पर्यटकहरूले अवलोकन गर्ने चितवन नेसनल पार्कको अहिलेको अवस्थालाई हामी नेपालीले निरन्तरता दिन सकेनौं भने यसको आयु सय वर्षमा सकिने आँकलन डा. तीर्थबहादुर श्रेष्ठको छ ।

यी र यस्तै कारणहरूले चितवन नेसनल पार्कले नेपालीहरूलाई संसारको जुनसुकै कुनामा पनि हामी प्रकृति संरक्षणको क्षेत्रमा कति धनी छौं र हामीले यो संसारलाई हराभरा राख्न कति ठूलो योगदान दिएका छौं भन्ने कुरा गर्वका साथ भन्ने अवसर दिएको छ ।

# अंग प्रत्यारोपणमा प्रभावी

मिषा काफ्ले




नेपाल सरकारको मातहतमा रहेका ४ हजारभन्दा बढी स्वास्थ्य संस्थामध्ये आशालाग्दा संस्था खोज्दै जाने हो भने हातका औंलामा गन्न सकिन्छ । यस्ता स्वास्थ्य संस्थाहरूमध्ये सहिद धर्मभक्त मानवअंग प्रत्यारोपण केन्द्र, भक्तपुर पनि एक हो । पूर्व स्वास्थ्य-सचिव डा. प्रवीण मिश्रका अनुसार मानव अंग प्रत्यारोपण आफैंमा अति नै जटिल काम हो । एक जनाको शरीरमा भएको अंग अर्को मानिसमा लगेर जोड्ने काम त्यति सजिलो होइन, प्रविधीले यसलाई सम्भव बनाएपनि चिकित्सकको मेहनत र लगावबिना अझै पनि यस्तो कार्यलाई दुर्गम्य नै मानिन्छ, डा. मिश्र भन्छन् ।

यदि केन्द्रका चिकित्सक, नर्स आदि टिमको मेहनत र लगाव नहुने हो भने अहिले यो केन्द्रले पाएको सफलता सम्भव थिएन । अहिले यो केन्द्रले प्राप्त गरेको सफलता, परिणाम र यसको चर्चा हेर्दा विश्वका कुनै पनि मानव अंग प्रत्यारोपण गर्ने केन्द्र भन्दा कम छैन ।

चिकित्सा विज्ञानमा मानव अंग प्रत्यारोपण गर्नुलाई आफैंमा जटिल विधा मानिन्छ । अझ त्योभन्दा पनि प्रत्यारोपण पछि उत्पन्न सक्ने संक्रमण कम गर्नु झनै ठूलो चुनौती मानिन्छ । अंग लिने–दिनेमा कुनै किसिमको संक्रमण भए प्रत्यारोपणपछि पनि उक्त अंगले काम नगर्ने अवस्था आउँछ । संक्रमण हुने सम्भावना प्रत्यारोपणको पहिलो अवस्थामा बढी हुन्छ । जुन अस्पतालमा रहँदा बढी हुन्छ, तर मानव अंग प्रत्यारोपण केन्द्रमा गरिएका अंग प्रत्यारोपणहरूको सन्दर्भमा त्यस्तो संक्रमण र अंग प्रत्यारोपण सम्बन्धी असफलताको दर ज्यादै न्यून छ । विगत पाँच वर्षमा गरिएका अंग प्रत्यारोपणको सफलताको दर ९८ प्रतिशतको आसपासमा छ भने पछिल्ला २ सय वटा अंग प्रत्यारोपणमा केन्द्रले शतप्रतिशत सफलता प्राप्त गरेको छ । हामी कहाँ अंग प्रत्यारोपण पछिको असफलताको दर ज्यादै न्यून छ, अस्पतालका निर्देशक शल्यचिकित्सक डा. पुकारचन्द्र श्रेष्ठ भन्छन्– यसरी हामीले प्राप्त गरेको सफलताको कारण प्रत्यारोपणपछि हाम्रो टिमले गर्ने पोस्टअप केयर, बिरामीको नियमित फलोअप तथा प्रत्यारोपणका समयमा खट्ने दक्ष टिम नै हो ।

२०६९ सालमा स्थापना भएको यो केन्द्रमा सुरुका दिनमा तीन जना चिकित्सक, एक जना नर्स एवं एक जना रिसेप्सनिष्ट कार्यरत थिए, जसमा अंग प्रत्यारोपण शल्यचिकित्सक डा. पुकारचन्द्र श्रेष्ठ, नेफ्रोलोजिस्ट डा. कल्पना श्रेष्ठ तथा कनिष्ठ चिकित्सक डा. लुसन सिंह थिए । संस्था स्थापना भएको ६ महिनापछि मिर्गौला बिग्रनेहरूका लागि डायलसिस सेवा सुरु भयो भने त्यसको तीन महिनापछि उक्त केन्द्रले पहिलो मिर्गौला प्रत्यारोपण गरेको थियो । प्रत्यारोपण सुरु गर्दाका बखत केन्द्रमा करिब ५० जना कर्मचारी रहेको डा. पुकार श्रेष्ठ सम्झन्छन् । अहिले यो संख्या २ सय पुगेको छ ।

सुरुका ५ महिनामा १३ जनामा अंग प्रत्यारोपण भएकोमा हाल सातामा तीनदेखि पाँच जनासम्ममा मिर्गौला प्रत्यारोपण हुने गरेको केन्द्रको तथ्यांकमा उल्लेख छ । यसरी यो केन्द्रलाई छोटो समयमै एउटा अन्तर्राष्ट्रियस्तरको सेवा सुविधा दिन सक्ने बनाउन त्यसको नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गरेको पूर्व स्वास्थ्य-सचिव शान्तबहादुर श्रेष्ठ बताउँछन् । डा. पुकारचन्द्र श्रेष्ठजस्तो लगनशील नेतृत्व नहुँदो हो त यो केन्द्रले पनि अन्य सरकारी अस्पतालकै हविगत ब्यहोर्नुपर्थ्यो कि ? शान्तबहादुर श्रेष्ठ थप्छन्–संस्थालाई अघि बढाउन आफ्नो क्षेत्रमा अब्बल भएर मात्र हुँदैन, टिमलाई पनि समेटेर लान सक्ने क्षमता हुनुपर्छ, त्यो क्षमता डा. पुकारचन्द्र श्रेष्ठमा भएकै कारणले यस्तो सफलता सम्भव भएको हो ।

मृगौला रोगको बहिरंग सेवाबाट सुरु भएको यो केन्द्र स्थापना भएको पाँच वर्षमा मिर्गौला र कलेजो रोगका सामान्य समस्यादेखि प्रत्यारोपणसम्म गर्न सक्ने क्षमतामा विकास भएको छ । मुटु र फोक्सोसम्बन्धी रोगका पनि प्रत्यारोपणबाहेक अन्य सबै किसिमको उपचारका लागि केन्द्र तयार रहेको निर्देशक डा. श्रेष्ठ बताउँछन् । अहिले केन्द्रले मुटु र फोक्सो प्रत्यारोपणका लागि पनि आवश्यक पूर्वाधारको विकास गरिरहेको डा. श्रेष्ठको दाबी छ । भक्तपुर जिल्ला अस्पतालको एक छेउमा सय शैय्याको अस्पतालका रूपमा सञ्चालन भैरहेको यो केन्द्रले सेवा विस्तार गर्न स्थान पनि खोजिरहेको छ, जसका लागि नेपाल ट्रस्टको भक्तपुरमा रहेको खाली जग्गा, चाँगुनारायण नगरपालिकामा रहेको नागरिक उद्यान प्राधिकरणको जग्गा तथा भक्तपुर नगरपालिकासँग कुराकानी भैरहेको डा. श्रेष्ठ बताउँछन् । जग्गा प्राप्त गरी नयाँ भवन निर्माण भएपछि हाल सय शैय्या क्षमतामा सञ्चालन भैरहेको केन्द्रलाई ३ सय शैय्याको बनाउने योजना छ । त्यसमध्ये १ सय शैय्यामा छुट्टै डाइलोसिस सेवा सञ्चालन गर्ने, ७ वटै प्रदेशमा अंग प्रत्यारोपण केन्द्रको सेवा विस्तार गर्ने तथा मानव अंग प्रत्यारोपणसम्बन्धी शैक्षिक केन्द्रका रूपमा विकास गर्ने योजना रहेको पनि डा. श्रेष्ठले बताए ।

# गोल्डस्टारको चमक

रामजी ज्ञवाली




गोल्डस्टार जुत्ता नेपालको लोकप्रिय ब्रान्ड हो । नेपालका दर्जनौं जुत्ता उद्योगमध्ये किरण सुजले उत्पादन गर्ने जुत्ता २०४३ सालदेखि नेपाली बजारमा आएको हो । यद्यपि यो कम्पनीले सुरुवातमै गोल्डस्टार जुत्ताको उत्पादन थालेको भने होइन, किरण सुजका सञ्चालक किरण राणा भन्छन्, 'अहिले गोल्डस्टारलाई जतिले मन पराउनुभएको छ, यो सफलताका पछाडि धेरै संघर्ष लुकेको छ ।'

तीन जनाको ६ करोडको लगानीमा सुरु भएको यो उद्योगमा अहिले त्यतिबेलाका सञ्चालकमध्ये दुई जना मात्र छन् । यो उद्योगले प्रारम्भिक २०३४ मा हेटौंडामा हात्तीछाप चप्पलको उत्पादन थालेको थियो । झण्डै १ वर्ष योजना बनाएर सुरु भएको यो उद्योगले जब चप्पल उत्पादन थाल्यो, केही समयपछि नै सञ्चालकहरूलाई लाग्यो– हामीले गलत ठाउँमा हात हाल्यौं ! 'जति प्रयास गरे पनि भनेजस्तो उत्पादन नभएपछि भारतबाट एक जना टेक्निसियन बोलायौं,' सञ्चालक राणा भन्छन्– ती टेक्निसियनले सुरुमा उद्योगलाई डोऱ्याउने काम गरेपछि उद्योगका ब्रान्ड निरन्तर उत्पादन थालेका हुन ।

भारतबाट ल्याइएको मेसिनबाट सुरु भएको चप्पल उत्पादनको सफलतापछि हौसला मिलेको उद्योगलाई त्यसपछि जुत्ता उत्पादन गर्ने सोच आयो । यद्यपि जुत्ता उत्पादन गर्न केही चुनौती थियो । जुत्ता उत्पादनका लागि मेसिन न भारतमा भेटियो, न चीनमा । किरण सुजले इटलीबाट एउटा मेसिन भित्र्याएसँगै जुत्ता पनि उत्पादन सुरु भयो । सुरुवातमा जुत्ताको नाम राखियो– स्पार्क । स्पार्क सुज केही समय चलेपछि कम्पनीले नयाँ जुत्ता बनाउने सोच बनायो, तर कस्तो खालको उत्पादन बजारमा पठाउने भन्ने विषयमा अलमल भयो । यसबीच उद्योगले गोल्डस्टार जुत्ता उत्पादन गर्ने निर्णय गऱ्यो ।

'गोल्डस्टार जुत्ता बजारमा गएको केही समयमै यति धेरै बिक्री भयो कि ग्राहकले ब्ल्याकमा समेत किनें,' सञ्चालक राणा भन्छन्– 'गोल्डस्टार जुत्ता ब्ल्याकमा समेत बिक्री हुन थालेपछि हामीले त्यसको उत्पादन थप बढायौं र गोल्डस्टारका विभिन्न जुत्ता बजारमा पठायौं ।' उत्पादन थालेको यतिका वर्षसम्म पनि ग्राहकले मन पराइरहनुभएको छ, यो खुसीको कुरा हो, -राणा भन्छन् ।

किरण सुजले हाल दैनिक ८० हजार जोर गोल्ड स्टार जुत्ता उत्पादन गर्छ । तीमध्ये नेपालबाहेक भारतमा सबैभन्दा बढी निकासी हुन्छ यो जुत्ता । गोल्डस्टार जुत्ताको उत्पादक किरण सुजका उत्पादन दक्षिण एसियाभर नै लोकप्रिय छन् । गोल्डस्टार जुत्ता विश्वप्रसिद्ध चिनियाँ अनलाइन रिटेल कम्पनी अलिबाबामा समेत किन्न पाइन्छ । यति मात्र होइन, गोल्डस्टार दुबई, कतार, मलेसिया, थाइल्यान्ड आदि एसियाली मुलुकसम्म पनि पुगिसकेको छ भने किरण सुजले अब चाँडै आफ्ना उत्पादन अस्ट्रेलियासमेत पठाउने योजना बनाएको छ ।

यो कम्पनीले प्रत्यक्ष रूपमा ३ हजारलाई रोजगारी दिएको छ त्यसमध्ये ६५ प्रतिशत महिला छन् । यो कम्पनी सबैभन्दा बढी रोजगारी दिने नेपालका टप ५ कम्पनीमध्ये एक हो । नेपालमा एक वर्षमा ४ करोड जोर जुत्ता आयात हुन्छ । नेपाली ब्रान्डबाट मात्र २ करोड ५० लाख जुत्ता उत्पादन हुने अनुमान गरिन्छ । किरण सुजका उत्पादनले नेपाली बजारको ५० प्रतिशत माग पूरा गरेको छ । ६ करोडमा उत्पादन सुरु भएको उद्योगको पुँजी अहिले ८ अर्बभन्दा माथि छ । नेपालमा अन्तर्राष्ट्रिय ब्रान्डका नक्कली जुत्ता छ्यापछ्याप्ती पाइने भएकाले भन्सारमा कडाइ गरी नेपाली उत्पादनलाई नै प्राथमिकता दिनुपर्ने सञ्चालक राणा बताउँछन् ।

# आरामदायी सिनेमा घर



२४औं वर्ष प्रवेश विशेष

कृष्ण भट्टराई

अप्ठ्यारा कुर्सी, धमिलो पर्दा अनि जीर्ण बन्दै गएका सिनेमा हलमा नेपाली तथा हिन्दी चलचित्र हेर्न बाध्य भैरहेका नेपाली दर्शकलाई करिब–करिब उस्तै मूल्यमा आरामदायक कुर्सी, क्रिस्टल क्लियर पर्दा अनि सुविधासम्पन्न भवनमा चलचित्र हेर्ने बानी बसाउने एउटा कम्पनी हो– क्यूएफएक्स । टिम क्वेस्ट प्रालिअन्तर्गतको क्यूएफएक्सले स्थापनाको पहिलो दशकमै अधिकांश चलचित्रप्रेमीको मन मात्र जितेको छैन, काठमाडौंमा मात्र सीमित मल्टिप्लेक्स कल्चरलाई मोफसलसम्म पुर्‍याउन सफल भएको छ ।

पुरानो प्रविधिबाट सञ्चालन हुने सिनेमा हललाई अत्याधुनिक डिजिटल प्रविधिमा रूपान्तर गर्दै नेपाली चलचित्रलाई समेत गुणस्तरीय बन्न बाध्य बनाउने कम्पनीका रूपमा स्थापना भएको संस्था हो– क्यूएफएक्स अनि यसलाई हाँक्ने एक जना जुझारू हुन्– नकिम उद्दिन । सन् २०१० मा स्थापना भएको टिम क्वेस्ट प्रालिका अध्यक्ष उद्दिन हुन् भने उनलाई भाष्कर ढुंगाना तथा राजेश सिद्दिकीले साझेदारका रूपमा सहयोग गरेका छन् । यी तीन जना उद्यमीले चलचित्र क्षेत्रलाई बिल्कुलै नयाँ उचाइमा पुर्‍याउने लक्ष्यसहित प्रारम्भ गरेको क्यूएफएक्सले आज एउटा आकार पाइसकेको छ । सन् २०१० मा सुन्धारास्थित सिभिल मलको आठौं तल्लामा तीनवटा पर्दामार्फत प्रारम्भ भएको क्यूएफएक्सको यात्रा काठमाडौंकै जय नेपाल, कुमारी हुँदै अघि मात्र बढेको छैन, ललितपुर, पुल्चोकस्थित लबिम मल तथा ठमेलको छायाँ सेन्टरसम्म फैलिएको छ । काठमाडौंपछि चितवनको नारायणघाटबाट प्रारम्भ भएको क्यूएफएक्सको मोफसल यात्रा हेटौंडा, नेपालगन्ज हुँदै बिर्तामोड (निर्माणाधीन) सम्म फैलिएको छ । चाँडै नै क्यूएफएक्सले विराटनगर तथा बुटवलमा पनि आफ्नो उपस्थिति जनाउँदैछ ।

सेल्युलाइड प्रविधिमा निर्माण भैरहेका नेपाली चलचित्रलाई डिजिटल प्रविधिमा रूपान्तर गर्ने श्रेय पनि क्यूएफएक्सलाई नै जान्छ । साप्ताहिकसँगको भेटमा टिम क्वेस्टका अध्यक्ष नकिम उद्दिन भन्दै थिए- 'सेल्युलाइड प्रविधिमा चलचित्र निर्माण गर्नु अत्यन्त महँगो सावित भैरहेको थियो, यसबाहेक उक्त प्रविधिको चलचित्र निर्माण गर्ने क्रममा सानो काम पर्‍यो भने पनि बम्बई धाउनुपर्ने बाध्यता थियो । ती सबै झन्झटबाट मुक्ति पाउन हामीले नै डिजिटल प्रविधि भित्र्यायौं । त्यसका लागि हामीले भारतकै डिजिटल चलचित्र निर्माण गर्ने कम्पनी यूएफओ मुभिजसँग सहकार्य गरेर 'कागबेनी' तथा 'सानो संसार' जस्ता चलचित्र तयार पार्‍यौं । डिजिटल प्रविधिमा निर्माण गरिएका चलचित्र प्रदर्शनका लागि डिजिटल प्रविधियुक्त सिनेमा हल नै चाहिन्छ भन्ने भएपछि हामीले सुरुमा जयनेपाललाई डिजिटल बनायौं । त्यसपछि कुमारीलाई डिजिटल बनायौं । दुईवटा हललाई मात्र डिजिटल बनाएर पुग्दैन भन्ने सोच आएपछि हामी मल्टिप्लेक्सको धारणासहित सिभिल मलको आठौं तल्ला पुग्यौं । एउटा नयाँ ब्रान्डसहित चलचित्र क्षेत्रलाई नै उचाइमा पुर्‍याउनुपर्छ भन्ने उद्देश्यले सिभिल मलबाटै हामीले आधिकारिक रूपमा क्यूएफएक्स स्थापना गरेको घोषणा गर्‍यौं ।'

सानो लगानीबाट प्रारम्भ भएको एक्यूएफएक्समा अहिले करोडौं रुपैयाँ लगानी भैसकेको छ । 'ठ्याक्कै यति नै लगानी छ भन्न गाह्रो छ,' उद्दिन भन्छन्- 'हामीले यहीं कमाएको रकम पुनः यहीं नै लगानी गरिरहेका हुन्छौं ।' यतिबेला क्यूएफएक्सले करिब ५ सय जना नेपालीलाई प्रत्यक्ष रोजगारी दिइरहेको उद्दिनको भनाइ छ ।

क्यूएफएक्सको अवधारणा कसरी आयो ? भन्ने जिज्ञासामा अध्यक्ष उद्दिन भन्छन्- 'नेपालमा सिनेमा हलमा गएर चलचित्र हेर्ने पुरानो चलन हो । मनोरञ्जनको एक मात्र सस्तो माध्यम भनेकै सिनेमा हलमा गएर चलचित्र हेर्नु हो । यद्यपि एक दशकसम्म नेपालमा सञ्चालनमा रहेका सिनेमा हलमा मध्यम तथा त्योभन्दा माथिल्लो वर्ग आकर्षित हुँदैनथे । सिनेमा हलको भौतिक संरचना स्तरीय नभएकाले पनि उपल्लो वर्गका दर्शक सिनेमा हलसम्म पुग्दैनथे । त्यो अवस्थामा एउटा सिंगल स्क्रिनलाई मल्टिप्लेक्सको स्वरूपमा परिवर्तन गरेर दर्शक आकर्षित गर्न सकिन्छ भन्ने सोचले जय नेपाल सिनेमा हलबाट हामीले यो नयाँ व्यवसाय प्रारम्भ गरेका थियौं ।'

जय नेपाल तथा कुमारी सिनेमा हलमार्फत डिजिटल प्रविधिका चलचित्र प्रदर्शन हुन थालेपछि केही नेपाली चलचित्र निर्माताहरू आफ्ना चलचित्र प्रदर्शन नगरेको भन्दै क्यूएफएक्ससँग रुष्टसमेत भएका थिए । 'हामीले जय नेपाल तथा कुमारी सिनेमा हललाई डिजिटल बनाउनुको उद्देश्य नेपाली चलचित्र प्रदर्शन गर्नु थिएन,' उद्दिनको भनाइ छ- 'हामी हलिउड तथा बलिउडका स्तरिय चलचित्र प्रदर्शन गरेर सिनेमा हल नै नजाने दर्शकलाई हलसम्म ल्याउने ध्याउन्नमा थियौं । यद्यपि हामीले दुवै सिनेमा हलमा नेपाली चलचित्र पनि नचलाएका होइनौं, तर त्यतिबेला चलाइएका नेपाली चलचित्रलाई हाम्रा दर्शकले वास्तै गरेनन् । नेपाली चलचित्र तथा विदेशी चलचित्रका दर्शकहरू फरक हुने भएकाले पुरानो ढर्रामा बनेका चलचित्र हेर्न दर्शक नआउनु स्वभाविक थियो ।'

अहिले पनि क्यूएफएक्सले हरेक नेपाली चलचित्रलाई आफ्ना सिनेमा हलमा प्रदर्शन गराउँदैन । उद्दिन भन्छन्- 'हामीले एउटा निश्चित मापदण्ड पूरा गरेका चलचित्र मात्र प्रदर्शन गर्ने नियम बनाएका छौं । पहिले टुके प्रविधिमा बनेका चलचित्र मात्र प्रदर्शन गर्ने नियम थियो, अहिले सबै चलचित्र फोरके प्रविधिमा निर्माण हुन थालेका छन् । यद्यपि आज पनि हाम्रो एउटा टिमले चलचित्र हेरेपछि मात्र हाम्रा सिनेमा हलमा प्रदर्शन गर्ने कि नगर्ने निर्णय गर्छ ।'

यिनै कारणले अहिले हरेक नेपाली चलचित्र निर्माताहरू आफ्ना चलचित्रलाई क्यूएफएक्समा प्रदर्शन गर्ने लक्ष्यसहित चलचित्र निर्माण गर्न थालेका छन् । यसबाट निर्माताहरूमाथि कुनै पनि कुरामा सम्झौता नगरी उत्कृष्ट चलचित्र बनाउने दबाब सिर्जना भएको छ । यसले नेपाली चलचित्र प्राविधिक रूपमा समेत स्तरीय बन्न थालेका छन्, राम्रा चलचित्रले उत्कृष्ट व्यवसाय पनि गरेका छन् । यी सबै कुराको श्रेय पनि क्यूएफएक्सलाई नै दिँदा फरक पर्दैन ।

क्यूएफएक्सले दर्शकको सुरक्षालाई सबैभन्दा बढि प्राथमिकतामा राखेको छ । त्यसका लागि सिनेमा हलको भवन नै सुरक्षित हुनुपर्ने क्यूएफएक्सको प्रमुख सर्त छ । नेपालमा अन्तर्राष्ट्रिय स्तरका सिनेमा हलहरू सञ्चालन गरी नेपालीहरूको चलचित्र हेर्ने संस्कृतिमा आमूल परिवर्तन गरेर क्यूएफएक्सले नेपाली मनोरञ्जन उद्योगमा प्रभावकारी उपस्थिति जनाउँदै आएको छ । क्यूएफएक्समा वार्षिक चलचित्र हेर्न आउने दर्शकको संख्या हरेक वर्ष १०-१५ प्रतिशतको दरले वृद्धि भैरहेको क्यूएफएक्सका अध्यक्ष उद्दिनको भनाइ छ ।

# क्यासलेस बनाउने एफवान सफ्ट

नरेन्द्र रौले

एसियाका उत्कृष्ट १ सय कम्पनीमा सूचीकृत नेपाली कम्पनी हो– एफवान सफ्ट । मोबाइल पेमेन्ट सेवा प्रदान गर्ने कम्पनीहरूको सूचीमा यो कम्पनी विश्वकै ३५ औं स्थानमा छ । एफवान सफ्ट इन्टरनेसनलका प्रबन्ध निर्देशक विश्वास ढकालले यो कम्पनीलाई नेतृत्व दिइरहेका छन् । एफवान सफ्ट त्यही कम्पनी हो, जसले मोबाइल बैंकिङ, इन्टरनेट कार्ड म्यानेजमेन्ट, डिजिटल वालेट तथा अनलाइन पेमेन्ट गेटवे ई-सेवाजस्ता वित्तीय प्रविधि नेपाल भित्र्याउन तथा प्रविधिमार्फत वित्तीय कारोबार अघि बढाउन योगदान दिँदै आएको छ ।

एफवान सफ्टलाई विश्व बजारमा चिनाएका युवा व्यवसायी विश्वास ढकालको कथा जनकपुरबाट सुरु हुन्छ । उनी स्कुले जीवनदेखि नै इलेक्ट्रोनिक्स सामानहरूप्रति विशेष चासो राख्थे । घरबाट ३ किलो मासु किन्न पठाउँदा उनी साढे २ किलो मासु मात्र किनेर फर्कन्थे । बचेको पैसा आफू राख्थे । यसरी हरेक सामान किन्दा उनी पैसा जोगाउन थाले । ठूलो रकम जम्मा भएपछि त्यही पैसाले उनी ग्याजेट्सहरू किन्थे । बा-आमासँग पैसा माग्न अप्ठ्यारो लाग्थ्यो, विश्वास भन्छन्- मलाई यही बाटो सजिलो लाग्यो । जीवनका प्रारम्भिक दिनमा विश्वास दुईवटा रुचि राख्थे– पहिलो क्रिकेट खेल्न, दोस्रो बिजुलीका सामानहरू खोल्न, बिगार्न र सपार्न ।

चेन्नइबाट प्लस टु गरेका विश्वासले कम्प्युटर इन्जिनियरिङ अध्ययनका लागि अमेरिका जाने सपना साँचे, तर उनको सपना पूरा भएन । उनी कोलोराडो स्टेट युनिभर्सिटीमा भर्ना भए । त्यो सँगै सानो छात्रवृत्ति पनि मिल्यो । आई ट्वान्टी आएपछि उनले भिसा एप्लाई गरे । भिसा



रिजेक्ट भयो । त्यसपछि उनमा एक प्रकारको निराशा छायो । त्यसपछिका ३ महिना जनकपुरमा आमा-बुबासँगै बिताए र अन्ततः काठमाडौं आए ।

सन् २००३ मा काठमाडौंको एनसिआइटी कलेजमा भर्ना भए । त्यतिबेला उनले प्लान इन्टरनेसनलमा काम पाए । आइटी असिस्टेन्टका रूपमा उनको मासिक तलब थियो १४ हजार रुपैयाँ । त्यही बेला हो, एफवान सफ्ट कम्पनीको व्यवसायिक यात्रा प्रारम्भ भएको ।

पृष्ठ २७ मा

# उम्दा युनिभर्सिटी

जनक तिमिल्सिना

झन्डै १४ हजार विद्यार्थी । १० अर्बको सम्पत्ति । झन्डै १ हजार ५ सय कर्मचारी । २७ वर्षमा २५ हजार ८ सय ७३ ग्रेजुएट । ७ वटा स्कुलअन्तर्गत ग्रेजुएसनदेखि पिएडीसम्म ६१ भन्दा बढी एकेडेमिक प्रोग्राम । यी काठमाडौं युनिभर्सिटी (केयू)का २७ वर्षे यात्राका महत्वपूर्ण झलक हुन् । केयूको यात्रा २७ वर्षअघि ३ सय विद्यार्थी, १० जना कर्मचारी तथा एउटा एकेडेमिक प्रोग्रामबाट सुरु भएको थियो ।

न पूर्ण र प्रत्यक्ष सरकारी सहयोग । न त कुस्त सम्पत्ति भएको प्राइभेट कम्पनीको साथ । मात्र 'मोडल युनिभर्सिटी' स्थापना गर्ने हुटहुटी भएका प्रख्यात शिक्षाविद् डा. सुरेशराज शर्मा तथा उनका अन्य सहयात्री साथीहरूको सपनाले केयूले जग हालेको हो । विश्वास गर्न गाह्रो तर यथार्थ– मागेरै केयू अहिलेको अवस्थामा पुगेको हो । सहयोगी हातहरूको साथसँगै व्यवस्थापनको अथक परिश्रम, मेहनत र अब्बल व्यवस्थापनकै कारण केयू अहिले बलियो प्राज्ञिक संस्थाका रूपमा बृहत् परिधिमा फैलिएको छ ।

केयू विद्यार्थी संख्याका हिसाबले नेपालकै चौथो ठूलो युनिभर्सिटी हो भने गुणस्तरीय शिक्षाका हिसाबले उम्दा । केयूअन्तर्गतका आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूमा झन्डै १३ हजार ४ सय ११ विद्यार्थीले विभिन्न संकायमा अध्ययन गरिरहेका छन् । युनिभर्सिटीले ७ वटा स्कुल सञ्चालन गरेको छ, जसमा स्कुल अफ आर्ट्सअन्तर्गत १५ वटा, स्कुल अफ एजुकेसनअन्तर्गत ६ वटा, स्कुल अफ इन्जिनियरिङअन्तर्गत ११ वटा, स्कुल अफ ल अन्तर्गत ३ वटा, स्कुल अफ मेडिकल साइन्सअन्तर्गत ७ वटा, स्कुल अफ साइन्सअन्तर्गत १३ वटा तथा स्कुल अफ म्यानेजमेन्टअन्तर्गत ८ वटा एकेडेमिक कार्यक्रमहरू सञ्चालनमा छन् ।

गुणस्तरीय शिक्षा, अब्बल प्राज्ञिक जनशक्ति, उत्कृष्ट शैक्षिक क्यालेन्डरका कारण केयूले नेपाली शिक्षा जगत्‌मा फरक मानक स्थापित गरेको छ । स्वदेशी बजारका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा ठूलो टेवा पुऱ्याइरहेको केयूको अन्तर्राष्ट्रिय बजारमा पनि उच्च साख छ ।

केयूले नेपालको विश्वविद्यालयीय शिक्षामा अन्तर्राष्ट्रिय र नवीनतम् धारहरूलाई समात्यो । अन्तर्राष्ट्रिय बजारमा अब्बल मानिएको चारवर्षे सेमेस्टर प्रणाली नेपालमा केयूले भित्र्याएको हो भने कम्प्युटर, मेकानिकल, हाइड्रो पावर इन्जिनियरिङ, एमबीए, बीबीए, फार्मेसी, इन्भाइरोमेन्टल साइन्स, बायोटेक्नोलोजीलगायतका नवीनतम कार्यक्रम केयूले नै पहिलो पटक प्रारम्भ गरेको हो । भारतको एसोसिएसन अफ इन्डियन युनिभर्सिटीज (एआईयू), विड्ला इन्स्टिच्युट अफ टेक्नोलोजी, मणिपाल एकेडेमी, नर्वेको युनिभर्सिटी अफ ओस्लो, नर्वेजियन युनिभर्सिटी अफ लाइफ साइन्स, चीनको हैवी युनिभर्सिटी अफ इकोनोमिक्स एन्ड बिजनेस, कन्फ्युसियस इन्स्टिच्युटजस्ता एकेडेमिक संस्थाहरूसँगको सहकार्यले केयूलाई 'ग्लोबल ब्रान्ड' बन्ने दिशातर्फ डोऱ्याएको छ ।







तस्बिर : नवराज वाग्ले

**२४औं वर्ष प्रवेश विशेष**

संस्थापक उपकुलपतिसमेत रहेका शिक्षाविद् डा. शर्माले २१ वर्षसम्म विश्वविद्यालयको नेतृत्व गरे । केयूको सफलताको खास कारण के हो ? 'सेल्फ फिनान्स भएकाले बाहिरी हस्तक्षेप भएन', डा. शर्मा भन्छन्, 'अर्को महत्वपूर्ण कुरा हामीले स्रोतसाधन र जनशक्तिको कुशल व्यवस्थापन गऱ्यौं । त्यही नै हाम्रो सफलताको प्रमुख आधार हो ।'

विश्वविद्यालयका वर्तमान उपकुलपति डा. रामकण्ठ मकाजू श्रेष्ठ निस्वार्थी र राम्रो काम गर्ने चाहनालाई विश्वविद्यालयको सफलताको कारण मान्छन् । 'केही गरौं भन्ने निस्वार्थ भावना नै हाम्रो सफलताको प्रमुख कारण हो', डा. मकाजू भन्छन्–'हाम्रो निःस्वार्थ भावना मानिसहरूले बुझे र हामीलाई विश्वास गरे । केयू त्यही विश्वासको धरातलमा उभिएको छ ।'

### यसरी जन्मियो केयू

सन् १९८५ देखि त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा काठमाडौं भ्याली कलेजमा आईएस्सी पढाउन थालेका थिए– डा. सुरेशराज शर्मा र उनका उत्साही साथीहरू । ०४६ सालमा कलेज व्यवस्थापन समूह स्वायत्त क्याम्पस वा डिम्ड (मानित) विश्वविद्यालयको माग गर्दै २०४७ सालमा तत्कालीन अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई कहाँ पुग्यो । त्यसबेला तत्कालीन प्रधानमन्त्री भट्टराईले डा. शर्माको टिमलाई डिम्ड विश्वविद्यालय र स्वायत्त कलेजको साटो छुट्टै विश्वविद्यालय खोल्न आग्रह गरे । उक्त आग्रहमा डा. शर्माको टिमले गम्भीर मन्थन थाल्यो ।

त्यसपछि २०४८ सालको प्रतिनिधिसभा निर्वाचनपछिको पहिलो प्रतिनिधीसभा बैठकले २०४८ मंसिर २५ गते काठमाडौं विश्वविद्यालय ऐन पारित गऱ्यो, तर लगानीबिना विश्वविद्यालय खोल्न तम्सिनु भनेको लाइफ ज्याकेट बिनै समुन्द्रमा हामफाल्नुजस्तै थियो । उल्टै सरकारले पैसा नदिने शर्तसहित विश्वविद्यालय ऐन पारित गरेको थियो । सरकारको उक्त सर्तबाट विश्वविद्यालय बनाउन हिँडेका स्वप्नद्रष्टाहरू डगमगाएनन् । विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणदेखि नियमित कार्यालय सञ्चालनसम्मका लागि एक-एक पैसा जोहो गर्न थाले । ती दिनहरू निकै अप्ठ्यारा थिए, विश्वविद्यालयका संस्थापक रजिस्ट्रार सीताराम अधिकारी सम्झन्छन्–हामीले निकै कठिन समयमा आँट र हिम्मतले नै विश्वविद्यालयको आधार खडा गरेका हौं ।

त्यतिबेला आईएस्सी कार्यक्रमका रुपमा सुरु भएको केयूले त्यसपछि एमबीए, इन्जिनियरिङ, साइन्सलगायत अन्य प्रोग्राम सुरु गरेको हो । अहिले केयूको सम्बन्धनमा १० वटा मेडिकल कलेज सञ्चालनमा छन् । यस्तै, आर्टसका २, एजुकेसन १ र म्यानेजमेण्टका २ सम्बन्धप्राप्त कलेज छन् ।

---

पृष्ठ २६ बाट

पहिलो सेमेस्टर पूरा गरेपछि उनले आफ्नै कोठालाई कार्यालय बनाए । आफूसँग भएको एउटा कम्प्युटरबाट उनले वेबसाइट बनाउने, डोमेन बिक्री गर्ने तथा वेब होस्टिङको काम सुरु गरे । त्यसको एक वर्षपछि चारवटा कम्प्युटर किनेर ४ जनालाई रोजगारी दिन सक्षम भए । त्यतिबेला त संसारै जितेजस्तो भयो, उनी त्यो क्षण सम्झन्छन् । कम्पनीले काम धेरै गरे पनि बजारबाट पैसा उठाउन ठूलै हन्डर बेहोर्नु पर्‍यो । तैपनि कम्पनीमा उनले कर्मचारीहरू थपिरहे, कम्पनी फैलँदै गयो ।

सन् २००८ मा उनले नेपालमा एसएमएस बैंकिङको कल्पना गरे । उनको कल्पनालाई लक्ष्मी बैंकले साथ दियो । त्यसपछि एक वर्षभित्र आठवटा बैंकमा एसएमएस बैंकिङ सेवा प्रारम्भ भयो । राम्रो व्यापार हुन थालेपछि उनले एसएमएस बैंकिङमा (एसएमएस इन्क्वाइरी) मात्र सिमित नभएर ग्लोबल बैंकिङ पनि सुरु गरे । पोस्पेड, ल्यान्डलाइन र मोबाइलको बिल तिर्न मोबाइल बैंकिङ सेवाको बिस्तार भयो । नेपालमा पहिलो पटक अनलाइन पेमेन्ट गेटवेको सुरुवात पनि उनैले गरेका हुन् । सन् २००९ मा उनले सुरु गरेको ई-सेवाले राम्रो व्यापार गर्न थाल्यो ।

यतिबेला ४ सय १७ जनालाई रोजगारी दिएको एफवान सफ्टले विभिन्न पाँचवटा कम्पनीमा काम गरिरहेको छ । दुईवटा स्टार्टअप चलाइरहेको छ । स्टार्टअप कम्पनीमध्ये सिरान टेक र धर्मटेक एपमा आधारित कम्पनी हुन् भने वेब भीआरभी सिएमएस डेभलपमेन्टमा आधारित छ ।




यो सफलता एकाएक हात परेको होइन । विश्वासको समूहले बीचमा केही प्रोजेक्टमा हात हालेको थियो । ती सबैमा सफलता प्राप्त हुन सकेन् । एकपटक समूहले क्यास अन एड्को अवधारणामा काम सुरु गरेको थियो, तर त्यसका लागि नेपाल एकदम सानो बजार सावित भयो । क्यास अन एड सार्वजनिक भएको तीन महिनामै झन्डै २ लाख उपभोक्तामाझ पुगिसकेको थियो । त्यसपछि विश्वासले ओहो बजारमा लगानी गरे । ओहो बजार ई-सेवाजत्तिको सशक्त ढंगले अघि बढ्न सकेन । क्यास अन एड्मा धेरै पैसा गुमाएकाले कम्पनीले ओहो बजारमा ठूलो लगानी गर्न चाहेन ।

विश्वास बेस्ट म्यानेजर अफ इयर एवार्ड-२०१७ बाट सम्मानित व्यक्ति हुन् । एकपटक उनलाई निराशाले यति गाँजेको थियो कि उनले केही गर्ने आशा गुमाइसकेका थिए । चरम निराशा छाएका बेला आफ्नो भाग्य आफै बनाउँछु भनेर उनले एकपटक चक्कुले हत्केलामा भाग्यरेखा कोर्ने प्रयास समेत गरेका थिए । यद्यपि यतिबेला विश्वासले आफ्नो मात्र होइन, सयौं नेपालीको भाग्य चम्काइरहेका छन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

### मेष

नयाँ कार्य प्रारम्भ गर्दा आफ्नो मात्र नभै अभिभावकहरूको रुचिको पनि ख्याल गर्नुहोला । ध्यानपूर्वक गरिएका कामले लाभ नै दिलाउनेछ । रोजगारीका लागि भौंतारिनुपर्ने स्थिति छ । अन्तर्वार्ता तथा परीक्षाहरूमा सामेल हुँदा संयमित रहनुहोला । पहेंलो रंगको प्रयोगले अपेक्षित परिणाम प्राप्त गर्न सघाउनेछ ।

### वृष

यो साता मनको चञ्चलतामा वृद्धि हुनेछ । मनका भावना आदान-प्रदान गर्ने मित्र फेला पर्ने छन् । रोकिएका काम सम्पन्न भै आर्थिक संकट टर्नेछ । मांगलिक कार्यको तिथि-मिति तोकिने सम्भावना टरेको छैन । रमणीय यात्रा एवं किनमेलमा केही खर्च गर्नुपर्ने हुन सक्छ ।

### मिथुन

नयाँ मित्रबाट अपेक्षाभन्दा बढी ज्ञान आर्जन गरी प्रसस्त लाभ लिन सकिनेछ । मनमा उत्पन्न सकारात्मक विचारले नौला प्राविधिक इलम रोज्न प्रेरित गर्नेछ । गरिब तथा असहायहरूलाई सहयोग गरी पुण्य आर्जन गर्नु होला । कर्मचारीवर्गले गोपनीयता तथा आर्थिक कारोबारमा सचेतता अपनाउनुपर्नेछ ।

### कर्कट

लगनशीलताले विविध अवसर जुटाउनेछ । तपाईंको नाम भजाएर अरूले नै फाइदा उठाउन सक्छन् । प्रेममा अविश्वास सिर्जना हुनसक्छ । साताको अन्त्यमा यात्रा गर्ने अवसर जुट्नेछ । भोजभतेरमा सहभागी हुँदा पुराना मित्रहरूसँगको भेटले मनलाई प्रफुल्ल बनाउनेछ । वादविवादबाट टाढै रहनु नै उपयुक्त हुन्छ ।

### सिंह

पुन: प्रयत्न गर्दा रोकिएका काममा सफलता हात पर्नेछ । बुद्धिको सहायताले अधिकार एवं प्रतिष्ठा जोगाउन सकिनेछ । विपक्षीहरूले स-साना त्रुटि औंल्याउन सक्छन् । आफ्नो आलोचनामा ध्यान पुऱ्याउनु होला । पहिरनले अरूको मन लोभ्याउन सकिनेछ । साताको अन्त्यतिर फजुल खर्चले पिरोल्नेछ ।

### कन्या

सामाजिक काममा सरिक हुँदा मन पराउने साथी फेला पर्ने सम्भावना छ । घरायसी व्यवहार सञ्चालन गर्ने जिम्मेवार आइलाग्न सक्छ । असहज परिस्थितिबाट उम्कन थप धैर्यता आवश्यक छ । नयाँ क्षेत्रमा लगानी गर्ने अवसर जुट्न सक्छ । सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ ।

### तुला

आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । अधुरा चाहना पूरा गर्ने समय आएको छ । रोकिएका कामको गाँठो फुक्न सक्छ । कुनै काम सम्पन्न गर्न ढिलाइ नगर्नुहोला अन्यथा पछि परिनेछ । साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्नेछन् । सवारी साधन चलाउँदा संयमित रहनुहोला ।

### वृश्चिक

सरकारी तथा निजी क्षेत्रमा कार्यरत कर्मचारी वर्गले जिम्मेवारीप्रति सचेत रहनुपर्नेछ । पारिवारिक विरोधका बाबजुद प्रेमजीवनले ठोस निर्णयको अपेक्षा गरेको छ । त्यही निर्णयले नै तपाईंको भविष्य निर्धारित गर्नेछ । साथीभाइहरूको भनाइमा लाग्दा समस्या आइलाग्न सक्छ, ध्यान पुऱ्याउनुहोला ।

### धनु

मन पराउने साथीले साझेदारीमा लगानी गर्न उत्सुकता दर्साउँदा निर्णय गर्न ढिलाइ नगर्नुहोला । विदेशमा रहेका शुभचिन्तकहरूले विभिन्न जिम्मेवारी दिलाउनेछन् । व्यवसायका सिलसिलामा विदेश भ्रमण गर्नुपर्ने हुनसक्छ । कूटनीतिक क्षमता प्रदर्शन गर्नु उचित हुन्छ ।

### मकर

अनुशासन एवं मर्यादा पालन नगर्दा विवादमा परिने सम्भावना छ, सचेत रहनुहोला । समूहिक लगानीमा गरिएको कामले मुनाफा दिनेछ । अवसरको खोजी गर्दै जाँदा विदेश यात्राको सम्भावना छ । जटिल समस्याहरू सुल्झाउँदै धेरैको प्रशंसा बटुल्न सकिनेछ ।

### कुम्भ

आफ्नो धरातल बिर्सिएर अर्काको नक्कल गर्न खोज्दा ठूलो मूल्य चुकाउनुपर्नेछ । प्रेमी-प्रेमिकाको द्वैध मनस्थितिले विचारमा समेत परिवर्तन ल्याउन सक्छ । प्राप्त जिम्मेवारीप्रति बेवास्ता गर्नाले ठूलो नोक्सानीमा परिनेछ । खरानी रंगको पहिरनबाट समस्या निवारण गर्न ऊर्जा प्राप्त हुनेछ ।

### मीन

गहकिलो कार्य सम्पन्न गर्न कम बोल्नु होला । भै मानसिक दबाबको सामना गर्नु पर्ने हुनसक्छ । भ्रमण तथा योगाभ्यासले मन शान्त बनाउनेछ । सुमधुर पारिवारिक वातावरणले नयाँ काम थालनी गर्न ऊर्जा प्रदान गर्नेछ । मान-प्रतिष्ठा वृद्धि भै सवारी साधन खरिद गरिने सम्भावना समेत छ ।

**यो साता**

जेठ ८ गते
विश्व सांस्कृतिक विविधता दिवस

जेठ १० गते
गंगा दशहरा

**अब हाम्रो पालो**

# तपाई साप्ताहिकलाई अब कस्तो स्वरूपमा हेर्न चाहनुहुन्छ ?

जो चर्चित छन्, उनीहरू चर्चित छँदैछन् । जसले स्थान नपाएर पछि पर्नुभएको छ, त्यस्ता प्रतिभालाई पनि स्थान दिनुपर्छ । गरिब, दु:खीहरूलाई पनि अवसर दिनुपर्छ । हामीजस्ता पिछडिएकाहरूको आवाजले ठाउँ पाउन सके राम्रो हुन्छ ।

**समर्पण सन्देश**

मोडल, सेलिब्रेटी तथा चर्चित व्यक्तिहरूलाई मात्र स्थान दिने होइन कि गरिब, दु:खीहरूको कथा पनि समावेश गर्नुपर्‍यो ।




वैदेशिक रोजगारबाट स्वदेश फर्केर आफ्नै देशमा केही गर्दै आएका व्यक्तित्वहरू जो गुमनाम छन्, उनीहरूका कथा-कहानीलाई पनि स्थान दिनुहोला ।

**पवन खत्री**

ठीक छ, अलि उत्प्रेरणा जगाउने खालका प्रेरणादायी तथा ज्ञानवर्द्धक विषयवस्तु समेटिदिए पुग्छ ।

**झपेन्द्र ढुंगाना**

नयाँ-नयाँ स्तम्भहरूका साथमा आउनुहोस् ।

**पवन अधिकारी**

विदेशबाट फर्किएर आएका नेपालीहरूका बारेमा पनि कुनै स्तम्भ सुरु गर्नुपर्‍यो ।

**शंकर सुवेदी**

राम्रो छ । अझ राम्रो गर्नुहोला ।

**देउपाल उप्रेती**

सबै राम्रै छ । त्यसमाथि स्वास्थ्यसम्बन्धी जानकारी अझ बढी भए उपयोगी हुने थियो ।

**विशाल भट्टराई**

समाज र समय सान्दर्भिक हुनुपर्‍यो ।

**अर्जुन अधिकारी**

अरू पत्रिकाहरू जस्तो उत्ताउलो नहोस् ।

**मुकेश राई**

साप्ताहिकमा यस्ता लेखहरू आउन् जसले मानिसहरूको मानसपटलमा सकारात्मक काम गर्ने उत्प्रेरणा जगाओस्, सकारात्मक सोचको विकास गरोस् ।

**कृष्णराज श्रेष्ठ**

मध्य पृष्ठलाई पहिलो पृष्ठमै ल्याउनुपर्‍यो ।

**हरिराम**

अझ उच्च स्तरको पत्रिका बनोस् ।

**प्रमिता लिम्बू**

अझ हट् मोडलहरूको तस्विर प्रकाशित होस् ।

**सुमन चापागाई**

मध्यपृष्ठ अझै थप्नुपर्‍यो ।

**सेन्चुरी**

युवाहरूका लागि पठनीय सामग्रीहरू प्रकाशन हुनुपर्‍यो ।

**विकल्प अधिकारी**

परदेशमा बस्ने नेपालीहरूका सुख-दु:खलाई निरन्तर स्थान दिनुपर्‍यो ।

**प्रकाश**

साप्ताहिक अब दैनिक प्रकाशन हुनुपर्‍यो ।

**करिष्मा ढकाल**

मैले साप्ताहिकलाई पञ्चामृतका रूपमा ग्रहण गर्न खोजेको छु ।

**पंकज**

अझै नयाँ स्वरूपमा आओस् । समय सान्दर्भिक सामग्रीहरू प्रकाशित हुन् ।

**निर्मल भण्डारी**

संसार हल्लाएका व्यक्तिहरूका बारेमा जानकारी दिनुहोस् ।

**नारद थुलुङ**

प्रेरणादायक व्यक्तिहरूका कथा पढ्न पाइयोस् ।

**जुनिता काफ्ले**

विश्व घटना तथा रोचक घटनाहरूलाई पनि स्थान दिइयोस् ।

**झपेन्द्र खड्का**

अहिलेसम्म बजारमा जुन रूपमा आएको छ, मलाई त्यो नै सही लाग्छ ।

**कैलाश**

मलाई राम्रै लाग्छ ।

**गणेश शाही**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. तपाईंको राशिफल कतिको मिल्छ ?

**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९



ADMISSION OPEN
FOR POTENTIAL RECRUITS
www.facebook.com/gurkhaxtreme.force
BRITISH ARMY | SINGAPORE POLICE
INDIAN ARMY | NEPAL ARMY
Hostel facilities available
GURKHA X-TREME FORCE
Jawalakhel Chowk, Lalitpur, Nepal
01-5526167 / 9841572376 / 9815346649
Also contact us for Study in Australia / New Zealand
In association with



## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म १७ वर्षीय पुरूष हुं । मेरो लिंग ठीक छ तर मेरो लिंगको अगाडिको छाला तन्कंदैन । पोर्न भिडियोहरुमा यस्तो छाला पूरै तलसम्मै तन्किएको देखिन्छ । मैले आफैं तन्काउन खोजें, तर त्यसो गर्दा पोल्छ । मलाई यसले पछि गएर समस्या पो आउने हो कि जस्तो लाग्छ । मैले अगाडिको छाला डाक्टरकहां गएर काटिदिंदा यो समस्या समाधान हुन्छ भन्ने सुनेको थिएं । के यो सही हो ?

र.



### लिंगको अगाडिको छाला

लिंग एक विशेष छालाले छोपिएको हुन्छ र यो लिंगको वरिपरि मात्र नभै यसको केही भाग लिंगभन्दा पनि अगाडि आएको हुन्छ । लिंगको मुण्डलाई छोप्ने यो छालाको विशेष पत्रलाई नै अग्रचर्म भनिन्छ । यसैलाई अंग्रेजीमा prepuce अथवा foreskin भनिन्छ । यो छाला जन्मजात नै लिंगसँग नटाँसिई अर्थात फर्काउन मिल्ने गरी आएको हुँदैन । यस्तै ९६ प्रतिशत बालकमा जन्मदादेखि नै लिंगमुण्डसँग अग्रचर्म टाँसिएको हुन्छ । बालक ठूलो हुँदै जाँदा यो बिस्तारै छुट्टिएर आउँछ । त्यसैले बाल्यकालमा यसलाई फर्काउन नमिलेको भए पनि किशोरावस्थामा पुगेपछि भने यसलाई फर्काउन मिल्छ । शिश्न मुण्ड पछाडितिर केही फुकेको घेरा हुन्छ जसलाई coronal ridge भनिन्छ र यसले लिंगको shaft (साफ्ट, नली आकारको भाग) सँग शिश्न मुण्डलाई छुट्याउँछ । यसको तलतिर सानो त्रिभुजाकार भाग हुन्छ । छालाको एउटा पातलो त्यान्द्रो जसलाई frenulum भनिन्छ, शिश्नमुण्डमा टाँसिएको हुन्छ ।


### तपाईंलाई के भएको ?

तपाईंले यौन चलचित्रमा अग्रचर्म पूरै तन्कने तर आफ्नो नतन्किने कुरा गर्नुभएको छ । यो कतातिर तन्किने कुरा गर्नुभएको हो स्पष्ट भएन । लिंगको फेदतिर तन्किने कुरा गर्नुभएको हो भन्ने मानेर नै जवाफ दिने प्रयास गरेको छु । माथि भनिएजस्तै किशोरावस्थामा यो प्रायःजसो व्यक्तिमा छुट्टिएर आउँछ र पछाडि फर्काउन मिल्छ । केही स्थितिमा भने यसलाई पछाडि फर्काउन मिल्दैन, जसलाई हामी phimosis भन्छौं । अर्को कुरा तपाईंको सन्दर्भमा यौन चलचित्रका कलाकार यदि पश्चिमा इसाई हुन् भने उनीहरूको समुदायमा बाल्यकालमै अग्रचर्मलाई काट्ने चलन छ र यसले गर्दा अग्रचर्म शिशुकालमै काट्ने चलन नभएका हिन्दूहरूको तुलनामा लिंगको रूप केही फरक देखिन्छ ।

### अग्रचर्म किन काट्ने ?

हजारौं वर्षअघि सुरु भएर अहिलेसम्म गरिँदै आए पनि यो शल्यक्रिया गर्ने कि नगर्ने भन्ने विषयमा अनेक विवाद छन् । माथि चर्चा गरिएजस्तै उपचारका लागि यो शल्यक्रिया विशेष गरेर युवावस्था वा वयस्क अवस्थामा गरिन्छ, तर कतिपय समुदायमा धार्मिक वा परम्परागत सांस्कृतिक चलनअनुसार यसलाई निरन्तरता दिइँदै आएको छ । जुदाई, मुसलमानका साथै केही इसाई समुदायमा यो शिशु अवस्थामै गर्ने चलन छ, तर हिन्दु वा सिख समुदायमा अग्रचर्म काट्ने चलन छैन । अग्रचर्म काट्ने चलनमा पनि संसारभर नै तुलना गरेर हेर्दा निकै भिन्नता देखिन्छ । कसैले बढी उमेर भए पछि त कसैले बाल्यावस्थामै यो काम गर्छन् भने अर्कातिर यसलाई कसैले उत्सवका रूपमा मनाउँछन् त कसैले सामान्य रूपमा लिन्छन् । त्यसै गरी कतिपय अफ्रिकी समुदायका मानिस तथा अस्ट्रेलियाली आदिवासीहरूले पनि अग्रचर्म काट्छन् ।

अहिलेको आधुनिक समाजमा हेर्दा धार्मिक प्रयोजन नभए पनि अग्रचर्म शिशु अवस्थामै काटिएको पाइन्छ । केही परिस्थितिमा व्यक्तिले लिंगलाई राम्रो वा भनौं सुन्दर देखियोस् भनेर पनि अग्रचर्म काटेको पाइन्छ भने कतिपयले सरसफाइका कारणले यसो गरिनुपर्ने मान्छन् । शिशु वा बाल्यकालमा शल्यक्रियाका लागि सहमति जनाउन नसक्ने भएकाले उनीहरूका अभिभावकले यस्तो निर्णय गर्नु उनीहरूको अधिकारको हनन हो र यो 'नैतिक भएन' भन्नेहरूको आवाज पनि ठूलो हुँदै गएको छ । अध्ययनहरूले अग्रचर्म काट्दा एचआईभी सर्ने सम्भावना निकै कम हुने देखाएकाले कतिपय अफ्रिकी देशमा यसलाई एचआईभी रोकथामको उपायका रूपमा समेत लिइदैछ ।



### अग्रचर्म काट्ने शल्यक्रिया

अग्रचर्म काट्न गरिने शल्यक्रिया(लाई अंग्रेजीमा Circumcision भनिन्छ । यो शल्यक्रिया अग्रचर्म साँगुरो भएको स्थितिका लागि प्रभावकारी उपाय हो । १०-१५ मिनेटमै सकिने यो शल्यक्रियाका लागि अस्पताल भर्ना हुनुपर्ने आवश्यकता छैन । शल्यक्रिया गरेको केही बेरपछि नै घर जान सकिन्छ । शल्य चिकित्सकको सल्लाहबमोजिम पीडा कम गर्ने औषधीका साथै अन्य औषधीहरू सेवन गर्नुपर्ने हुन सक्छ । त्यसबाहेक केही दिनपछि तपाईंले आफ्नो घाउ जँचाउन पुन: शल्यचिकित्सककहाँ पुग्नुपर्छ । राम्रो स्थानमा दक्ष चिकित्सकबाट शल्यक्रिया गराउँदा यसका नकारात्मक असरहरू एकदमै न्यून हुन्छन् । अग्रचर्म काटिएको स्थानको संक्रमण तथा रक्तश्राव प्रायःजसो देखा पर्ने असर हुन् । काटिएको स्थानमा रगत जम्मा हुने जस्तो समस्या पनि देखा पर्न सक्छ । अस्पतालको शल्यचिकित्सा विभागमा सम्पर्क राखी यो शल्यक्रिया गराउन सकिन्छ ।

> अग्रचर्म यौन सन्देश ओसारपसार गर्ने स्नायुले भरिपुर्ण हुन्छन् । लिंगको उत्तेजना र यौनसम्पर्कको घर्षणका साथै त्यतिबेला हुने तन्काईले यौन सुख प्राप्त गर्न सहयोगी भूमिका खेल्छ । अग्रचर्म अगाडि-पछाडि फर्कने भएकाले यौन सम्पर्कका बेला घर्षणमा सहज हुने बताइन्छ ।

### यौन क्षमतामा असर

अग्रचर्म यौन सन्देश ओसारपसार गर्ने स्नायुले भरिपुर्ण हुन्छन् । लिंगको उत्तेजना र यौनसम्पर्कको घर्षणका साथै त्यतिबेला हुने तन्काईले यौन सुख प्राप्त गर्न सहयोगी भूमिका खेल्छ । अग्रचर्म अगाडि-पछाडि फर्कने भएकाले यौन सम्पर्कका बेला घर्षणमा सहज हुने बताइन्छ । स्वाभाविक रुपमा अग्रचर्म छुट्टिनुभन्दा पहिले नै शिशु अवस्थामा अग्रचर्म काटिँदा, शिश्नमुण्डको छाला नै फरक किसिमको देखिन्छ । वयस्क अवस्था गरिएको शल्यक्रियामा यस्ता प्रभाव कम भए पनि परिवर्तन त देखिन्छ नै । यी परिवर्तनले शिश्नमुण्डको छाला केही कम संवेदनशील हुन्छ । अग्रचर्म काटिएको लिंग तुलनात्मक रुपमा सुख्खा हुन्छ ।

अग्रचर्म काट्दा यौन सक्षमतामा पर्ने प्रभावका बारेमा भने पक्का जवाफ पाउन गाह्रो छ । अग्रचर्म काटेपछि शिश्नमुण्डको संवेदनशीलतामा कमी आउने भएकाले यौन सम्पर्कका बेला आनन्द कम हुने कुरा कतिपयले बताउँदै आएका छन् भने कतिपयले यौनसम्पर्क थप आनन्ददायक हुने कुरा बताउँदै आएका छन् । मास्टर्स र जोनसनले गरेको अध्ययनमा भने अग्रचर्म काटेका तथा नकाटेका पुरुष माझ खासै भिन्नता देखिएन ।

### सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## महिला स्वास्थ्य



म ३८ वर्षीया जागिरे महिला हुँ । हाम्रा दुई सन्तान छन् । हामीलाई सन्तानको रहर पुगिसकेको छ । अब हामी परिवार नियोजनका साधन प्रयोग गर्न चाहन्छौं, तर अप्रेसनबाट दुवै जना डराउँछौं । मलाई उच्च रक्तचापको समस्या पनि छ । अब हामीले कुन साधन अपनाउनु उपयुक्त हुन्छ ?

एस.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

म ३८ सन्तानको रहर पुगिसकेका दम्पतीले परिवार नियोजनको चाहना राख्नु स्वाभाविक हो । तपाईंको उमेर ३८ वर्ष मात्र भएकाले अझै परिवार नियोजनका साधन आवश्यक देखिन्छ भने सन्तान पुगि नै सकेकाले स्थायी साधन अर्थात् बन्ध्याकरण गर्नु नै उपयुक्त हुन्छ । तपाईंका श्रीमान्ले भ्यासेक्टोमी वा तपाईंले मिनिल्याप गर्न सक्नुहुन्छ, यो ठूलो अप्रेसन होइन, त्यसैले डराउनु पर्दैन । त्यस्तै तपाईंले पाठेघरमा राखिने कपर टी पनि प्रयोग गर्न सक्नुहुन्छ, यसले १२ वर्षसम्म प्रभावकारी ढंगले काम गर्ने भएकाले तपाईंका लागि उपयुक्त हुन सक्छ । तपाईंले अन्य साधनहरू जस्तै इन्प्लान्ट (ज्याडेल) तथा डिपो पनि प्रयोग गर्न सक्नुहुन्छ । उच्च रक्तचापको समस्या भएकाले पिल्स (खानेचक्की) प्रयोग नगरेकै राम्रो मानिन्छ । परिवार नियाजनसम्बन्धी प्रत्यक्ष परामर्श लिएर यीमध्ये कुनै साधन रोज्नु बढी उपयुक्त हुनसक्छ ।



विश्वकप-२०१८

# सबैभन्दा खुल्ला समूह

विश्वकप २०१८ को सबैभन्दा ठूलो विशेषता हो, यसमा कुनै त्यस्तो समूह छैन, जसलाई 'ग्रुप अफ डेथ' भन्न सकियोस् अर्थात रूसमा हुने अबको विश्वकपमा कुनै त्यस्तो समूह छैन, जसमा निकै ठूलो अप्रत्याशित नतिजाको सम्भावना होस् । प्रतियोगिताको समूह 'एच' त झन यस्तो समूह हो, जसमा सबै खाले सम्भावना खुल्ला छ । यसलाई प्रतियोगिताकै सबैभन्दा खुल्ला समूह भन हुन्छ, जहाँ समूहका चारवटै टिमको उत्तिकै सम्भावना छ ।

यो समूहमा प्रत्येक टिमले फरक-फरक महादेशको प्रतिनिधित्व गरिरहेका छन् । पोल्यान्ड, सेनेगल, कोलम्बिया र जापान सम्मिलित यो समूहलाई प्रतियोगिताको सबैभन्दा कमजोर समूह पनि भनिएको छ । यो समूहमा शीर्ष वरियताको टिम पोल्यान्ड छ र धेरै अर्थमा पोल्यान्ड यो समूहको सर्वाधिक बलियो टिम पनि हो । यसको एक मात्र कारण पोल्यान्डसँग अहिलेको विश्व फुटबलकै अब्बल दर्जाका स्ट्राइकर रोबर्ट लेवनडोस्की हुनु हो ।




बायर्न म्युनिखका यी खेलाडीले युरोपेली छनौटमा १६ गोल गरेका थिए, जुन छनौट चरणको सर्वाधिक व्यक्तिगत गोल थियो । लेवनडोस्कीको यो उपलब्धिले पनि देखाउँछ, उनी कति राम्रा अग्रपंक्तिका खेलाडी हुन् । उनले जर्मन बुंडेसलिगा क्लब बायर्नका लागि थुप्रै उपाधि जितेका छन्, तर आफ्नो देशका लागि कुनै चमत्कारी प्रदर्शन गर्न सकेका छैनन् । सम्भवतः यसपटक रूसमा हुने विश्वकप उनका लागि अन्तिम अवसर हुनेछ ।

सन् १९८६ को विश्वकप नै त्यस्तो अन्तिम प्रतियोगिता हो, जसमा पोल्यान्ड नकआउट चरणमा पुगेको थियो । त्यसैले प्रश्न रहने छ, के युरोपको प्रतिनिधि रहेको पोल्यान्ड यसपटक दोस्रो चरण पुग्नेछ ? यो समूहको अर्को टिम कोलम्बियाका लागि पछिल्लो विश्वकप निकै सुखद रह्यो । उक्त विश्वकपमा यो दक्षिण अमेरिकी टिम अन्तिम आठसम्म पुगेको थियो । त्यति मात्र होइन, कोलम्बियाका स्टार स्ट्राइकर जेम्स रोड्रिग्वेज प्रतियोगितामा गोल्डेन बुट एवार्ड जित्न समेत सफल रहे ।

कोलम्बिया आफ्नो अनुकुलताका लागि बराबरी खेल्ने खालको टिम पनि होइन । त्यसैले उसले विश्वकपमा खेलेका पछिल्ला १८ खेलमध्ये कुनै पनि खेल गोलरहित बराबरीमा टुंगिएको छैन । यो समूहमा सेनेगलले अफ्रिकाको प्रतिनिधित्व गर्दैछ । यो टिमको नाम आउनेबित्तिकै धेरैले सन् २००२ को विश्वकप सम्झिन्छन् । उक्त विश्वकपमा सेनेगलले तत्कालीन डिफेन्डिङ च्याम्पियन फ्रान्सलाई समूह चरणमै हराएर तहल्का मच्चाएको थियो । यसै क्रममा सेनेगल अन्तिम आठसम्म पुगेको थियो । त्यो नै उसले खेलेको अन्तिम विश्वकप पनि थियो ।

जुन १९
कोलम्बिया-जापान
जुन १९
पोल्यान्ड-सेनेगल
जुन २४
जापान-सेनेगल
जुन २४
पोल्यान्ड-कोलम्बिया
जुन २८
जापान-पोल्यान्ड
जुन २८
सेनेगल-कोलम्बिया



समूहको चौथो टिम जापानले एसियाको प्रतिनिधित्व गर्दैछ र उसले यसपटक छैटौं पटक विश्वकप खेल्दैछ । जापानसँग नकआउट चरण पुगेको अनुभव पनि छ । यस्तोमा जापान पनि समूहबाट अर्को चरणमा पुग्ने उत्तिकै दावेदार टिम हो, तर उसको प्रदर्शनको तथ्यांक भने खराव छ, किनभने जापानले विश्वकपका पछिल्ला ११ खेलमध्ये दुईमा मात्र जित निकालेको छ ।

यस्तोमा प्रश्न उठ्छ, यो समूहबाट अन्तिम १६ मा पुग्ने दुई टिम कुन-कुन हुने हुन त ? यो प्रश्नको जवाफ भने सजिलो छैन, किनभने सबैले भने जस्तै यो समूह विश्वकप २०१७ कै सबैभन्दा खुल्ला समूह हो । यसै कारण यो समूह उत्तिकै रोमाञ्चक हुने सम्भावना पनि छ र यो समूहमा चर्को प्रतिस्पर्धा पनि हुनेछ । सम्भवतः अन्तिम १६ मा पुग्ने दुई टिममा पोल्यान्ड र कोलम्बियाको दाबी सबैभन्दा बढी छ ।

# पाल्पामा खेलकुद पूर्वाधार छैन



अघिल्लो वर्षको जेठमा राष्ट्रिय महिला लिग फुटबल तानसेन टुँडिखेलमा खेलाइयो । फाइनलमा सहभागी रौतहटको महिला टोलीले खेल मैदान प्रति गुनासो गरे । तानसेनजस्तो ठाउँमा फुटबलका लागि मैदान राम्रो भएन, फाइनल भिड्नुअघि रौतहटबाट सहभागी अन्जना रानामगरले प्रतिक्रिया दिएकी थिइन्– यति ठूलो सहरमा पनि पूर्वाधार रहेनछ ।

तानसेनको एकमात्र खेलमैदान टुँडिखेल अन्यत्रको भन्दा केही सहज छ, तर यो मैदान पनि मापदण्डअनुरूप छैन । वर्षायाममा हिलाम्मे हुने उक्त मैदान हिउँदमा धुलाम्मे हुन्छ । गत वर्ष त्यहाँ दुबो त रोपियो, तर मैदानको अवस्था उस्तै छ ।

उक्त मैदान हरेक पटक फुटबल प्रतियोगिता हुँदा मर्मत गर्नुपर्ने हुन्छ । तानसेनमा मात्र होइन, पाल्पाका ग्रामीण भेगका खेलमैदानको पूर्वाधार र संरचना दुवै कमजोर छन् । मदनपोखराको दमकडामा गएको दसैं र तिहारको अवसरमा फुटबल र क्रिकेट दुवै भयो । साताभर फुटबल र क्रिकेट स्पर्धा भएको थियो, तर मैदानको अवस्था भने गतिलो थिएन । मैदानको अवस्था राम्रो नभएपनि दुःख-सुख प्रतियोगिता सञ्चालन गरियो, आयोजक क्लबका संयोजक अच्युत पाण्डे भन्छन्– गाउँमा प्रतियोगिता सञ्चालन गर्नुपर्छ । क्रिकेट अन्तरप्रदेशस्तरीय थियो भने फुटबल खुल्ला प्रतियोगिता थियो । एउटै मैदानमा ती दुवै खेल धुलो, ढुंगा जे भए पनि सम्पन्न भयो ।

तानसेन टुँडिखेलको अवस्था निकै कमजोर छ । हेर्दा नै ओरालो देखिने मैदानलाई सम्याउनु आवश्यक भएको स्थानीय राजेशकुमार अर्यालले बताए । एक मिटर जति खारेर सम्याएर दुबो रोप्ने हो भने मैदान सहज हुन्छ । यही मैदानमा एक दशकयता फुटबल प्रतियोगिताहरू भैरहेका छन् । यस्ता प्रतियोगिता रामपुर, निस्दी, पूर्वखोला, रैनादेवी छहरा आदि स्थानमा समेत हुने गरेको छ । खेलको भौतिक पूर्वाधारका लागि सरकारी र निजी क्षेत्र कसैले पनि सहयोग गरेको छैन । खेल आयोजना हुने बेला खेलाडी र आयोजकले मैदान आफैं मर्मत गर्नुपर्ने बाध्यता छ । तानसेनका खेलाडी अच्युत खनालले खेलाडीको सहयोगमा मर्मत गरेर प्रतियोगिता सञ्चालन गर्नुपर्ने बाध्यता रहेको बताए ।

जिल्लामा फुटबल हुन्छ भने गाउँमा भलिबल बढी हुन्छन् । भलिबल प्रतियोगिता सञ्चालनका लागि पनि पाल्पामा गतिलो पूर्वाधार छैन । जहाँ भलिबल प्रतियोगिता आयोजना गरिन्छ । त्यसका लागि ठूलै जोगाड गर्नुपर्छ । जिल्लामा भलिबल यति धेरै लोकप्रिय छ कि कुनै-कुनै प्रतियोगितामा ४६ टिमसम्म सहभागी हुन्छन् ।

मैदान निर्माण तथा मर्मतका लागि सरकारी पक्षबाट बजेट विनियोजन हुन नसकेको आयोजकहरूको गुनासो छ । तानसेनसहित पाल्पाका कतिपय ग्रामीण भेगमा फुटबल खेल्न मिल्ने मैदान छन् । रामपुर नगरपालिका, कालीगण्डकी बेसी, दमकडा, सराई, रुप्से, झडेवा, अर्गली आदि स्थानमा फुटबलकै लागि पूर्वाधार बनाउन सकिने मैदान छन् । गत वर्ष युवा तथा खेलकुद मन्त्रालयले पाल्पाका खेलकुद मैदानको स्तरोन्नतिका लागि ३ करोड ४८ लाख रुपैयाँ स्वीकृत गरे पनि खर्च हुन नसकेर ९२ लाख ३५ हजार रुपैयाँ फिर्ता भएको थियो ।

माधव अर्याल




# दमक गोल्डकपको उपाधि पुलिसलाई

गोल किपर किरण चेम्जोङ चम्किँदा झापाको दमकमा सम्पन्न दमक गोल्डकप फुटबलको उपाधि नेपाल पुलिस क्लबले चुमेको छ । पुलिसले फाइनलमा मनाङ मर्स्याङ्दी क्लबलाई १-० गोलले पराजित गर्‍यो । उपाधिसँगै पुलिसले नगद १३ लाख ११ हजार रुपैयाँ प्राप्त गर्न सफल भयो भने उपविजेता मनाङले ६ लाख ११ हजार रुपैयाँमा चित्त बुझायो । पुलिसका रेजिन सुब्बाले गरेको एकमात्र गोल खेलको निर्णायक गोल साबित भयो । फाइनलमा पुलिसका अभिषेक रिजाल म्यान अफ द म्याच घोषित भए भने उत्कृष्ट डिफेन्डरमा पुलिसका सन्तोष हेमरम, उत्कृष्ट मिडफिण्डरमा मनाङका सुजल श्रेष्ठ, उत्कृष्ट प्रशिक्षकमा पुलिसका अनन्तराज थापा, उत्कृष्ट फवार्डमा पुलिसका रेजिन सुब्बा, सर्वाधिक गोलकर्तामा ३-३ गोल गरेका आर्मीका नवयुग श्रेष्ठ तथा मदन भण्डारी स्पोर्ट्स एकेडेमीका विदेशी खेलाडी म्याक्स अलावाले र एपीएफका हरि कार्की पुरस्कृत भए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुलिसका गोलकिपर किरण चेम्जोङ घोषित भए । किरणले मोटरसाईकल प्राप्त गरे । किरणले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै पुलिसलाई सिजनको पहिलो उपाधि दिलाए । वैशाख १९ गते प्रारम्भ भएको यो प्रतियोगितामा आयोजकसहित १० टिमको सहभागिता थियो ।

सरोज बस्नेत

# खेलकुदमा कर्पोरेट चासो










कान्तिपुर पब्लिकेसनको आयोजनामा भोलि शनिबार जेठ ५ गते कान्तिपुर हाफ म्याराथन हुँदैछ। नेपाली एथलेटिक्समा यो सर्वाधिक प्रतिष्ठित प्रतियोगितामध्ये एक भएको छ। कान्तिपुरले लगातार आठौं पटक यो प्रतियोगिताको आयोजना गर्दैछ। यसले पनि देखाउँछ, एकातर्फ आयोजक स्वंय यसलाई लिएर गम्भीर छन्। अर्कातर्फ आयोजकको उत्साह बढाउन सहभागीहरूको संख्या पनि उत्तिकै उल्लेखनीय रहँदै आएको छ।

नेपाली एथलेटिक्सका सबै प्रमुख खेलाडीका लागि यो आकर्षक र प्रतीक्षा गरिने प्रतियोगिता भएको छ। प्रत्येकपटक यसको आयोजना हुँदा सबैको चासो हुने गरेको छ, यसले पूर्ण म्याराथनको रूप कहिले लिनेछ ? यति मात्र होइन, यसलाई कहिले अन्तर्राष्ट्रिय रूप दिइनेछ ? आयोजकहरूले कान्तिपुर हाफ म्याराथनलाई भविष्यमा दक्षिण एसियाली स्तरमै पुऱ्याउने दाबी नगरेका पनि होइनन्।

नेपाली खेलकुदमा कर्पोरेट क्षेत्रको योगदानको यो निकै राम्रो उदाहरण हो। विश्व खेलकुदमै निजी क्षेत्रको योगदान सर्वाधिक रहने गरेको छ। अझ भन्ने हो भने खेलकुदका लागि यो अनिवार्य जस्तै छ। कर्पोरेट क्षेत्रको सहयोगविना खेलकुद विरलै अघि बढ्न सक्छ। त्यसैले खेलकुदमा कर्पोरेटको सहभागितालाई जहाँ पनि निकै महत्त्व दिइन्छ। नेपाली खेलकुदमा पनि कर्पोरेट क्षेत्रको कम सहभागितालाई यसको विकास हुन नसक्नुको एउटा कारकका रूपमा लिइएको छ।

नेपाली खेलकुदमा कर्पोरेट क्षेत्रको प्रवेश कहिले भयो भन्ने प्रश्न आफैमा रोमाञ्चक छ र यसको स्पष्ट उत्तर पनि छैन। यसको उत्तर खोज्न तीन-चार दशकअघि फर्कनुपर्ने हुन्छ, जति बेला नेपाली खेलकुदमा अन्तरसंस्थान खेलकुद निकै जोडतोडले हुन्थ्यो। नेपाली खेलकुदका अधिकांश खेलाडी कुनै न कुनै संस्थानमा जागिरे हुन्थे। अन्तरसंस्थान खेलकुद हुँदा ती खेलाडीले आफ्नो संस्थानको प्रतिनिधित्व गर्थे।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा उनीहरूको स्वभाविक सहभागिता हुन्थ्यो। त्यति बेला नेपालमा कर्पोरेट क्षेत्रको सोच अगाडि आएको थिएन, तर कुनै न कुनै रूपमा त्यसको जग बसेको पनि यही बेला हो। त्यति बेला फुटबलमा निकै चर्चित टिम थिए, तत्कालीन शाही नेपाल वायु सेवा निगम र जनकपुर चुरोट कारखाना। देशमा सबै प्रमुख खेलाडी यिनै दुई टिममा आबद्ध थिए। त्यसैले लगभग प्रमुख प्रतियोगितामा यिनै टिम हाबी हुन्थे।

यस्तै तत्कालीन शाही औषधि लिमिटेडले पनि थुप्रै खेलाडीलाई जागिर दिएको थियो। भलिबल र ब्याडमिन्टमा पनि संस्थानहरूको राम्रै पहुँच र सहभागिता थियो। पञ्चायती व्यवस्थाको अन्त्यसँगै नेपाली खेलकुदमा संस्थान खेलकुद पनि हरायो। त्यससँगै ती संस्थाले खेलाडीलाई जागिर दिने चलन पनि अन्त्य भयो। धेरै पछि राष्ट्रिय खेलकुद परिषद्‌अन्तर्गत नै कर्पोरेट खेलकुद संघ गठन भएको थियो। खासै सक्रिय हुन नसकेपछि त्यो पनि खारेजीमा पऱ्यो।

केही वर्षअघि मात्र सरकारी स्वामित्वमा रहेका संस्थान तथा बैंक गरेर २८ संस्था आबद्ध सार्वजनिक संस्थान खेलकुद संघ पनि गठन भएको थियो। उक्त संस्था अहिले पनि राष्ट्रिय खेलकुद परिषद्मा दर्ता छ। त्यसले अहिलेसम्म १० वटा प्रतियोगिताको आयोजना गरेको छ। लगभग प्रत्येक वर्ष यो संस्थाले खेलकुद प्रतियोगिता सञ्चालन गरे पनि यो संस्था शोखिन खेलाडीहरूमै सीमित छ। यसले व्यवसायिक नेपाली खेलाडीहरूलाई आकर्षित गर्न सकेको छैन।

## मिडियाको सहभागिता

कान्तिपुरले हाफ म्याराथनको आयोजना गर्न थालेयता अरू मिडिया हाउस पनि खेलकुदप्रति आकर्षित भएका छन् र यो क्रम बढ्दो छ। अन्नपूर्ण मिडिया हाउसले ०७० देखि अन्नपूर्ण पोस्ट कर्पोरेट ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्ने गरेको छ। पछिल्लो समय यसले अन्तर्राष्ट्रिय सहभागिताको समेत ढोका खोलेको छ।

नयाँ पत्रिका र बाह्रखरी अनलाइन मिडियाले गल्फ प्रतियोगिता सुरु गरेका छन्। यहाँ गल्फ र कर्पोरेट क्षेत्रको बलियो सम्बन्धका विषयमा पनि उल्लेख गर्न आवश्यक हुन्छ। नेपाली कर्पोरेटका प्रमुख र तिनका सहयोगीहरू कुनै न कुनै रूपमा गल्फसँग आबद्ध छन्। अधिकांश बैंकका सीईओ तथा प्रमुखहरू सोखका रूपमा नियमित गल्फ खेल्छन्। त्यसैले पनि मिडियाहरू गल्फको आयोजनाप्रति आकर्षित भएका हुन्।

## गल्फ र कर्पोरेट

भनिन्छ, गल्फ खेल्दाखेल्दै कतिपय व्यवसायिक सम्बन्ध जोडिन्छन् वा विस्तार हुन्छन्। गल्फलाई कूटनीतिक खेलका रूपमा लिइन्छ। ठूलाठूला व्यवसायिक सम्झौताको आधार गल्फ खेल्ने क्रममै तयार भएका उदाहरण धेरै छन्। यो तथ्य नेपाली कर्पोरेट क्षेत्रले पनि राम्रोसँग बुझेको छ। त्यसैले त नेपालमा प्रत्येक साता सोखिन खेलाडीहरूबीच कुनै न कुनै गल्फ प्रतियोगिता भैरहेकै हुन्छ।

गोकर्ण र एयरपोर्टको गल्फ कोर्समा प्रत्येक साता जस्तो प्रतियोगिता भैरहेका हुन्छन् र त्यसमा सहभागी हुने अधिकांश खेलाडी उद्योगपति, व्यवसायी एवं माथिल्लो वर्गका बैंकर्स हुने गरेका छन्। नेपालका लगभग सबै प्रमुख हल्का पेय पदार्थ, मदिरा उत्पादक, बैंक, उड्डयन कम्पनी, होटल तथा अरू व्यवसायिक संस्थाहरूले कुनै न कुनै साता गल्फ प्रतियोगिता आयोजना गर्ने गरेका छन्। यस्ता आयोजनाले व्यवसायिक खेलाडी उत्पादन गर्न मदत मिलेको उदाहरण पनि उत्तिकै छन्।

## फुटबल र क्रिकेट

क्रिकेट र फुटबलमा कर्पोरेट टिमहरू आपसमा मिलेर प्रतियोगिता गर्ने र सहभागी हुने गरेका छन्। यस्ता प्रतियोगिताले बृहत् रूप भने पाएका छैनन्। क्रिकेट केही स-साना प्रतिस्पर्धामा सीमित छ भने केही इन्डोर प्रतियोगितामा खुम्चिएका छन्। यस्तै फुटबल फुटसलतर्फ मोडिएको छ। प्रत्येक साता फुटसलको कुनै न कुनै प्रतियोगिता भैरहेकै हुन्छ र त्यसमा कर्पोरेट क्षेत्रको राम्रै सहभागिता रहने गरेको छ।

फुटबलमा कर्पोरेटको आयोजनामा धेरै ठूलो प्रतियोगिता भएको छैन। मिडिया हाउसबीच समय-समयमा प्रतियोगिता हुन्छ। क्रिकेटतर्फ केही वर्षअघिसम्म सोल्टी होटलले सुपर-सिक्स क्रिकेट प्रतियोगिता आयोजित गर्थ्यो। यसमा लगभग सबै प्रमुख कर्पोरेट कम्पनीको सहभागिता हुन्थ्यो। प्रत्येक टिमले आफ्ना कर्मचारी मात्र नभएर निश्चित संख्यामा व्यवसायिक खेलाडी राख्ने पनि तय भएको थियो, तर अहिले यो प्रतियोगिता सञ्चालन हुन सकिरहेको छैन।

विश्व क्रिकेटको पछिल्लो स्वरूप ट्वान्टी-२० क्रिकेटको संस्कृति पनि कर्पोरेट क्षेत्रसँग खुबै मेल खान्छ। त्यसैले पनि दुवै एक-आपसमा खुबै मिल्ने गरेका छन्। यसकै उदाहरण नेपालमा पनि तयार भैसकेको छ। नेपालमा ट्वान्टी-२० क्रिकेटका दुई ठूला प्रतियोगिता छन्, एभरेस्ट प्रिमियर लिग तथा धनगढी प्रिमियर लिग। दुवै प्रतियोगितामा सहभागी हुने प्रमुख टिम कर्पोरेट क्षेत्रकै हुन्। कर्पोरेटकै आगमनका कारण खेलाडीहरूको लिलामी पनि सम्भव भएको छ।

## स्क्वास

नेपालमा स्क्वास खासै लोकप्रिय छैन। यसमा सहभागी खेलाडीको संख्या हेरेर पनि यस्तो दाबी गर्न सकिन्छ, तर दक्षिण एसियाली स्तरमा स्क्वासमा नेपालको चुनौती राम्रै मानिन्छ। सिभिल बैंकले स्क्वास प्रतियोगिताको आयोजना गर्ने गरेको छ र त्यसको नाम छ– सिभिल बैंक ओपन स्क्वास च्याम्पियनसिप। केही बैंकले समय-समयमा स्क्वासकै नजिकको टेनिसका प्रतियोगिता पनि सञ्चालन गर्दै आएका छन्।

मुक्त आकाश

# आफूले बनाएको घेरा



अविरल थापा

तपाईं आफू कुन स्तरको मानिस हो भनेर थाहा पाउन मन लाग्छ भने आफूले नियमित संगत गर्ने चारजना मानिसलाई हेर्नुपर्छ । स्तर भन्नाले सामाजिक, आर्थिक, शैक्षिक, बौद्धिक जे पनि हुन सक्छ । आक्कल-झुक्कल जसले जो जसलाई पनि भेटघाट र सम्पर्क गर्ला तर अक्सर कामकाज र उठबस गरिरहने मानिसहरूका सोच र कार्यशैली मिल्दाजुल्दा नै हुन्छन् ।

कसैले कसैसँग त्यसै संगत गर्दैन । हामी भन्छौं नि, यो त मेरो बच्चैदेखि संगत गरेको साथी । यसको आन्द्राभुँडी थाहा छ । यसले मेरो हानि गर्दैन । हामी बच्चाबच्चीलाई पनि सिकाउँछौं– गतिलाको संगत गर् है गतिलाको, नत्र बाटो बिराउलास् । को गतिलो को अगतिलो ? छुट्याउन गाह्रो छ । कुन मानिसले कस्को संगत गर्छ भन्ने कुरा उसको स्वभाव, चरित्र, चालचलन, हुर्काइ, चेतना आदि अनेक कुरामा निर्भर हुन्छ । हामी आफ्नो वरपर हेर्‍यौं भने पनि देख्छौं नि, चोरको साथी चोर नै हुन्छ, विद्वान्को साथी विद्वान् नै हुन्छ । मानिसलाई बानी र संगत फेर्न गाह्रो हुन्छ । कहिलेकाहीं लहैलहैमा लागेर असलले पनि खराबको संगत गर्न सक्छ, फटाहाले सज्जनको संगत गर्न पनि सक्छ । संगतले सकारात्मक वा नकारात्मक असर पार्न थाल्छ । चोर-चोर मिले भने चोर्ने योजना बनाउन थाल्छन्, सज्जन मिले भने कसरी राम्रो काम गर्ने भन्ने सल्लाह गर्छन् । जँड्याहाका साथी जँड्याहा, जुवाडेका साथी जुवाडे, नेताका साथी नेता, अभिनेताका साथी अभिनेता । मानिसले आफूले गर्ने पेसाका आधारमा पनि संगत गर्नैपर्ने हुन्छ, तर त्यसमा पनि आफ्नो हैसियत अनुसारकोसँग मात्र संगत र हेलमेल बढाउँछ । हरेक पेसामा विभिन्न तह र तप्काका मानिस हुन्छन् । चोरका पनि तह हुन्छन् । कोही घर फोर्ने योजना बनाउँछन्, कोही देशकै ढुकुटी फोर्ने योजना बनाउँछन् । गल्लीको चियापसलमा बसेर गफ र तानाबाना बुन्नेदेखि लिएर तारे होटलमा बसेर तिकडम गर्नेहरू पनि उत्तिकै हुन्छन् ।

यहाँ हरेक चोक-चोकमा नियमित संगत गर्ने पाँच-सात जनाको झुन्ड हुन्छ । कामअनुसार फरक-फरक समयमा संगत गर्ने अलग-अलग समूह पनि हुन सक्छ । कुनै बिहान मर्निङ वाक वा क्लबमा मात्र भेट्ने समूह हुन्छ, कुनै कार्यालयमा खाजा खान वा घुम्न जाने समूह हुन्छ । कुनैचाहिँ हरेक साँझ काम सकिएपछि चिया वा रक्सी खाने समूह हुन्छ । नियमित भेट्ने समूहलाई यस्तो एउटा भ्रम हुन्छ कि हाम्रो जस्तो समूह त कसैको छैन, हामीले पायौं भने देशकै कायापलट गरिदिन्थ्यौं । यस्तो गर्नुपर्ने उस्तो गर्नुपर्ने, यो भएन त्यो भएन, अरूका नानाभाँती चिरफार र आलोचना गर्न पोख्त हुन्छ यस्तो हरेक समूह । यदाकदा यात्रामा जाँदा आफ्नो उमेरभन्दा ठूलोसँग संगत गरेर माथि जान खोज्ने र आफूभन्दा सानोसँग संगत गरेर जवान र ऊर्जाशील हुन खोज्ने मानिसहरू पनि भेटिन्छन् । ठूला नाम कहलिएका मानिससँग संगत गर्न पाए हुन्थ्यो भन्ने सोच प्रायः धेरैको हुन्छ । एक-दुईचोटि भेट्नु र संगत नै गर्न थाल्नु फरक कुरा हो ।

एक-अर्काको स्वार्थ नमिली मानिसले कसैको संगत गर्दैन । स्वार्थ भावनात्मक, आर्थिक, कार्यगत जे पनि हुन सक्छ । संगत गर्न कुरा र सोच मिल्नुपर्छ । चाँडै धनी हुने र ठूलो मानिस बन्ने सपनामा फटाहाको संगत गरेर भड्खालोमा पर्ने सोझा र असल मानिस पनि उत्तिकै हुन्छन् । संगत पनि एक प्रकारको नशा नै हो । सधैं भेटेर एक-अर्काको कुरा सुन्दा, आफ्नो कुरा राख्न पाउँदा मानिसलाई एक प्रकारको तुष्टि मिल्छ । संगत गरेका साथीभाइसँगै व्यक्तिगत गुनासा, पीर-व्यथा, हाँसोखुसी पनि साटिन्छन् । समान दुख भोगेका, सँगै संघर्ष गरेका, अभावमा भेटिएका, सँगै पढेका, काम गरेका, समान पारिवारिक स्थिति र भूगोलबाट आएका, रहनसहन, लवाइखुवाइ मिल्नेहरू अक्सर एक-अर्काको संगतमा हुन्छन् । आफ्नो समूह छोडेर तुरुन्तै अर्को समूहमा जान गाह्रो हुन्छ, किनभने कसको पृष्ठभूमि के हो र कसले कसरी लिन्छ थाहा पाउन गाह्रो हुन्छ । अर्को समूहमा गएर आफूलाई स्थापित गर्न समय लाग्छ, कतिपय कुरा मन खोलेर भन्न सकिँदैन, त्यसैले जस्तोसुकै भए पनि आफ्नो समूह आफ्नो संगत छोड्न जो-कसैले सक्दैन । उदाहरणका लागि यहाँ गीत-संगीतमा लागेकाहरूको आफ्नै समूह छ, चलचित्र बनाउनेहरूको आफ्नै समूह छ, पत्रकारका आ-आफ्ना समूह छन् । आफूलाई महान् खतरा अरूलाई खटारा मान्ने रोग धेरैमा हुन्छ । बाठा र चतुर मानिसहरू अनेक तिकडम लगाएर शक्तिशाली र पहुँचवालाको संगत गर्दै आफ्नो हैसियत बढाउन र स्वार्थ पूरा गर्न सिपालु हुन्छन् । कसको संगत गर्‍यो भने कहाँ कतिबेला के फाइदा हुन्छ भनेर दिमाग लगाउनेहरू र काम परेका बेला मात्र चिप्लो घस्दै संगत गर्ने स्वार्थका खेलाडीहरू पनि उत्तिकै हुन्छन् ।

खैर जे भए पनि हामी जो जहाँ छौं, एकफेर आजसम्म आफूले घेरा बनाएका मानिसहरू के-कस्ता छन् हेरौं । संगतले आफू बिग्रिरहेको छु कि सप्रिरहेको छु विचार गरौं । संगत गुनाको फल ढिलो चाँडो सबैले पाउँछन्, यत्ति हो कि आफ्नै जिन्दगी आफ्नै घेराबन्दीमा नपरोस् ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa


VACANCY ANNOUNCEMENT
MSI Pvt. Ltd. कम्पनी बिस्तारको लागि विभिन्न पदमा कर्मचारीहरुको तुरुन्त आवश्यकता
संख्या: 12-Female / 5-Male
पद
•Receptionist : 2 (Female)
•HRA : 2 (Female)
योग्यता: SLC, +2-Above
तलब: 10,000/- (योग्यता अनुसार Fix Salary)
सुबिधा: TA+संचयकोष, Permanent को Change
MSI Pvt. Ltd. Company
सामाखुशी / चाबहिल
9809403955, 9843197516
नोट: +2 दिएर बसेकोलाई विशेष ग्राहयता







# हीराले जितिन् भैंसी सुन्दरीको उपाधि



सुनसरीको इटहरीमा सञ्चालित भैंसी सुन्दरी प्रतियोगिताको उपाधि हीरा नाम गरेको भैंसीलाई प्रदान गरिएको छ । ३८ वटा भैंसीलाई उछिन्दै मिठुमाया कार्कीले पालेको हीरा भैंसीले उक्त उपाधि प्राप्त गरेकी हुन् । वातावरण तथा पर्यावरण संरक्षण केन्द्र इटहरीले आयोजना गरेको यो प्रतियोगिता भैंसी पालक किसानहरूलाई प्रोसाहित गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो । प्रतियोगितामा नरबहादुर कार्कीले पालेको चम्पा भैंसीले दोस्रो तथा वेधनिधि दाहालको काली नामकी भैंसीले तेस्रो स्थान प्राप्त गरे ।

प्रतियोगितामा विजयी सबै भैंसीको बिमासमेत गराइएको छ । राष्ट्रिय भैंसी अनुसन्धान केन्द्रका भैंसी वैज्ञानिक पवनकुमार झा, जिल्ला पशुसेवा कार्यालयका प्रमुख डा. शिवनाथ महतो, डा. विष्णुप्रसाद कुसवाहा तथा प्राविधिक राजेश पौडेलको निर्णायक टोलीले प्रतियोगी भैंसीको जाँच गरी उत्कृष्टताका आधारमा विजेता छनौट गरेका हुन् ।

नरेन्द्र बस्नेत

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।